# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत सेती अञ्चलको दुगर्म पहाडी जिल्ला बझाङको थलारा क्षेत्र पर्दछ । अनकन्टार खौचहरू झाङ्ग, गगनचुम्वी पहाड अवस्थित यस जिल्लाको आफ्नै महत्व रहेको छ । सेती अञ्चलको सबैभन्दा उत्तरमा पर्ने पहाडी जिल्ला ३४४२ कि.मि. क्षेत्रफल भएको जिल्ला हो । यस जिल्लाको उत्तरमा जुम्ला र चीनको स्वशासित क्षेत्र तिब्वत, पूर्वमा बाजुरा, दक्षिणमा डोटी र पश्चिममा वैतडी र डडेल्धुरा रहेको छ । यस जिल्लामा ४७ गा.वि.स. रहेका छन् । एघार वटा इलाका दुईवटा संसदीय निर्वाचन क्षेत्र रहेका यस जिल्लामा थलारा क्षेत्र विशिष्ट क्षेत्रका रूपमा चिनिन आएछ ।

बझाङ जिल्लाको थलारा क्षेत्रका प्रचलनमा रहेका मागलगीत शुभकार्यसँग सम्बन्धित रहेको पाइन्छ । कुनै पनि शुभकार्य गर्दा थलारा क्षेत्रमा मान्छेका जीवनमा षोडशकार्य भित्र पर्ने जस्तै विवाह, जन्म, व्रतबन्ध जस्ता कार्यहरू गर्दा आफूले गरेको कार्य शुभहोस वा सफल होस भन्नका लागि कन्या वा बूढी आइमाइले गाउने गीतलाई मागलगीत भनिन्छ । मंगल शब्दबाट मागल शब्दको व्युत्पत्ति भएको हो । मागलगीतको वास्तविक अर्थ शुभ वा सफल होस वा मंगल होस भनी गाइने गीत हो । मागल गीत गाउने महिलालाई मग्ल्यारी भनिन्छ । यो परम्पराबाट चलिआएको रीतिरिवाजमा अवस्थित छ । यसमा पुराण, धर्मसंस्कृति समाज आदि विभिन्न कुराहरूले स्थान पाएको हुन्छ ।

बझाङ जिल्लाको थलारा क्षेत्रमा विभिन्न शुभकार्य प्रारम्भ गर्दा बालक जन्मदा, यज्ञभूमि पोत्दा, प्रदेशगमन गर्दा, विवाह, व्रतबन्ध र देवस्तुति गर्दा मागलगीत गाउने गर्दछ । सामाजिक संस्कारमा मागलहरू कुनै पुस्तकमा पत्र पत्रिकाको रूपमा

सङ्कलित नरहेर एक पुस्ताबाट अर्को पुस्तालाई हस्तान्तरण वा मौखिक हस्तान्तरण गर्ने परिपाटी रहेको छ । कारुणिक लयमा लामो भाका हालेर गाइने मागलहरू लोकगीत अर्न्तगत राखिएको पाइन्छ । अर्को शब्दमा सगुन गीत वा संस्कार सम्बन्धी कुनै कार्य गर्दा त्यो सफलता पूर्वक सम्पन्न होस भनेर गाइनेगीत नै मागल हुन् ।

मागलगीत लोकजीवनकै समग्र पक्षपक्षान्तरहरूको प्रतिविम्ब भएको हुनाले यसमा लोकजीवनका संस्कार परम्परा दुःख सुख रीतिरिवाज जीवन भोगाइका अनुभवहरू कोक्रोदेखि चिहानसम्मको कर्तव्य परापणता, प्रेमको अमरता सफल गृहिणीले अप्न्याउनु पर्ने भूमिका स्वर्गको परिकल्पना र धर्तिको अतिरञ्जनाहरूलाई मानवीय रूप दिए । मागलमा प्रस्तुत गरिएको हुन्छ । मागलहरू कुनै समाजको लागि नवीन नभएर पुर्खाले आर्जेको सम्पत्ति हो, जुन मानव सृष्टिसँगै अङकुराई पुष्पित र पल्लवित हुँदै कर्म विधिसँग गाउँदै आएको कहिले नओइलाउने मानवको भावकुञ्ज हो । यिनै सास्कृतिक तत्त्वले युक्त बझाङमा प्रचलित मागलगीतहरूको अध्ययन गर्न प्रस्तुत शीर्षक चयन गरिएको हो ।

## १.२ शोधसमस्या

कुनै पनि अध्ययनमा संलग्न रहनु आफैमा कठिन कार्य वा समस्या हो । थलारा क्षेत्रको पूर्वकालीन लोकपरम्परालाई सामान्य स्तरमा भए पनि लिखित रूपमा सङ्कलन गरी जनसमक्ष प्रस्तुत गर्न शोधकार्य पक्कै पनि सजिलो मान्न सकिन्न । भावी पिढीहरूको निम्ति त्यहाँको ऐतिहासिक धरोहरलाई सर्वसाधारण समक्ष पुऱ्याई मौखिक स्तम्भहरूलाई संरक्षण गर्न प्रेरित गर्नुपर्ने भएकाले यस प्रकारको कार्य आफैमा एक समस्या हो । लोकसाहित्यको विभिन्न प्रकारका लतालहराहरूले लहरिएको देउराली रूपी सुदूरपश्चिमाञ्चल अन्तर्गत बझाङ जिल्लाको थलारा क्षेत्रमा प्रचलित माङ्गलिक कार्यहरूमा गाइने शुभगीतहरू मध्ये मागलगीतको अध्ययन र शोधखोज हालसम्म विस्तृत रूपमा कसैबाट पनि नभएकाले शोधपत्र तयार पार्ने प्रयत्न गरिएको छ ।

यस शोत्रपत्रका प्रमुख शोध समस्याहरू पनि निम्न लिखित निर्धारण गरिएको छ :

क) बझाङ थलारा क्षेत्रका के कस्ता पर्व र अवसरमा मागलगीत गाइन्छन् ?

ख) बझाङी थलारा क्षेत्रका मागलगीतलाई के कति वर्गमा विभाजन गर्न सकिन्छ ?

ग) बझाङी थलारा क्षेत्रका मागलगीतका प्रमुख कथ्य के के हुन् र तिनको संरचना के कस्तो छ ?

## १.३ शोधको उद्देश्य

हरेक अनुसन्धानमूलक अध्ययनको कुनै न कुनै उद्देश्य हुनु स्वभाविकै हुन्छ । बझाङ थलारामा परापूर्वकालदेखि प्रचलितमा आएका मागलगीतको विशेष अध्ययन अनुसन्धान गर्ने क्रममा निम्न लिखित उद्देश्यहरू निर्धारण गरिएका छन्:

क) बझाङ जिल्ला थलारा क्षेत्रमा गाइने मागलहरूको चिनारी दिई गाइने अवसरको बारेमा उल्लेख गर्नु ।

ख) बझाङ जिल्लाको थलारा क्षेत्रमा प्रचलित मागलगीतहरूलाई सङ्कलन सहित वर्गीकरण गर्नु ।

घ) बझाङ जिल्लाको थलारा क्षेत्रका मागलगीतकोसंरचना स्पष्टयाउने ।

## १.४ पूर्वकार्यको विवरण

बझाङ जिल्लाको थलारा क्षेत्रमा प्रचलित मागलहरूको बारेमा आज सम्म कसैले अध्ययन गरेको पाइँदैन, तापनि राष्ट्रिय सन्दर्भमा चर्चा गरिएका मागलगीत सम्बन्धी अध्ययन प्रसङ्गहरू र बझाङ जिल्लाको लोकसाहित्य सम्बन्धी अध्ययन यहाँ पूर्वकार्यका रूपमा चर्चा गरेका छन्:

विभिन्न विद्वान्हरूबाट मागलका विषयमा धरेथोरै अध्ययन भएको पाइन्छ । लोकसाहित्य तथा मागलका बारेमा अध्ययन गर्ने क्रममा देवकान्त पन्तले ‘डोटेली

लोकसाहित्य' (एक परिचय) २०३२ मा लोकसाहित्यका धमारी, चैत, दुस्को, फाग, सगुन, चाँचरी, आदिका वारेमा प्रकाश पार्दै मागललाई सगुन भनेर महिलाहरूले गाउने विशेषगीतका रूपमा प्रस्तुत गरेका छन् । डोटेली लोकसाहित्यमा चार खण्डमा विभाजित भएको छ र पहिलो खण्डमा लोकसाहित्य भित्रको मागल, सगुन फागको वारे चर्चा परिचर्चा गरेको पाइन्छ । सगुन, फाग, डोटेली साहित्य भित्र पर्दछ भनी चिनाएका छन् । तर बझाङ थलारा क्षेत्रका मागलका वारेमा केही पनि उल्लेख गरेका छैनन् ।[१]

पूर्ण प्रकाश नेपाल 'यात्री' को सेती अञ्चल वर्णन र यात्रा अर्न्तगत 'सेतीको नालीबेली २०३५' मा सेती अञ्चलको जनजीवन र लोकसंस्कृति सम्बन्धी विशेष चर्चा गरेका छन् । त्यस क्रममा बझाङ जिल्लाको संस्कृति, सामाजिक तथा लोकजीवनमा विविध पक्षको उल्लेख गरिए पनि थलारा क्षेत्रका मागलको वारेमा केही उल्लेख गरेका छैनन् ।[२]

२०४४ सालमा तेजप्रकाश श्रेष्ठले 'अछामी लोकसाहित्य' भन्ने पुस्तकमा त्यहाँका लोकगीतको चर्चा गर्दै पश्चिम नेपाल अधिकांश लोकगीतको लय मन्द गतिका हुन्छन् । चर्काचर्की र घटीबढी हुदैनन् वरु एकनाससँग एकै गतिमा तराईको नदीको पानी झैं मन्द मन्द बगिरहन्छ भनेर डेउडागीतको चर्चा गरेका छन् भने मागलगीतको भने  केही चर्चा गरेका छैनन् ।[३]

जयराज पन्तले 'अञ्जुली भरी सगुन र पोल्टा भरी फाग २०५४' मा मागललाई मग्ल्यारीद्वारा गाइने गीत अर्थात् जन्मदेखि विवाह सम्मका अनुष्ठान, उपवास, पूजापाठ, व्रत आदि संस्कारमा गाइने गीत भनेर मागलको परिभाषा दिएका

[१] देवकान्त पन्त, *डोटेली लोकसाहित्य (एक परिचय),* काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३२ ।

[२] पूर्ण प्रकाश नेपाल 'यात्री', *सेतीको नालीबेली,* विराटनगर: हिमाली सौगात प्रकाशन, वि.सं. २०३५ ।

[३] तेजप्रकाश श्रेष्ठ, *अछामी लोकसाहित्य,* काठमाडौं: रत्नपुस्तक भण्डार, वि.सं. २०४४ ।

छन् । उनले डोटेली मागलका बारेमा व्याख्या गरे पनि बझाङमा प्रचलित मागलको बारेमा केही उल्लेख गरेका छैनन् ।[४]

राम प्रसाद उपाध्याय (२०५५) ले 'बझाङी डेउडागीतको अध्ययन' शोधपत्र स्नातकोत्तर तहमा बझाङी डेउडागीतको अध्ययन गर्ने क्रममा बझाङी डेउडागीतको अध्ययन गरेका छन् भने मागलगीतको उल्लेख गरेका छैनन् ।

प्रेमराज जैशीको 'बझाङी धमारीको अध्ययन शोधपत्र (२०५८) मा बझाङ जिल्लाका प्रचलित धमारीको शोधखोज गरे पनि बझाङ थलारा क्षेत्रका मागलगीतको अध्ययन गरेका छैनन् ।

चूडामणि बन्धु 'नेपाली लोकसाहित्य २०५८' प्रस्तुत कृतिमा लोकसाहित्यको परिचय, लोकवार्ता, प्रारम्भ र विकास, लोकसाहित्यको अध्ययन परम्परा, लोकगति, नेपालीका सामान्यगीतहरू लोकसाहित्यको अध्ययन पद्धति लोकसाहित्यको क्षेत्रकार्य नेपलीका विशेषगीतहरू, नेपाली लोककविता लोकगाथा र लोककाव्य, लोकनाटक, कथा, पहेली उखान टुक्का गरी जस्ता सत्र परिच्छेदमा विभाजन गरिएको छ । यस कृतिमा फागलाई विशेषगीतका रूपमा राख्ने काम भएको छ । त्यसमा धार्मिकगीतहरू, संस्कारगीतहरू, पर्वगीतहरू, श्रमगीतहरु श्रृखलाहरूमा विभाजन गरिएको छ । त्यसअन्तर्गत मागल, महाल र सगुन रत्यौली, आशिका र करातजस्ता भेदहरूको परिचय सामान्य रूपमा दिइएको छ ।[५]

विष्णुभक्त उपाध्यायले 'बझाङ थलाराका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण शोधपत्र २०५८ मा बझाङ थलाराका फाग तथा लोकगाथाको वारेमा अध्ययन गरे पनि थलारा क्षेत्रमा मागलगीतलाई समेट्न सकेको छैनन् ।[६]

---

[४] जयराज पन्त, *अञ्जुली भरी सगुन र पोल्टा भरी फाग,* काठमाडौँ: ने.रा.प्र.प्र., वि.सं. २०५४ ।

[५] चूडामणि बन्धु, *नेपाली लोकसाहित्य,* काठमाडौँ: एकता बुक्स्, वि.सं. २०५८ ।

[६] विष्णुभक्त उपाध्याय, 'बझाङ थरालाका प्रमुख फागहरूको सङ्कलन र विश्लेषण' अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, वि.सं. २०५८ ।

बझाङ जिल्लाकै लोकसाहित्य अर्न्तगत गाउँखाने कथा तथा भुओगीतको अध्ययन भएको पाइन्छ । गोकुलराज जोशी 'बझाङ जिल्लाका गाउँखाने कथाको अध्ययन' २०५९ शोधपत्र गरे तापनि बझाङ जिल्लाको थलारा क्षेत्रको मागलगीतलाई समेट्न सकेको छैन ।[७]

हितराज जोशी 'बझाडी संस्कृतिमा भुओगीतको अध्ययन शोधपत्र २०६१' बझाङ भुओगीत, गाउँखाने कथा लगायत डेउडा गीतको अध्ययन भए पनि थलारा क्षेत्रका मागलगीतको विस्तृत रूपमा मागलगीतको अध्ययन भएको छैनन् ।[८]

विर्खराज सोती बझाङका मागलहरूको अध्ययन (२०६२) स्नातकोत्तर नेपाली शोधपत्र नेपाली केन्द्रीय विभागमा बझाङ जिल्लाका मागल गीतको अध्ययन गरेता पनि थलारा क्षेत्रका मागल गीतको संकलन र अध्ययन गरेको पाइदैन ।[९]

विष्णु बहादुर दौल्याल 'बझाङ थली- नौविसमा प्रचलित मागलहरूको अध्ययन' स्नातकोत्तर नेपाली शोधपत्र नेपाली केन्द्रीय विभाग (२०६५) मा थली नौविस क्षेत्रका प्रचलित मागलबारे अध्ययन गरेका छन् ।[१०]

यसरी बझाङ जिल्ला थलारा क्षेत्रका प्रचलित मागलगीतको बारेमा छुट्टै अध्ययन र अनुसन्धान भएको पाइँदैन । आंशिक रूपमा मागलहरूको अध्ययन भएको देखिएता पनि बझाङ जिल्लामा केन्द्रित भएर त्यहाँका धर्म, कर्म समाज संस्कृति रीतिस्थिति चालचलन सँग भित्रै ओझेलमा परेर छिपेर रहेका मागलगीतको सङ्कलन, अध्ययन, वर्गीकरण हालसम्म कसैले पनि पूर्णताका साथ गरेको पाइँदैन ।

[७] गोकुलराज जोशी, 'बझाङ जिल्लाका गाउँखाने कथाको अध्ययन', अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, वि.सं. २०५९ ।

[८] हितराज जोशी, 'बझाडी संस्कृतिमा भुओगीतको अध्ययन', अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, वि.सं २०६१ ।

[९] विर्खराज सोती, 'बझाङका मागलहरूको अध्ययन', अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, वि.सं. २०६२ ।

[१०] विष्णु बहादुर दौल्याल 'बझाङ 'थली-नौविसमा प्रचलित मागलहरूको अध्ययन', अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर, वि.सं. २०६५ ।

## १.५ शोधको औचित्य

बझाङ जिल्लाको थलारा क्षेत्रमा प्रचलित मागलहरूको सङ्कलन, अध्ययन, वर्गीकरण आजसम्म कसैले पनि नगरेको हुँदा यो अध्ययन आफैंमा औचित्यपूर्ण देखिन्छ । यसबाट बझाङ जिल्ला थलारा क्षेत्रमा प्रचलित मागलहरूको सङ्कलन हुन गई तिनको संरक्षण पनि हुने र थलारा क्षेत्रमा प्रचलित विभिन्न लोकगीतका भेद उपभेदका बारेमा जान्न चाहने जो कोहीलाई पनि प्रत्यक्ष अवसर मिल्ने छ । नेपालको विभिन्न भागमा प्रचलित विभिन्न प्रकारका मागलहरूको तुलनात्मक अध्ययन गर्न खोज्ने र उक्त जिल्लाको थलारा क्षेत्रमा रहनसहन दुःख सुख, पीडाका क्षण, शान्ति, हर्ष, विस्मात, छैट व्रतबन्ध विवाह कुनै पनि शुभकार्य अन्तर्गतका शुभकार्यहरूमा प्रचलित क्षेत्रका भाषाभाषिहरूको अध्ययन गर्न खोज्ने व्यक्तिलाई एवं लोकसाहित्य विषयको अध्ययन अनुसन्धान गर्ने पाठक अनुसन्धाताहरूलाई पनि यसले थप जानकारीका निम्ति सहयोग गराउने हुँदा यस शोधको औचित्य स्वतः सिद्ध हुन्छ ।

## १.६ सामग्री सङ्कलन तथा विश्लेषण

### १.६.१ सामग्री सङ्कलन

प्रस्तुत शोधपत्र तयार पार्न सम्बन्धित जिल्लाको थलारा क्षेत्रमा गई प्रत्यक्षावलोकन गरी, त्यहाँको स्थानीय कार्यहरू मध्ये षोडशकर्म भित्र पर्ने जन्म, न्वारन, छैट, पास्नी, चुडाकर्म, विवाह एवं त्यस्तै देवी देवताका मन्दिरमा पूजागर्दा शुभकार्य गर्ने गरिन्छ । ती कार्यहरूमा मागल गाउने प्रचलन भएको हुँदा मागलगीत गाउने अनुभवी गायक, बुढापाकासँग बसी उहाहरूले भने बमोजिम सामग्री सङकलन गरिएको हो । यी मागलगीत सङ्कलन बझाङ जिल्ला थलारा क्षेत्रका कोटभैरव र कोइराला कोट गा.वि.स. बाट सङ्कलन गरिएको हो । गायक मण्डली कोटभैरव - ५ भाटगाउँकी विरमादेवी भट्टराई, राजमती देवी भट्टराई, लक्ष्मीदेवी भट्टराई, कमलादेवी भट्टराई, कोटभैरव- ६ गुगै गंगादेवी पाण्डेय, मन्धरीदेवी पाण्डेय र हिरन्ड जैशी (फुलारा) कोटभैरव- २ पिखेलबाट जुनादेवी रोकाया, कोइराला कोट- ८, देवस्थलीबाट

महेश्वरादेवी भट्ट, कोइरालाकोट- ३, घोडघाउना किस्नादेवी उपाध्यायबाट सङ्कलन गरिएको छ ।

### १.६.२ विश्लेषण विधि

प्रस्तुत शोधकार्यमा क्षेत्रकार्यबाट सङ्कलन गरी ल्याइएका सामग्रीको परिचय, वर्गीकरण र विश्लेषण गरिएको छ । यस क्रममा विश्लेषणात्मक पद्धति प्रयोग गरिएको छ ।

## १.७ शोधपत्रको अध्ययन क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रको भौगोलिक क्षेत्र सुदूरपश्चिमाञ्चल अन्तर्गतको बझाङ जिल्लाको थलारा क्षेत्र रहेको छ यसमा थलारा क्षेत्रका प्रचलित शुभगीतहरू मध्ये मागलगीत मात्र सङ्कलन र अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखालाई व्यवस्थित ढङ्गबाट पुरा गर्न निम्न लिखित मूल शीर्षक र आवश्यकता अनुसार उपशीर्षक समेत राखी अध्ययन गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : बझाङ थलारा क्षेत्रको परिचय

तेस्रो परिच्छेद : बझाङ थलारा क्षेत्रमा प्रचलित मागलको सामान्य परिचय

चौथो परिच्छेद : बझाङ थलारा क्षेत्रमा जन्म र व्रतबन्ध सम्बन्धी मागलगीतको सङ्कलन र अध्ययन

पाँचौ परिच्छेद : बझाङ थलारा क्षेत्रमा विवाह र देवी देवता सम्बन्धी मागलगीतको सङ्कलन र अध्ययन

छैटो परिच्छेद : उपसंहार

परिशिष्ट

सन्दर्भग्रन्थ सूची

# परिच्छेद दुई
# बझाङ थलारा क्षेत्रको परिचय

## २.१ बझाङ जिल्लाको परिचय

सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अर्न्तगत सेती अञ्चलको दुर्गम पहाडी जिल्ला बझाङको 'थलारा' क्षेत्र ऐतिहासिक रूपमा चिनिदै आएको छ । अनकन्टार खोचहरू, झाङहरू र गगन चुम्वी पहाड अवस्थित यस क्षेत्रको आफ्नै महत्व रहेको छ । उत्तरमा बनजंगल र हिमाली क्षेत्रका कारण जनसंख्या नगन्य नै रहेको छ । सेती नदीद्वारा सिञ्चित फाँटहरूमा जनघनत्व बढी छ । दुईवटा संसदीय निर्वाचन क्षेत्र र ४७ वटा गा.वि.स. रहेको यस जिल्लाको सबैभन्दा प्रख्यात क्षेत्र थलारा हो । उक्त क्षेत्रलाई बाइसी चौविसे राज्यको पालामा थलारी राज्य भनेर चिनिन्थ्यो । वरिपरि डाँडा काँडा भएको बीचमा खेती योग्य जमिन र वीच वीचमा खोला नाला भएको यो क्षेत्र रमणीय छ । पृथ्वी नारायण शाहले राज्य एकीकरण गर्ने क्रममा त्यहाँका राजा कल्की नारायण सिंह थिए । उनी बझाडी राज्यमा आफ्नो सत्ता  सुम्पेर आफू राज सिहासनबाट हटी सकेका थिए । थलारा क्षेत्रमा पर्यटकीय स्थलका रूपमा रहेको खप्तड राष्ट्रिय निकुन्ज पर्दछ ।

बझाङ जिल्लाको पूर्वमा बाजुरा, पश्चिममा वैतडी र दार्चुला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्वत दक्षिणमा डोटी तथा अछाम पर्दछन् । बझाङ जिल्लाको फैलावट २९$^{\circ}$ २९' देखि ३०$^{\circ}$ ९' अक्षांश सम्म र ८०$^{\circ}$ ४६' देखि ८१$^{\circ}$ ३४' पूर्वी देशान्तर सम्म रहेको छ । यसको क्षेत्र ३४४२ वर्ग कि.मि. रहेको छ ।[११]

प्राचीन सिंजा र डोटी प्रदेशबाट अलग्गिएर वाइसी राज्यहरूमा निर्माण हुने क्रममा बझाङ पनि स्वतन्त्र राज्यका रूपमा स्थापित भएको थियो । बझाङ जिल्लामा तामा, अभ्रख, चुम्वक, फलामखानी पर्याप्त मात्रामा भएकोले अत्यधिक बज्रपात हुने हुँदा बज्राङ शब्दबाट बझाङ शब्दको उत्पत्ति हुन गएको भन्ने कुरा किंवदन्तीका रूपमा

[११] बझाङ जिल्ला वन कार्यालय, २०५८ ।

सुन्न पाइन्छ । विश्वकै दोस्रो बुद्धका रूपमा चिनिने मानवता वादी राजा जयपृथ्वी बहादुर सिंह बझाङ जिल्लालाई चिनाउने राष्ट्रिय विभूति हुन् । बझाङ जिल्लाको दक्षिण पश्चिममा दिशामा पर्ने थलारा राज्य पनि एक शक्तिशाली राज्यका रूपमा चिनिन्छ । थलरा क्षेत्रमा विशेष रूपमा मनाइने चाडपर्वहरू, विजया दशमी, भाइटीका, गावेसक्रान्ति, माघीतिहार, खाइबस्तु शिवरात्रि, कृष्णजन्माष्टमी, विसु तथा देवीको नाममा बोका बलि दिएर पूजापाठ गर्ने चलन प्रशष्त मात्रामा पाइन्छ । त्यस्तै दलितहरूले राँगाको बलि दिएर विजया दशमी मनाउने चलन विद्यमान रहेको छ । बझाङ जिल्लाको थलारा क्षेत्रमा गाई, भैसी, भेडा, बाखा, आदिको पालन गरिन्छ । यस जिल्लामा धान, गहुँ, जौ, कोदो, भटमास, फापर, आलु आदि बालीनालीको उब्जनी हुने गर्छ । बझाङ जिल्लाको थलारा क्षेत्रमा धेरै नदी, खोला, नाला बगेका छन् ।

बझाङ जिल्लामा ब्राह्मण, उपाध्याय, भट्ट, शर्मा, पाण्डे, जोशी, जैसी, ओझा, कोइराला, दाहाल, सोती, मिश्र, खैर, पण्डित, दौल्याल, सिंह, शाही, वम, मल्ल, ढकुरी, कुँवर, रोकाया, विष्ट, बोहरा, चौहान, कडायत, मगर, गुरुङ्ग, राई, लिम्बू, तामाङ, लामा, सार्की, कामी, दमाई, नेपाली, आग्री, रसाइली, पार्की, कटुवाल, गिरी, पुरी, भारती, वन, भट्टराई, खत्री, कुमाल, पन्त, श्रेष्ठ, महर्जन आदि विभिन्न जातजातिको बसोबास गरेको पाइन्छ । बझाङ जिल्लालाई सेती नदीले चिनाएको छ । त्यस्तै साना खोला नाला सुनिगाड, वाउलीगाड, तारुगाड, भ्यागुत्तेगाड, जिउलीगाड, कालङ्गागाड, थलारीगाड, गोमतीगाड, छडागाड, जङारीगाड, मौभेरीगाड, झपालीगाड आदि विभिन्न खोलाहरू सेती नदीमा मिसिन्छन् । उक्त क्षेत्रमा विजुली बत्ती नभएकाले सोलार र मट्टितेलको प्रयोग गर्दछन् । त्यहाँको जनजीवन बढी जसो गरिबी भएको पाइन्छ । रोजगारीको लागि भारतको दिल्ली, देहरादून, मसुरी, व्याङलोर, बर्म्बइ गई पेशा-व्यवसाय गरी घर खर्च गरेको पाइन्छ । नेपाल सरकारको जागिरे भने कमै मात्र भएको भेटिन्छ । जागिरेहरूमा पनि बढीजसो शिक्षण पेसामा संलग्न भएको पाइन्छ ।

## २.२ भौगोलिक परिचय

बझाङ जिल्ला भौगोलिक रूपमा विकट छ । यहाँको भौगोलिक बनोटलाई निम्न लिखित खण्डमा विभाजन गर्न सकिन्छ ।

### २.२.१ हिमाली प्रदेश

समुद्री सतहबाट ३३५४ मिटर देखि ७०३६ मिटरसम्मको भू-भाग यस प्रदशेमा पर्दछ । विकट हिम प्रदेशका कारण मान्छेहरूको बसोवास यस क्षेत्रमा नगन्य रूपमा रहेको छ । चिनको सीमावर्ती क्षेत्रहरू यस प्रदेशमा जोडिएका छन् । पतझर, जङ्गल, बुट्यानका रुखहरू रहेको यस प्रदेशमा डाँफे, कस्तुरी, मुनाल, हिमचितुवा आदि यहाँका प्रमुख जीवजन्तु हुन् ।

### २.२.२ लेकाली प्रदेश

समुद्र सतहबाट २१३४ मिटरदेखि ३३५४ मिटरसम्मको उचाइमा रहेको भू-भाग यस प्रदेशमा पर्दछ । हिमपातका कारण खेतीयोग्य जमिन मौसम अनुकूल नहुँदा यहाँ पनि खाद्यान्नको अभाव हुन्छ । चिसोका कारण यहाँका मान्छेहरू हिउँदमा बेसी झर्ने र वर्षाद्मा माथि लेक उक्लने गर्दछन् । यहाँ बस्ने मानिसहरू खाद्यसँग नुन तेलको विनिमय गर्दछन् र लेकतर्फ पाइने जडीबुडीहरूको पनि व्यापार गर्दछन् । फापर, जौ, आदि सीमित खाद्यान्न र बँदेल, ब्याँसो, थार, डाँफे, मुनाल आदि यस क्षेत्रमा पाइने मुख्य जीव जन्तुहरू हुन् ।

### २.२.३ पहाडी प्रदेश

समुद्री सतहबाट ९१५ मिटरदेखि २१३४ मिटरसम्म उचाइमा अवस्थित भू-भाग यस प्रदेशमा पर्दछ । अनुकूल हावापानीका कारण यस प्रदेशमा अन्य प्रदेशको भन्दा जनसंख्या बढी नै रहेको छ । नदी खोलाका फाँटहरूमा टाढैबाट भएर पनि कुलो ल्याएर खेती गर्ने गरिएको छ । गहुँ, मकै, धान, भट्टमास, फापर, कोदो आदि यस क्षेत्रका प्रमुख नगदे अन्न बाली हुन् भने नासपाती, स्याउ, केरा, कुलम, आरु, सुन्तला,

अम्बा, अमिलो, कागती आदि फलफूल पाइन्छन् । बाघ, भालु, चितुवा, स्याल, बाँदर, काग, ढुकुर, कालिज, च्यखुरा, तित्रा, भ्याकुरा, कुखुरा पाइन्छन् । विभिन्न किसिमका खनिज पदार्थ रहेको विभिन्न बुटीहरू रहेको विभिन्न वनस्पतिबाट उद्योग धन्दा खोल्न सकिने भए ता पनि त्यसलाई ध्यान केन्द्रित नहुनु एउटा चुनौतीको विषय हुन पुगेको छ ।

## २.३ ऐतिहासिक परिचय

वि.सं. २०१८ सालको भौगोलिक वर्गीकरण अनुसार अधिराज्य भरि ७५ जिल्लाहरू मध्ये सुदूरपश्चिमाञ्चलमा अवस्थित बझाङ जिल्ला ऐतिहासिक दृष्टिकोणले गौरवशाली देखिन्छ । मध्यकालको प्रारम्भिक नागराजद्वारा स्थापित सिंजा राज्यको एक अभिन्न अंगका रूपमा रहेको बझाङ थलारा क्षेत्र शक्तिशाली राज्यका रूपमा चिनिन्छ । वि.सं. १८२६ मा सिंजाराज्यको कर्णाली पारिका प्रसिद्ध १२ वटा थर्पुहरू मध्ये ३ वटा थर्पु (डुगरा जुजी, अडे तथा डोटी राज्यका वुगल थलारा मिलाएर जमैल फत्ताले बझाङ राज्यको स्थापना गर्ने गरेको जानकारी वंशावलीमा पाइन्छ ।

कुनै कुनै वंशावलीमा सर्वप्रथम भारत चित्तौडबाट वि.सं. १२३६ देखि बझाङमा आइबसेका श्री हरिवंश रानादेखि फत्ताराय वम समेत ३५ पुस्तासम्मको राजाले राज्य गरेपछि ३५ औं पुस्तका राजा श्री मलैवमका छोरा शक्ति सिंहको निधारमा मासुको सिंङ जस्तो चिन्ह देखिदा यिनको बंशमा बमको सट्टा सिंह थर रहन गएको हो भन्ने पनि उल्लेख पाइन्छ । बझाङ राज्यको जिम्मा शक्ति सिंहले लिएको कुरा प्रष्ट पाइन्छ । शक्ति सिंहका कान्छा भाइ जक्ति सिंहलाई थलारा राज्यको जिम्मा दिएको कुरा सुनिन्छ ।

बझाङ राज्यको विवादको क्रममा रामजंगका एक मात्र पुत्र राजकुमार ओमजंग बहादुरले एउटा स्वतन्त्र राज्य चलाउने अधिकारको सम्झौता भएको भनेर नेपालसँग लड्ने मोर्चा गर्दा उनी २०१९ सालमा दार्जुला जिल्लाको विकट स्थान मार्मामा सरकारी सैनिकको गोलीबाट दिवंगत हुन पुगेका थिए । त्यसपछि बझाङ राज्य पूर्ण

रूपमा विलय भए पनि बझाङी राजाका सन्तान दरसन्तानले राज्यको पदवी र राजभत्ता पाउने व्यवस्था कायमै थियो ।[१२]

## २.४ सामाजिक जनजीवन र लोकसंस्कृति

बझाङ जिल्लामा अवस्थित हिमाली, पहाडी र लेकाली प्रदेश भएर रहेका मानिसहरूको सामाजिक जनजीवन र लोकसंस्कृति आ-आफ्नै किसिमको रहेको छ । आर्यसंस्कृतिबाट प्रभावित अत्यधिक बझाङ बासीहरूको जनजीवन कुमाउनी, गड्वाल र भारत चित्तोडसँग मिल्दछ, 'जिउदाको जन्ती मर्दाको मलामी' हुने उखना मूलतः ग्रामीण समाजबाट उद्धृत गरिएको हो । धार्मिक सम्प्रदायमा सहिष्णुता रहेको राष्ट्र नेपालको ग्रामीण भेगका मतभेद पाँइदैन । जुनसुकै जातका मानिस भए पनि एक आयसमा मिलोमतो गरेर बसेका हुन्छन् यस्तै परम्पराले हस्तान्तरण गर्दै आएका विभिन्न संस्कार संस्कृतिहरू मान्दै आएका छन् । जुन संस्कृति पछिल्ला पिँढीहरूलाई हस्तान्तरित हुन्छ । केही आधुनिक ठिटाहरूले संस्कृतिको पालन नगरेमा तत्कालीन समाजले पागलको संज्ञा दिन्छन् । यसरी जे भए पनि शक्ति, एकता र सहयोगको कारणले गर्दा जनजीवन र संस्कृति सुहाँउदो मान्नु पर्दछ । 'नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो' । त्यसैले यहाँ बसोवास गर्ने अनेक जातजातिहर रहेका छन् । बझाङ जिल्लामा बसोवास गर्ने विभिन्न थरीका जातिहरू मध्ये क्षत्री, बाहुन, ठकुरीको संख्या अधिक छ । सन्यासी, कामी, दमाई, सुनार लगायत अन्य दलित जनजातिहरूको पनि बसोवास रहेको छ । नेवार, तामाङ, लामा, गिरी, पुरी, मगर, वादी, आदि जाति रहेका छन् । जातिय भेदभने यस जिल्लामा रही नै आएको छ । बादीहरूको बसोवास अन्य जाति भन्दा न्यून रहेको छ ।

### २.३.१ संस्कार र रीतिरिवाज

मानिस सामाजिक प्राणी हो । ऊ समाजविना एक्लै रहन सक्दैन, प्रत्येक व्यक्तिका आ-आफ्नै संस्कारगत पहिचान हुनछन् । व्यक्ति समाजमा जन्मे झै त्यसै समाजको परम्पराभित्र उसले जीवनयापन गर्नु पर्ने हुन्छ । भौगोलिक परिवेश अनुसार

---

[१२] 'विष्णु भक्त जोशी शास्त्री', *सुन्याल देखी बझाडी सम्म काठमाडौं, बागबजार छापाखाना २०५५ पृष्ठ २ ।*

प्रत्येक गाँउ ठाउँमा पुख्यौली रीतिरिवाज रहँदै आएका छन् । नववर्षको प्रारम्भदेखि वर्षको अन्त्यसम्म विभिन्न पर्वहरूमा शुभदिन मानेर चाडपर्व मनाउने गर्दछन् । मानव जीवनका षोडश संस्कार मध्ये जन्मदेखि मुत्युसम्मका मान्न सकिन्छ । ब्राह्मणहरूले ७-१२ वर्षको भित्र विवाह गरी सक्नु पर्ने र छोरीहरूलाई रजस्वला हुनु पूर्व नै विवाह गर्नु पर्ने परम्परामा आजको शिक्षा विस्तारसँगै सुधार आएको पाइन्छ । बझाङ जिल्लामा विधवाहरूलाई परपुरुषसँग एकसाथ काम गर्न पनि अप्ठ्यारो मान्दछन् । त्यसै अर्न्तजातीय विवाहलाई पनि समाजले मान्यता दिएको छैन । मानिस मर्दा नदी वा खोलामा अन्तेष्टि गरी छोरा भए छोरा नभए मृतकको अंशियारले काजकिरिया गरी सक्दो शैयादान गराएर ११ दिनमा घर लिपपोत गरी ब्रह्मणबाट गहुँत खुवई शुद्ध गर्ने चलन रही आएको छ । किरिया बस्ने व्यक्तिले कसैको हातको पानी नखाइृ शुद्ध रूपमा दैनिक विहान नुहाएर भोजन गरी सेतो कपडा लगाएर बाखी (बाराखी) बार्ने चलन रहेको छ । ब्रह्मणहरूमा लोग्नेको मृत्यु भएपछि स्वास्नीले पुरै गरगहना निकालेर जीवन भरि सेतो टीका लगाउने र मासु नखाने चलन पाइन्छ । त्यस्तै मन्दिरमा पूजा गर्दा गाउँका सबै व्यक्तिहरू व्रत बसेर एक जना ब्राह्मण पुजारीले पूजा लगाउँछन् । मूर्तिपूजा गर्दा पुजारी बाहेक अरू कसैले प्रवेश गर्न नमिल्ने भएकोले पुजारीद्वारा नै त्यसको लिपपोत र सरसफाई गरिन्छ । त्यसै गरी मन्दिरमा धामी झाँक्रीको प्रबन्ध गरिएको हुन्छ । धामी काँपेर देवप्रर्दशन गरेर देववाणीमा रैतीहरूको उद्धारकोआश्वसन दिन्छन् ।

## २.३.२ आर्थिक अवस्था

कृषि प्रधान देश नेपालको अत्यधिक जनसमुदाय कृषि पेशामा संलग्न रहेका छन् । यसैगरी बझाङ पनि कृषि मै निर्भर रहेको विकट हिमाली जिल्ला हो । सहरीकरणको अभाव रहेको यस जिल्लामा सदरमुकाम लगायत यातायात पुगेको ठाउँ झोता, मोरीवगर, भाँडे, तमैल, देउरा, वागथला, सुनकुङ, खोली हुन् । प्रायः सबै क्षेत्रमा आफूले उत्पादन गरेका वस्तुहरूको वितरण गर्न पनि सहरीकरणको अभाव रहेको छ । तर अहिले राजनीतिक समस्याले गर्दा उपलब्ध सुविधाहरू पनि घट्दै गइरहेका छन् । त्यसै गरी कृषि पेसामा संलग्न जिल्लाको कुलधुरी २९,५५८ मध्ये कृषि

क्षेत्र अर्न्तगत २३९९६ रहेका छन् भने गैर कृषि अर्न्तगत ४५९२ जागिरमा १९०७ घरपरिवार संलग्न रहेको पाइन्छ ।

कृषिमै निर्भर यहाँका जनताले नुन, तेल, खाद्यान्न एवम् लुगाकपडा दैनिक उपभोग्य वस्तुको उपयोग गर्न पनि कृषि मै निर्भर रहनु पर्ने वाध्यता छ । हिमाली जिल्ला बझाङमा जंगल, दुङग्यान, भिरपाखा, चट्टान, नदीनाला, रुखो बाँझो अत्यधिक भू-भाग रहेको छ । खेती योग्य जमिनको कमी, सिँचाइृको अभाव, वैज्ञानिक खेती प्रणालीको अभावले, कृषिमा ह्रास आउनु स्वभाविकै देखिन्छ । यसकारण यहाँका मानिसलाई निर्भाह गर्न गाह्रो परेको छ । जीवन धान्न अति कठिन परेकोले अत्याधिक मात्रामा भारत मुग्लान जाने प्रवृति दिनानुदिन बढ्दै गइरहेको छ ।

### २.३.३ शैक्षिक अवस्था

नेपाल विकासोन्मुख देश हो । यस्तै अवस्थामा रहेको जिल्ला बझाङमा संञ्चार, यातायात आदि असुविधाको कारणले शैक्षिक अवस्थामा पनि प्रतिकूल प्रभाव परेको देखिन्छ । केही समय अघि पढे लेखेका मानिसहरू औलामा गन्न सकिने अवस्था थियो । अहिले 'सबैका लागि शिक्षा' भन्ने नारा लागु भएपछि केही मात्रामा शैक्षिक सुधार भएको पाइन्छ । प्राथमिकदेखि माध्यमकि तहको शिक्षा सर्बसुलभ भएपनि उच्च शिक्षाको लागि बाहिर जानु पर्ने स्थिति देखिन्छ । यहाँ आर्थिक अशिक्षित पछौटेपनका कारण रुढि ग्रस्त संस्कार भएका परिवारका बालबालिकाहरू घरखेतको काममा सघाउने बाख्रा चराउने, घाँस दाउरा गर्ने आदि काममा सीमित रहेका देखिन्छ । शिक्षा क्षेत्रमा बझाङ जिल्ला भरी प्रा.वि. ३१५, नि.मा.वि. ८२, मा.वि., ४२, उ.मा.वि. ३२, क्याम्पस ६ वटा छन् भने यस जिल्लामा जम्मा ४७१ विद्यालय रहेका छन् । यस जिल्लाका विद्यालयहरूमा प्रा.वि.मा जम्मा विद्यार्थी ५६८५१ मध्ये २९९५८ छात्रा २७८८९ छात्र, निमाविमा १४५८१ मध्ये ५९४४ छात्रा र ८६३७ छात्र, मा.वि. ६३७९ मध्ये २१९९ छात्रा ४१८० छात्र, उ.मा.वि. १२७३३ विद्यार्थी संख्या भएको पाइन्छ । यसै गरी बझाङ जिल्लामा २० वटा विद्यालयमा कम्प्युटर शिक्षा प्रयोग भएको छ ।[१३]

[१३] बझाङ जिल्ला शिक्षा कार्यालयको शैक्षिक विवरणको अवस्था, जिल्ला शिक्षा कार्यालय, बझाङ, २०५९ ।

समष्टिमा हेर्दा आर्थिक पछौटेपन सर्वसुलभ शिक्षालयको कमी, अशिक्षित अभिभावक, व्यवसायमूलक शिक्षाको कमी आदि कारण गर्दा यहाँ शिक्षामा त्यति विकास हुन सकेको छैन । उच्च शिक्षा हासिल गर्न जिल्ला बाहिर जानु पर्ने, आर्थिक अभावको कारण शिक्षाबाट वञ्चित हुनु परेको छ ।

# परिच्छेद तीन

# मागल गीतको सामान्य परिचय

## ३.१ मागलको अर्थ र अभिप्राय

'मंगल' शब्दबाट अपभ्रस भएर 'मागल' भएको बनेको हो । यसरी मंगल भन्नाले राम्रो, शुभ भन्ने हुन्छ । कुनै पनि कार्यको अन्तिम परिणाम सफलतापूर्वक सम्पन्न होस् र त्यसको भावी लक्षण शुभै शुभै रहोस् भनेर गाईने गीत नै मागल हुन् । मागललाई कहीँ 'महाल' कहीँ मागल सगुन, फाग भन्ने प्रचलन रही आएको छ । बालकको जन्महोस् पास्नी, व्रतबन्ध विहे जे भए पनि शास्त्रीय कर्मकाण्ड अनुसार कर्मविधिमा रहेर गाइने शुभगीत नै मागल हुन् ।

विवेच्य क्षेत्रमा व्रतबन्ध, विवाह, सप्ताह, नवाह आदि कुनै पनि शुभकार्यका अनुष्ठानहरूको आयोजना गर्दा गाँउघर, छरछिमेक वरपरका इष्टमित्र, बन्धुबान्धवहरूलाई आमन्त्रण गरिन्छ । यस अवसरमा सकेसम्म चुल्है निम्ता दिइन्छ । त्यो सम्भव नभएका खण्डमा सेलपुरी जस्ता पकवानलाई सगुन भनिन्छ ।[१४] त्यसलाई सम्झनु पर्ने अवसरको संस्मरणात्मक प्रतीक, स्नेह र आफन्तको नमुना भोजन गराउन नसकिए पनि सम्बन्धित अनुष्ठानमा उपस्थित भइदिने निमन्त्रणाको संकेत तथा सहयोग प्रति कृतज्ञताको चिन्ह मान्न सकिन्छ । आकारमा सानै भए पनि भावात्मक विस्तारमा यस्तै व्यापक क्षेत्र समेट्ने अभिव्यक्ति सगुन या मागल हो । कुनै मागलिक कार्यको थालनी गर्दा शुभ संकेतको चिन्ह वा शुभ सूचक देखापरे भने सगुन या मंगल भयो भनिन्छ ।

मागलगीत लोकजीवन कै समग्र पक्षपक्षान्तरहरूको प्रतिविम्बित भएको हुनाले मागल लोकजीवनका संस्कार परम्परा दुःख सुख रीतिरिवाज, जीवन भोगाइका अनुभवहरू, कोक्रोदेखि चिहानसम्मको कर्तव्य परायणता, प्रेमको अमरता, सफल

---

[१४] देवकान्त पन्त (२०३२), डोटेली लोक साहित्य, (एक परिचय) त्रि.वि. कीर्तिपुर, नेपाल र एशियाली अध्ययन संस्थान ।

गृहिणीले अपनाउनु पर्ने भूमिका, स्वर्गका परिकल्पना र धर्तीका अतिरञ्जनाहरूलाई मानवीय रूप दिएर यसमा प्रस्तुत गरिएको हुन्छ । यसरी मागलहरू कुनै समाजको लागि नवीन नभएर पुर्खाले आर्जेको सम्पत्ति हो जुन मानव सृष्टिसँगै अङ्कुराई पुष्पित र पल्लवित हुँदै कर्मविधिसँगै गाउदै आएको कहिले नओइलाइने मानवको भावकुञ्ज हो । मानवजीवनमा गरिने षोडश संस्कारहरूमा जन्मदेखि मृत्युसम्म गरिने विभिन्न कार्यहरू व्रतबन्ध, पास्नी, यज्ञभूमि पोत्दा, परदेशगमन गर्दा, अग्निको उत्पत्ति, राजामहाराजाको वंशवृतान्त, कामधेनुको उत्पत्तिको चर्चा, विभिन्न देवीदेवताको उत्पत्ति आदि कर्महरूको भावी परिणाम शुभ रहोस्, सफलतापूर्ण सम्पन्न होस् भनी मागलगीत गाइन्छ ।

नेपालको जुनसुकै ठाउँमा रहन सहन गरेको जाति भए पनि लोकसंस्कृतिबाट कोही अछुत हुँदैनन् । योद्धाको परिचय या जातिको इतिहास होस् मानवका मधुर कष्ठबाट मानवीय भावनाका अभिव्यक्ति गुञ्जिरहेका हुन्छन् । मानवजीवनका ऐतिहासिक सांस्कृतिक, धार्मिक परम्परित परिवेशलाई अङ्कन नगरेर भाग्यको नियती, पतिपत्नीको प्रणयवेदना, प्रेमी प्रेमिकाको आर्तनाद अनुनय, विनय, रोदन, छोराछोरी जन्माउँदा आमाको अन्तर हृदयको बिलौना लगायत मानव जीवनमा आइपर्ने सम्पूर्ण पक्षको अन्तिम परिणाम मंगल होस् भनेर गाउनु नै मागलगीत हो ।

मागलहरू विविध भाषिकाको कारणले पृथक पृथक भए पनि हिन्दू संस्कारको संस्कृति मूलतः एउटै रहेकाले कथासारमा खासै फरक देखिदैन । त्यस्तै बझाङका मागलहरू विभिन्न शुभकार्य, माङगलिक कार्य प्रारम्भ गर्दा, बालक जन्मदा, यज्ञभूमि पोत्दा, परदेशगमन गर्दा, व्रतबन्ध, विवाह र देवस्तुति गर्दा मागलहरू गाइने गर्दछन् । सामाजिक संस्कारमा मागलहरू कुनै पुस्तक पत्रपत्रिकाको रूपमा सङ्कलित नरहेर एक पुस्ताबाट अर्को पुस्तामा मौखित कण्ठास्थ गरेर हस्तान्तरण गर्ने परिपाटी रहेको छ । कारुणिक लयमा लामो भाका हालेर गाइने मागलहरू लोकगीत अन्तर्गत राखिएको पाइन्छ । अर्को शब्दमा भन्दा संस्कार सम्बन्धी कुनै कार्य गर्दा त्यो सफलतापूर्वक सम्पन्न होस् भनी गाइने गीत नै मागल हुन । यसरी मागलगीतलाई

डडेलधुरा, डोटी, वैतडीतिर फाग, सगुनका नामले चिन्ने गरिन्छ । शास्त्रीय विधासँग सम्बन्धित मागल गीतको पृष्ठभूमि लोकमन्त्रको भावनाले युक्त भएको पाइन्छ । शास्त्रीय विधिसँग कर्मकाण्डीय पद्धति अनुरूप गाउँने उक्त महिलाहरूलाई बझाडी भाषामा मग्ल्यारी भन्ने गरिन्छ ।

## ३.२ मागलगीतको गायन प्रक्रिया

संस्कारगीत अन्तर्गत पर्ने मागलगीत सुदूरपश्चिमका र मध्यपश्चिमका पहाडी जिल्लाहरूमा गाइने गरिन्छ । श्रुतिपरम्परामा जीवित रही एक पुस्ताबाट अर्को पुस्तामा नासोको रूपमा सुम्पिने भएकाले मागलगीतलाई परम्परितगीत अन्तर्गत पनि राख्न सकिन्छ । कहीँ जीवनको यथार्थ कही भावुक कल्पना, ईश्वरीय अनुराग र अतिरञ्जना समेटिएको मागल गीत अरू गीतहरू भन्दा फरक देखिन्छन् । यसरी गाइने मागलगीतको गायन प्रक्रिया पनि पृथक रहदै आएको छ । डेउडा र आधुनिक गीत झैं मागलमा वाद्यवादनको आवश्यकता पर्दैन । मागलगीत गाउँदा विशेषत तीनजना आईमाईहरूको समूहले लामोभाकामा करुण भावमा माहुरीको भुनभुनावट लयमा गाँउने गर्दछन् । हिन्दूधर्मको कर्मकाण्डीय विधि विधानुसार ब्राह्मण र कर्म गर्ने व्यक्तिले कर्म क्षेत्रमा पुजन विधि अनुरूप गर्नुपर्ने कार्य मागलगीतमा गाइन्छ । यसरी वाद्यवादन विना पनि मागल गाउने आइमाईलाई स्थानीय भाषामा मग्ल्यारी भन्ने गरिन्छ ।

मागलगीत मूलतः तीनजना आइमाईको समूहले गाए पनि कुनै बेला एक्लैले गुनगुनाएर रातिको जागामा भगवानप्रतिको आस्थामा यस्ता गीतहरूमा सूक्ष्म भाव भने रहेकै हुन्छ । यसरी मागलगीतको गायन प्रक्रिया पनि परम्परागत रूपले हस्तान्तरण गरेको भन्दा पृथक भएको छैन ।

## ३.३ मागलका प्रकार

बझाङ जिल्लामा हिन्दूधर्म प्रणीत कर्मकाण्ड विधि भित्र रही ब्राह्मणहरूलाई पुजन विधिमा मागलगीतले प्रेरणा प्रदान गरिएको हुन्छ । विभिन्न जात जाति संस्कार, संस्कृति, परम्परा, रीतिरिवाज परिवेश आदिमा पाइने पृथकताको कारणले मागलगीतका

प्रकारको पृथकीकरण गर्न कठिन भए पनि बझाङ जिल्लामा प्रचलित मागलगीतलाई स्थान पिच्छे चालचलन रीतिरिवाज, धर्म, संस्कृति, परम्पराको हिसाबले निम्न लिखित प्रकारमा विभाजन गर्न सकिन्छ ।

### ३.३.१ संस्कार सम्बन्धी मागल

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक राष्ट्रका रूपमा अवस्थित विभिन्न भाषाभाषीहरूको साझा फूलवारी हो । यस राष्ट्रका प्रत्येक जातजाति भाषाभाषीहरूको आफ्नै प्रकारको संस्कृति, इतिहास, चालचलन रीतिरिवाज भेषभूषा रही आएको छ । यस्तै बझाङ जिल्ला पनि सबै जनजाति संस्कृतिको चौतारी भएकोले विभिन्न संस्कार र पर्वहरूमा मागलहरू गाइने गरिन्छन् । हिन्दूसंस्कार अन्तर्गत बझाङमा प्रचलित मागलहरूलाई निम्न रूपमा वर्गीकरण गर्न सकिन्छ ।

#### क) जन्म संस्कार

संसारमै जन्मदिनमा खुसीयाली गर्ने परम्परा हिजो आज नभएर परम्परादेखि (कृष्ण/रामका पालादेखि) नै चलिआएको पाइन्छ । जुनकुनै देश, राष्ट्र भएपनि जन्म दिनको खुसीयालीमा कहीँ भोज गर्ने, कहीँ मिठाइ बाड्ने प्रचलन रही आएको छ भने नेपालमा पनि सहरी क्षेत्रमा 'वर्थ डे' भनेर खुसीयाली मनाउँदै साथीलाई मिठाइ बाँड्ने र आफ्ना अभिभावक तथा मान्यजनहरूबाट टीका लगाइ माग्ने गरिन्छ । बझाङ जिल्लामा पनि छोराको जन्ममा खुसीयाली मनाउँदै गाउँका सबै व्यक्तिहरू छोरा जन्मेको घरमा आएर टीका लाउँदै नाचगान गर्दछन् र बच्चा जन्मेको छैटौं दिनमा गाउँलेहरूलाई एउटा बोका दिएर र अर्को बोका भित्र घरमा बलि दिँदै ब्राह्मण बोलाएर कर्मकाण्ड अनुरूप दस दिनमा न्वारन गरी बालकको नामाकरण गरिन्छ । पूजन विधि अनुसार मग्ल्यारीहरूले मागल गाउँने गर्दछन् । यसरी जन्म संस्कार अन्तर्गत छैट, न्वारन, पास्नी आदिमा मागलहरू गाउने प्रचलन छ ।

#### ख) व्रतबन्ध संस्कार

हिन्दूधर्ममा प्रणीत अन्य संस्कार जस्तैः संस्कार व्रतबन्ध संस्कार आदिको उत्तिकै महत्व रहेको छ । मूलतः ब्राह्मण क्षेत्रीहरुमा व्रतबन्ध गर्ने चलन प्रख्यात छ, भने

मतवालाहरूमा जनै पहिरने चलन रहेको छैन । समाज परिवर्तनशील भएकोले सामाजिक मूल्य र मान्यताहरू पनि परिवर्तनशील हुन्छन् । त्यसैले आजभोली शिक्षित समाजले परिवर्तनलाई आत्मसात गरेको छ । व्रतबन्ध गर्दा विवाहको दिन भन्दा व्रतवन्धको दिन महत्वपूर्ण मानिने सामाजिक मान्यता रही आएको छ । व्रतबन्ध गर्दा ज्योतिषको सल्लाहअनुसार शुभ महिना, शुभ मुहूर्त र शुभदिन हेरी नक्षत्र, ग्रह जुराई स्थानीय तीर्थस्थलमा गएर वा पानी मुहान, धारा पधेरा तथा  नसक्ने व्यक्ति अपाङ्ग भए घरमा नै तामाको भाँडोमा (ताउलीमा) बसाली व्राह्मणबाट केश छेदन गरी यज्ञोपवीत्र धारणा गरिन्छ । केश भूइमा नझरुन भनी वरकी आमाले काँसको थालमा चामल, मखमली कपडा, पैसा राखी (कपाल) रौं थाप्ने गर्दछिन् । व्रतको समयमा गेरु रङ्गको मेखला वस्त्र धारण गरी काधमा झोली हातमा पुस्तक समाति गुरुकुल शिक्षा प्रणालीलाई आधार मानी काशी अध्ययन गर्न जाने भन्ने पौराणिक कथा छ । साथमा आफूभन्दा कान्छो भाइलाई लिएर आमाबाबु तथा अभिभावकबाट शिक्षा आसिक मागेको दृश्य पनि देखाइन्छ । यसरी व्रतबन्ध गर्दा मग्ल्यारीहरूले कर्मविधि अनुसार मागल गाउने गर्दछन् । व्रतबन्धको बेला गाउने ज्यादै मार्मिक मागल चाहि देशान्तर जाँदाको मागल हो । भिख माग्दाको मागल पनि यसैसँग सम्बन्ध हुन्छ । जुन मागल गाउँदा नारीहरूका आँखाबाट आंसु छचल्किन्छन् । यसरी व्रतबन्ध संस्कार अन्तर्गत वेदी पुर्ने मागल, छाला पहिराउँदाको मागल, दीक्षा सुनाउँदाको मागल, भिक्षा दिदाँको मागल, जनै पहिराउँदाको मागल आदि मागलहरू बझाङी समाजमा व्रतबन्धसंस्कारमा प्रचलित रहेका छन् । यी मागलहरूको स्थापना र विवेचना चौथो अध्यायमा गरिएको छ ।

### ग) विवाह संस्कार

संस्कार सम्बन्धी मागलहरू मध्ये विवाह संस्कार हिन्दूधर्म परम्पराको मुख्य संस्कार हो । सुदूरपश्चिमका पहाडी जिल्लाहरूमा अन्य संस्कारका मागलहरू घट्दै गइरहेका भए पनि विवाह संस्कारमा गाइने मागलहरू निकै प्रचलित नै रहेका छन् । बझाङको विवाह लोकसंस्कार हेर्दा र मागल गाउँदा विवाहको प्रारम्भको दिन दाउरा काट्ने काम या वरवधुका लुगा कपडा सिलाउने कामदेखि विवाहको अन्तिम कर्म

(चतुर्थी कर्म) सम्म मागलगीत गाउने गरिन्छ । विवाह शब्द संसारभरि प्रचलित भए तापनि यसलाई विभिन्न ठाउँमा भाषा, संस्कृति, समुदायानुसार विभिन्न नामबाट पुकारिन्छ । विवाहलाई थलारी भाषामा 'जन्त' भन्ने गरिन्छ । जन्त विधि धेरै प्रकारले गरे पनि बभ्फाङमा विशेष गरेर कन्यालाई कन्याका बुबाबाट मन्जुरी गरी मागेर विवाह गर्ने चलन प्रचलित रहेको छ । मन्जुर भै सकेपछि दुवै कन्या र वरको जन्मकुण्डली मिलाएर शुभ महिनाहरू बैशाख, जेष्ठ, आसार, मंसिर, माघ र फाल्गुणमा शुभमुहूर्त हेरेर विवाह गरिन्छ । विवाह गर्दा कर्मकाण्ड पद्धतिनुसार वरको घरमा ब्राह्मण, पुरोहित बोलाएर मण्डप तयार गरी कुलदेवता, नवग्रह, गणेश, कलस, वत्ती आदि अन्य देवताको पूजा गर्ने गरिन्छ । यसरी पूजा गर्दा पूजा विधिअनुसार नेपाली नारीहरूले मागलगीत गाउने गर्दछन् । विवाहमा पन्चेवाजाका साथ सम्पूर्ण गाँउले दुलहीका घरमा गएर विवाह गरेर भोली पल्ट घरमा ल्याउने चलन छ ।

बभ्फाङमा विवाह गर्दा विवाहको प्रारम्भदेखि अन्त्यसम्म नै 'शुभगीत' मागल गाउने गरिन्छ । जस्तै चामल रुभ्फाउँदा गाइने मागलगीतले कृष्ण स्वामी पाउँ भनी रुक्मिणीले लिएको एकादशी व्रतबाट प्रारम्भ भएको छ । विवाह संस्कार अन्तर्गत बभ्फाङमा प्रचलित निम्न शुभ कार्यहरूमा मागलगीत गाउने गरिन्छन् । चामल रुजाउँदा, दाउरा ल्याउदा, पात ल्याउदा, गरगहना बनाउँदा, लुगा सिलाउदा ताइवस्दा र चामल कुटाउदा, नाता लगाउँदा र चानन लगाउँदा, त्यस्तै देली ओल्लाउदा, वरवघु गृह प्रवेश गर्दा र डोला पुज्दा, धुलीअर्घ गर्दा र ठेलावस्दा, दधीमणी र गोडाघुदा साइमुदुणो हाल्दा आदि कार्यहरूमा विशेष गरेर मागलगीतहरू प्रचलित रहेका छन् । यी सबै मागलको परिचय र विश्लेषण पाँचौ अध्यायमा गरिएको छ ।

### ३.३.२ देवतासम्बन्धी मागल

ईश्वरप्रतिको आस्था र धर्मप्रतिको विश्वासमा रहेको नेपाली समाजमा विभिन्न देवीदेवताहरूको पूजागर्ने परिपार्टी चलि आएको छ । ग्रामीण समाजमा त उखान नै प्रचलित छ की 'पहाड खानु पूजी देश खानु बुभ्फि' भन्ने उक्त ग्रामीण उक्तिले बुभ्फाउँछ की पहाडी ग्रामीण भेगमा देवताहरूको पूजा अत्यधिक हुने गर्दथ्यो र अभ्फै पनि चलिरहेकै छ । देव भन्ने वित्तिकै अलौकिक शक्तिका अनुयायी बुभ्फिन्छन् ।

सुदूरपश्चिम र मध्यपश्चिमका पहाडी जिल्लाहरूमा विभिन्न देव पर्वहरूमा देवताका मठ मन्दिरमा गएर मागलहरू गाउने गर्दछन् । मूलतः नेपाली नारीहरूले नै गाउँने उक्त मागलहरूमा देवीदेवताको उत्पत्ति उसको शक्ति प्रदर्शन र आफ्नो यात्राको मागलगीतबाट नै महिमामय वर्णन गरिएको हुन्छ । बझाङ जिल्लामा देवीदेवताहरू मध्ये शक्तिशाली देवताको नाममा 'दाडेमष्टो' भनेर चिनिन्छ । यसरी अन्य पूजा गरिने विभिन्न देव-देवीहरू रहेका छन् । यिनीहरूको पूजागर्दा गरिने कर्मपाठहरू पृथक-पृथक रहेका छन् । यसरी दाडेमष्टोको पूजा गर्दा असोजको नवरात्रिमा घटस्थापनाको दिनदेखि नवमीसम्म र चैते दशैंमा पनि पञ्चमीदेखि नवमीसम्म यसको पूजा धुमधामसँग गरिन्छ । कुनै- कुनै ठाउँमा वसन्त पञ्चमीको बेला पनि यसको पूजा गरिएको पाइन्छ ।पाँच दिनसम्म उपवास बसेर सामुहिक वा एक्लै यसको पूजा गर्ने गरिन्छ । कहिले काही एकै दिन पनि पूजा गर्ने चलन पनि छ । दाडेमष्टोको पूजा गर्दा धाँमीमा शक्तिमान दाडेमष्टो काँप्दछ । यसरी देवता काँप्दा मग्ल्यारीहरूले उसको अतिशयोक्ति तरिकाले वर्णन गर्दछन् र देवताको जन्म रूप र शक्तिको महिमामय गान मागलगीतबाट गाउने गर्दछन् । यसरी धाँमी चल्दा दाँतले बोका काटेर शक्ति प्रदर्शन गर्ने गर्दछ । अन्यथा धाँमीले उक्त शक्ति प्रदर्शन गर्न नसकेमा मष्टाको शक्ति प्रदर्शन भएको मानिदैन । देवताका मागलहरूसँगै उनीहरूको उत्पत्ति र शक्तिको वर्णन गरिएको हुन्छ ।

बझाङमा प्रचलित देवता सम्बन्धी मागलहरूमा सम्पूर्ण देवको स्नानको मागल यज्ञशाला थालनी गर्ने मागल, मन्त्रालोकको उत्पत्ति, अग्निको मागल मष्टादी देवताको मागल आदि प्रचलित रहेका छन् । यी सबै मागलको परिचय र विश्लेषण पाँचौ अध्यायमा गरिएको छ ।

## परिच्छेद चार

# बझाङ थलारा क्षेत्रका मागलगीतको सङ्कलन र अध्ययन

नेपालको जुनसुकै जातिले आ-आफ्नो संस्कृतिको परिपाल गर्ने प्रचलन पाइन्छ । विभिन्न जनजाति, भाषाभाषीको कारणले फरक भए पनि मूलतः हिन्दू संस्कार अन्तर्गत रहेका सबैले आफ्नो संस्कृतिको मान्यता पालन गरेका हुन्छन् । सुदूरपश्चिमाञ्चलको बझाङ जिल्लामा पनि विभिन्न संस्कार र धार्मिक पर्वहरूमा मागलगीतहरू गाउने गर्दछन् । यज्ञको पूर्वाङ्ग, जन्म, व्रतबन्ध, विवाह, देवस्तुति तथा अन्य अवसरमा मागलहरू बझाडी समाजमा प्रचलित छन् । जसको लोकशास्त्रीय र कर्मकाण्डीय विधि आफ्नै किसिमको छ । बझाङ जिल्लामा पाइने मागलगीतको सङ्कलन निम्नानुसार छ :

### ४.१ जन्मसंस्कारसँग सम्बन्धित मागलहरू

बझाङ थलारा क्षेत्रका समाजमा जन्मसंस्कारले पनि उत्तिकै महत्त्व राख्दछ । बालकको गर्भावस्थामा वा जन्मनुभन्दा पूर्व पनि बालकको रूपाकृतिको अनुभव गरेर वा मानवजीवनका षोडशकर्म भित्र पर्ने गर्भधान, पुंसवन, सीमन्तोनयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, कर्णबोध, विद्यारम्भ, चूडाकर्म, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि आदि षोडशकर्म मानवजीवनमा माङ्गलिक कार्य अन्तर्गत पर्दछ । यी कार्य गर्दा हर्ष बढाई गर्ने प्रचलन रहेको पाइन्छ । जीवन संस्कारमा जन्मेपछि षष्ठी, न्वारन, पास्नी, अक्षराम्भ चूडाकर्म, विवाह जस्ता विभिन्न कार्यहरूमा मागलगीत गाउने गरिन्छ । जन्म संस्कारमा गाइने मागलहरू निम्न रहेका छन्:

#### ४.१.१ बालक जन्मँदाको मागल

बालक जन्मँदा समाजमा सबैले खुसी हर्ष मनाउने परम्परा सबै ठाउँमा रहेको हुन्छ । यसैगरी थलारा क्षेत्रमा पनि मंगलाचरणको रूपमा नेपाली नारीहरूले बच्चा

जन्मनु भन्दा पूर्व रूपको विकास प्रक्रिया अपनाई मागलहरू गाउने गर्दछन् । बालक जन्मेपछि बालकको पूर्वावस्थाको विकास भन्दै वा कसले -कसले गर्भावस्थाको बालक जन्मेपछि बालकको पूर्वावस्थाको विकास भन्दै गाइने उक्त मागलगीतमा गुरु, पुरोहित नबोलाएर नारीहरूले दूबो र अक्षेता लगाउँदै शुभसंकेत गर्दछ । बालक जन्मेको दिनदेखि छैटी (षष्टी) का दिनसम्म गाउने गर्दछ । आर्यहरूमा शास्त्रीय सिद्धान्त वा कर्मकाण्डहरूमा षोडश संस्कारको विधान गरिएको छ । ती लोकजीवनमा संस्कार मात्र प्रचलनमा रहेको पाइन्छ । ती मध्ये बालक जन्मदा गाइने जन्म संस्कारमा प्रस्तुत मागल गाइन्छ । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ५ बस्ने वर्ष ६० की विरमा देवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

पहिलो फूल फुल्यो संगिनीले जान्यो
संगिनीले जन्यो
दोसरो फूल फुल्यो इजुभाइले जान्यो
इजुभाइले जान्यो
तेसरो फूल पुल्यो सासुज्युले जान्यो
चौथो फूल फुल्यो गोपीचन्द्रले जान्यो
गोपीचन्द्रले जान्यो
पाँचौ फूल फुल्यो पाँच कल्याण वन्यो
पाँच कल्याण वन्यो
छयाँउ फूल फुल्यो बालो खेलन लाग्यो
बालो खेलन लाग्यो
नयाउँ फूल फुल्यो बालो बटुलो लाग्यो
बालो बटुलो लाग्यो
दशाँउ फूल फुल्यो बालो मन्त्रालोक पुग्यो
बालो मन्त्रालोक पुग्यो
जलफाँडी आयो बालो शिरफाँडी आयो

बालो शिरफाँडी आयो

पुग्यो बालो मन्त्रालीक तिर

कतिया मास मेरो बालो जन्म रचलो

कतिदिन न्वरन होला

कति यास मेरो बालो अन्नप्राशन रच

छयाँउ मास अन्त प्राशन रच

वर्ष दिनको बालो छमछम खेल ।[१५]

माथिको मागलगीतमा गर्भको अवस्थाको प्रथम मासदेखि लिएर जन्मेपछिको वर्ष दिन सम्मको वर्णन छ । गर्भवस्था भ्रूणको पहिलो फूल फुलेको स्थितिलाई आफ्नी सांगिनीहरूले मात्र जानेको छ । त्यसपछि कुनै कुनै ठाउँमा पहिलो मासको अवस्थालाई पानी न केशर भनिएको छ । तेस्रो फुल भन्दा रगतको डल्ला र पाँचौ महिनामा पञ्चकल्याण (इन्द्रेणीयुक्त) बनेको र छैटो महिनामा खेल्न लागेको तथा नवौं महिनामा बाटो लागेको र दशौं महिनामा जन्म लिई एघारौ दिनमा न्वारन भएको उल्लेख छ । यसपछि छयाउँ मासमा अन्नप्राशन वर्ष दिनमा छमछम खेल्ने कुराको चर्चा लोकशास्त्रीय पद्धतिले यो प्रसङ्ग उल्लेख गरेको आयुष्य कर्मलाई ग्रामीण प्रतीक अनुसार प्रकट गरेको देखिन्छ । सो आयुष्य कर्म गर्दा बालकको कानमा पिताले अग्नि, बनस्पति, सोम, औषधी, ब्रह्मा, देवता, ऋषि समुह छन् । ती द्वारा तिनीलाई आयुष्मान होस् भनी भन्दछन् । यी सर्वनाम यहाँ आयुका प्रतीक हुन जसलाई लोकमन्त्रले जन्मेपछि बर्ष दिनसम्म बालकको जीवन स्थितिद्वारा प्रकट गरेको छ ।

### ४.१.२ न्वारनको मागल

बझाङ थलारा क्षेत्रको समाजमा बालक जन्मिसकेपछि बालककी आमा र बालकलाई एघारौं दिन वा गुरु पुरोहितद्वारा हेराई दशौं/एघारौं दिनमा बाहिर ल्याउने वा शुद्ध गर्ने चलन छ । न्वारन नगरूञ्जेल बालक र बालककी आमा घर भित्र नै रहने

---

[१५] विरमा देवी भट्टराईबाट प्राप्त ।

कसैलाई नछुने परम्परा चलिआएको छ । न्वारनको दिनमा गुरु पुरोहितलाई बोलाएर बत्ती, कलश, गणेश, मातृ आदि देवताको स्थापना गरी बालकका पिता आमाले र बालकलाई नुवाई धुवाई गरी आफू एघार दिनसम्म बसेको ठाउँलाई लिपपोत गरेर गाईको गोमूत्र छर्कने चलन छ । यसरी ब्राह्मणले लोकशास्त्रीय कर्मकाण्डको विधि अनुसार काम गर्दै बच्चाको नामकरण गर्ने गर्दछन् । त्यो दिनमा सूर्यको दर्शन गराइन्छ र उक्त कर्मविधि अनुसार मग्ल्यारीहरूले मागलगीत गाउने गर्दछन् । न्वारन गर्दा गाइने मागलगीत निम्नानुसार छ । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ५ बस्ने राजमती देवीले प्रस्तुत गरेकी हुन् ।

कै कै ले बालो चेला नाम सुनायो
क्याउ क्याउले नाम सुनायो
इनु मेरा बुबाज्यूले नाम सुनायो
इनु मेरी इजुज्यूले नाम सुनायो
इनु मेरा पुरोहितले नाम सुनायो
बामन कन्याले नाम सुनायो
सुन रूपाइले नाम सुनायो
पीपलैको पिपिले नाम सुनायो
पञ्चब्रह्मणैले नाम सुनायो
वर्षै दिनको अव वालो
आङनी छमछम खेल
इजूज्यूको मन छ खुलास
पीपलैकी चउडेलामि पितरैको निवास
बालो त सोधन लाग्यो भली भली वात
पितरैको मन छ खुलास ।[१६]

[१६] राजमती देवी भट्टराईबाट प्राप्त ।

यो लोकमन्त्रमा बालकलाई नाम सुनाउने व्यक्तिहरूको नाम उल्लेख भएको छ । ती हुन् आमा, बाबु र पुरोहित र कन्याकुमारी र पञ्चब्राह्मण । यिनीहरूले सुन चाँदी  र पीपलपातको ढुंगाबाट नाम सुनाउनु अनिवार्य मानिएको छ । यसमा जातकर्म जस्तै उसको वर्ष दिनसम्मको जीवन स्थितिको उल्लेख भएको छ । यहाँ बालक आँगनमा छमछम खेल्दै आमाको मनोरञ्जनसम्म मात्र सीमित नरहीकन कतै टाढा पीपलको चौतारीमा बसेर आफ्ना पितासँग रमाइला कुरा सोधेर उनको मनलाई खुलास पारिरहेको छ । न्वारनको मुख्य आशय लोकशास्त्रीय पद्धतिमा लोकजीवनको लोकसंस्कार अनुसार बालकको नाम सुनाउने, उसलाई बाहिर निकाल्ने र सूर्यदर्शन गराउने रहेको छ ।

### ४.१.३ पास्नीको मागल (भात चखाइ)

पास्नी भन्नाले बझाङी जिल्लाको थलारा क्षेत्रको भाषामा अन्नप्राशन वा (भात चखाइ) भन्ने बुझिन्छ । यसरी खाना खुवाउन शुरु गर्नु जीवन संस्कारमा बालक जन्मेको छ महिना पुगेपछि ज्योतिषबाट शुभदिन शुभमुहूर्त हेराई बालक जन्मेको घरमा विभिन्न मिष्ठान्न परिकार बनाई सुनको टुक्राले वा पैसाले खानालाई छुवाएर घरका मान्यजनहरूबाट पास्नी गराउने प्रचलन रहेको छ । राम्रो राम्रो खुसीयाली गर्ने व्यक्तिले ब्राह्मण कन्या मग्ल्यारीहरूलाई बोलाएर बत्ती, गणेश, कलशको स्थापना गरी मग्ल्यारीहरूले कर्मानुसार मागल गाउँने गर्दछन् र ब्राह्मण मग्ल्यारीलाई सक्दो दक्षिणा दिई भोजन गराउने चलन रहेको छ ।

खान बाला खान बाला दधिमधु खान
खान बाला अमृतैको भोग
दधिमधु खाइबाला बसी र्‍यै बसी र्‍यै
जुगजुग भरि अजम्मरी भयै
कै कैले वाला घर अमृत चखायो ?
कै कैले बाला घर दधीमधु चखायो ?

इनमेरा रामचन्द्रैले अमृत चखायो
इनमेरा इज्यूबाले दघीमधु चखायो
खान काला खान काला अमृतैको भोग
अमृतैको भागखाइ बसी बसी रयै
जुगजुग अजम्मरी भयै ।[१७]

यो लोकमन्त्रमा बालकलाई मर्यादा पुरुषोत्तम रामचन्द्रबाट अमृत र उसका आमा-बाबुले दही मधु चखाएको उल्लेख छ । सो कुरा चाखेर बालकले जुग जुग अजम्मरी भएर यो पृथ्वीमा बस्न पाउने छ भनी आर्शीवाद दिइएको छ । यसमा शिशुलाई प्रवाहमयी वाणीको लागि पंक्षीको मासु, भोजनको लागि कालो तित्रा वा मयुरको मासु, तेजका लागि कोमलताको लागि माछा र सुदीर्घ जीवनको लागि कृषक पंक्षीको मासु खुवाउने चलन कतै कतै पाइन्छ । कृषक पंछिको मासुलाई बर्जित गरेर त्यसको ठाउँमा रामचन्द्रद्वारा अमृत चखाउने उल्लेख गरी रामको मर्यादा र आदर्शलाई समेत सो दीर्घ जीवनसँग सम्बन्ध गर्न खोजेको छ ।

## ४.२ व्रतबन्ध संस्कारसम्बन्धी मागल

बझाङ जिल्लाको थलारा क्षेत्रमा व्रतबन्ध गर्दा गुरु पुरोहित ब्राह्मणलाई बोलाएर ज्योतिषको सल्लाहनुसार शुभदिन, शुभमुहूर्त हेरी व्रतबन्ध गरिन्छ । यसरी व्रतबन्ध गर्दा वा जीवनसंस्कार सम्बन्धी षोडशकर्म भित्रका चूडाकर्म पनि पर्दछ । चुडार्कम गर्ने क्रममा ब्राह्मण र मग्ल्यारीले मंगलाचरण जस्तै कर्मविधिसँगै मागल गाउने गर्दछन् जुन निम्नानुसार छन्:

### ४.२.१ बेदीपुर्ने मागल

विविध संस्कार बोकेको बझाङ जिल्लाको थलारा क्षेत्रमा व्रतबन्ध गर्दा सर्वप्रथम वेढी पुर्ने चलन छ । बेदीपुर्दा कर्म गर्ने व्यक्ति या कन्याहरूले कुनै शुद्ध ठाउँको माटो

[१७] यो मागल गीत बझाङ जिल्ला कोइरालाकोट गा.वि.स.का जानकी देवी भट्टबाट प्राप्त

ल्याइँन्छन् । त्यसलाई जहाँ वेदी पुर्नु पर्ने हो त्यसैमा पोतेर जुन देवताको पूजा गरिन्छ, त्यसको आसनको निम्ति ठाउँ बनाउनु पर्दछ । आसन गर्नु भन्दा पूर्व बेदी पुर्ने ठाउँमा गाइको गोमूत्रेले लिपपोत गरिन्छ । यसरी बेदीपुर्दा उक्त बनाइएको आसनमा गुरु पुरोहितले चामल, जौंको पीठोले बुर्कायर त्रिकोण, षट्कोण, चौकोस बनाउँछन् । चन्दन अक्षता, फूलपातीले दीप, गणेश, कलशको पूजाविधिसँगै मागलगीत गाउँछन् । यो मागलगीत बझाङ जिल्ला कोइरालाकोट गा.वि.स. वडा नं. ३ घोडादाउना बस्ने पार्वती देवी उपाध्यायबाट सङ्कलन गरिएको हो ।

जान बाला जान बाला उदैपुर उदैपुर
जान बाला मेघनीको माटो
जान बाला जान काला उदैपुर
ल्यान बाला चोखो भलो माटी
आन मेरी इजु मायौ सुनकुटी रूपाडाली
मुरे झानो मेघनीका माटी
सुनकुटी रूपाडाली काँरे देखि बाला तैले
ल्यान बाला चोखो भली माटी
अँगुठाइले कोरी कोरी पगडीका छलबाटी
ल्यान बाला चोखो भली माटी
कतिया अँगुठाइको सुरयडो वनि आयो
कतिया अंगुठाइको चाकलो वसन्नरा
कति बाणी वेदैकी ध्वनि
बाउन्न अँगुठाइको चाकलो वसन्नरा
चौसट्ठी बेदैकी ध्वनि
पाउ छाल दखिन तीर
पुरतमी पूर्वामुखीतिर
आउँ हमो व्रहमाणैं बस तमी ब्रह्माणौं

बस तमी कोरा फिनी

गर ब्रहमा बेदैकी ध्वनि

हियो जन कम्पाया बाउलीजन लट्काया

पुरब्रह्माचारैकुनी बेदी

हियो जति छ मेरो बेदभरी

काउलो यो सुरबिनी

जिब्रो छ कागतीको पात ।[१८]

प्रस्तुत मागलको गृहणी (आमाले) आफ्नो छोरालाई वेदी पुर्ने शुद्ध माटो उदैपुर (कुनै एतिहासिक प्रदेश) को मेधनी (भूमि) को माटो मगाएको छ । बालकले माटो खन्न सुनको कुटो र माटो हाल्न (चाँदी) रुपाको डालो माग्दछ तर आमाले लोकमा त्यसको प्रचलन नभएको र अँगुठीले माटो खनी पगडीमा पोको पारी ल्याए हुन्छ भन्दिछन् । त्यसपछि बाउन्न अँगुष्ठ प्रमाणको श्रुवा र पिर्काको साथसाथै चौसट्ठी बेदको ध्वनिको चर्चा छ । ब्राह्मणलाई नम्रतापूर्वक बोलाएर मण्डपको दक्षिण दिशातिर खुट्टा हुने मण्डपभित्र पूर्वदिशामा कुनै धक नमानी वेद ध्वनि गर्दै हात नकम्पाइकन सोभ्फो चारकुने वेदीपुर्ने प्रार्थना छ । ब्राह्मणले पनि मेरो हृदयमा बेद छ, हात नै सोभ्फो डीक छ र जिब्रो नै कागत वेदका पत्र छ भनी निर्धक्क जवाफ दिन्छ ।

### ४.२.२ कपाल काट्दाको मागल (क्षौर संस्कार)

व्रत गर्ने व्यक्ति वा दुलहाको कपालमा जनै पहिराउँदाको अघिल्लो दिनको राति जौ, तिल, कुश, शणितिल (दुम्सीको जीउमा भएको काँडा) कपालमा बाँधी राखिन्छ । त्यसलाई बभ्काडी भाषामा पटुली भनिन्छ । जनै पहिराउँदाको दिनमा दुलहाको कपाललाई आमाले सुनको थालमा कपडा, चामल, वस्त्र, भेटी, फलफूल राखी छोड्ने गरिन्छ । ब्राह्मणले र मग्ल्यारीले लोकशास्त्रीय विधि अनुसार मागलगीत आउँछन् । यो

[१८] पार्वती देवी उपाध्यायबाट प्राप्त ।

मागलगीत बझाङ जिल्लाको कोटभैरव गा.वि.स. वडा नं. ६ बस्ने गंगादेवी पाण्डेयबाट सङ्कलन गरिएको हो ।

ल्याउन ल्याउन इजु मायौं सुवर्णको थाल
इजुमाईले आनी हेल्यो सुर्वणको थाल
वाइ रे माथि वाईरे माथि मखमली कपडा
वाई रे माथि वाई रे माथि शालीका चामल
फहरन्या फूल बासना राख्या बासना राख्या
छोड छोड इजुमायौं सुवर्णको थाल
होइन होइन बुबा मेरा मेरो मोल ल्याउन
दुधका रुझाँया केश भुँइया जन फाल्या
मेरा माथ मेरा वर्मा घाउ जन लाग्या
छोड छोड इजुमायौं सुवर्ण थाल[१९]

माथि उल्लेखित मागलको रहस्य हेर्दा कपाल काट्दा आमाले घिउ लगाएको दुघ खाँदा कपाल दुधले भिजेको ती कपालमा आमाको माया, स्नेह, प्यार, ममता सबै आमा सरह भएको बुझिन्छ । कपाललाई व्रतको कर्म गर्दा अनिवार्य रूपमा छेदन गर्नुपर्ने भएकाले कपाल भूमिमा नफाली सुवर्णको थालमा कपडा राखी त्यसमा चामल, फलफूल, भेटी समेत राखेर आमाले ती थालमा काटेका (रौं) कपाल छोड्नु पर्ने भनी मग्ल्यारीले मागलगीतबाट प्रस्तुत गरेका छन् । कपाल छेदन गर्दा टाउकोमा घाउ नलगाउनु, यी सबै कपाललाई मेरी इजुमाइले छोडेको सुर्वणको थालमा राख्नु भनी दुलहाको काकाले कपाल छेदन (खौरने) गर्ने काम गरिएको पाइन्छ ।

### ४.२.३ पितर निउता मागल

बझाङी समाजमा प्रचलित मागलहरूमध्ये पितर निउताको मागल पनि एक हो । पितर भन्नाले आफ्ना मरेका पुर्खाहरू हुन । जुन स्वर्गमा देवताहरूसँग बसेका छन् भन्ने मान्यता रहेको छ । व्रतबन्ध संस्कार गर्दा पितृहरूलाई सम्झेर नान्दी मुखी श्राद्ध

[१९] गंगादेवी पाण्डेयबाट प्राप्त ।

गर्ने प्रचलन छ। सुनका भऱ्याङ्गबाट स्वर्गमा र चाँदीमा भऱ्याङ्गबाट मर्त्यलोकमा आउने बाटो रहेको मानिएको छ । त्यस समयमा प्रस्तुत मागल गाउने गरिन्छ । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ६ बस्ने मन्धरी देवी पाण्डेयबाट संकलन गरिएको छ।

उनी निची गिरी पहाडमा दिया बल दिया वल
दियैकी ज्योति स्वर्ग पौची झाली
सरक पितर हुन्ना खुसी
आधी सर्ग तेत्तिसकोटी देवता
थालीभरी कचौरा कि कचौराभरी अमृत
अमृत पितरैको भाग
फूलभया फूलभया तोइवोल
सरक पितर निउताया
कै बाटा जाउ मै सरकलोक
कै बाटा आउ मै मन्त्रालोक
फूलमया फूलमया तोइ बोलु
हाँसी हाँसी पितरैले वात सोध्यो।
मन्दालोकक्याउ वढाई
जै तमुले नाना छन्भ्या दुध घोया
घिय मल्या पुत थिया
तैघरी बाज वडाई
सर्ग पितन्नी माता वात सोघन्नी
कसुघरी इतनो जगिनो
जै तमुलेनानाछन्भऱ्या दूध छोया घिया मल्या
पूत नाती सघरी वडो छ जगिनो
सर्ग छन हमरा पण्डित

उनुसँग निउतो जगाउँ

सर्ग छन् हमरा सबै पितर

उनसँग निउतो जगाऊँ ।[२०]

प्रस्तुत मागलमा आसय हेर्दा पृथ्वीमा यज्ञको थालनी भई बत्ती बाल्दा त्यसको ज्योति स्वर्गलोकसम्म पुग्यो । सो देखि पितृहरू प्रसन्न भए आधा स्वर्गमा देवता र आधा स्वर्गमा पितरको वास छ । कटौरा भरी अमृत पितरको भागमा छ । यज्ञमा ती पितृहरूलाई निम्त्याउनु पर्दछ । सुनको सिक्रीबाट स्वर्गलोकर चाँदीको भऱ्याङबाट मन्द्रालोक पुगिन्छ । निम्तो दिने फलभया (फूल) छ फूललाई पितृ निमन्त्राणामा सहयोग गर्ने हुनाले भनिएको हो । सो पितरसँग पितर र पितर्नी (वाजे-वज्यै) ले प्रसन्न भई मर्त्यलोकको प्रस्तुत यज्ञबारे जान्न चाहिन्छन् । फूलले जवाफमा भन्दछ जसलाई तिमीले केटाकेटीमा दूधले धोइ घिउले मल्यौं त्यसैका सन्ततिका आज संस्कार हुँदैछन् । यसरी आफ्ना ३ पुस्ता वा ५ पुस्ताका पितरको नाम लिई निमन्त्रणा पठाइन्छ । यसको मुख्य आसय यही देखिन्छ ।

### ४.२.४ छाला पहिराउँदाको मागल

प्रस्तुत मागलगीत गाउँदा दुलहाको हातमा मृगको छाला बेदकी लौरी, कानमा मेखला, झोली पहिरिएर काशी पढ्ने जाने परम्परा छ । ब्राह्मणले दुलहाको काँधमा एक पल्ला जनै पहिराई कान फुक्ने काम (सन्या, गायत्री मन्त्र) सुनाउने गर्दछन् । यो लोकशास्त्रीय कर्मविधि गर्ने क्रममा मग्ल्यारीले मागल गाउँने प्रचलन पाइन्छ । विभिन्न पूजाविधि सँगै ब्राह्मणले पूजा गरिएको पाइन्छ । यो मागल कोटभैरव गा.वि.स. वडा नं. २ बस्ने वर्ष ७१ को जुना देवी रोकायाबाट सङ्कलन गरिएको हो ।

उठ दाजु रामचन्द्र अँगेडुली जाऊ

नै मुखि कोरामुठो नै मुखि जेउडी

[२०] मन्धरी देवी पाण्डेयबाट प्राप्त ।

क्याँउ लैभ्काई अँगेडुली जाउ
मैखि छ दाजु मेरा जेउडा कोरामुठो
चल दाजु अगेडुली जाऊँ
पूर्वफेऱ्या मुइले पश्चिम फेऱ्यामुइले
नै पाया हरिनाइको खोज
लेकको घपायो हरिनो खोला जाइप पौच्यो
औलको घपायो हरिनो डाडा जाइप पौच्यो
खोलीको घपायो हरिनो गाड जाइप पौच्यो
खेतकी इचली माथि दुवो चन्न लाग्यो
खेतको घपायो हरिनो पनेराइखी पाटिमाथि नीरखान लाग्यो
मारौंन मृग भैया मारौन मृग
पैर पैरवाला झोली न मेखला
उपर पैरवाला झोली न मेखला
पैर पैरवाला झिनो र मिना
उपर पैरवाला मुजैकी जेउठी
पैर पैरेवाला मेरा झिनोरे मिना
उपर पैरवाला बेतैकी लउडी
पैरवाला बेतैकी लउडी ।[२१]

माथि उल्लिखित मागलको आसय हेर्दा छाला, झोली, मेखला, बेतैको लौरीको सम्पूर्ण क्षेत्र ओगेटेको छ । तर छालालाई रामचन्द्र लक्ष्मणबाट वध गरिएको मृगसँग सम्बन्धित गरेर आध्यात्मिक र वौद्धिक सर्वोच्च ऋषिपद धारणा गर्ने दृष्टिकोण अंगालिएको छ । यसमा सिकार गर्न लक्ष्मणले रामलाई तयार पारेको तथा मृगले लेक, वेसी, खोला, डाँडा, वनपाखा भाग्दै दुःख दिएको अन्त्यमा पधँरामा पानी पिउन थाल्दा रामले मारेको प्रसङ्ग उल्लेखले यसमा रोचकता ल्याएको छ । बालकलाई छालामाथि

[२१] जुना देवी रोकायाबाट प्राप्त ।

झोली, मेखला, समिघा, मुजको डोरी र वेतको छडी पैर भन्ने निर्देश पनि यो सूक्तको अन्तिम चरणमा भएको छ ।

### ४.२.५ काशी पढ्न जाँदाको मागल

प्रस्तुत मागलमा व्रतबन्ध संस्कारका समयमा दुलहा (वटु) ले विद्याआर्जन गर्न काशी जाने प्रसङ्ग आँउछ । दुलहाका घरपरिवार शिक्षित भएको र आफ्ना बालकलाई पदाउनको लागि पठाइन्छ । दुलहाले जनैको एक पल्ला पाएको, झोली, मखेला हातमा पुस्तक समाती म काशी पढ्न जान्छु भनी तयार भएको हुन्छ । गुरुद्वारा घरमा शिक्षा सिकाउला भनी दुलहाकी आमाले आग्रह गर्दछिन् । काशी सम्पूर्ण ज्ञानको प्राप्ति हुन्छ भन्दै जाने कुरा व्यक्त गरेको हुन्छ । मग्ल्यारीहरूले उसको शुभ चिताउँदै तल दिएको मागलगीत गाउछ । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ५ बस्ने विरमा देवी भट्टराईबाट सङ्कलन गरिएको हो :

बाबाज्यू निठुरले काशी पढन लायो
मायौं काँशी पढ्न लायो
इजुज्यू दयालुले घर फर्काइ ल्यायो
मायौं घरफर्काई ल्यायो
फर्के फर्के वालामेरा फकाई घर आन
बाला घरै फर्की आन
घरतेरा बाबाज्यू पण्डित छन् ।
बाला पण्डित छन् ।
बाबाज्यूकी दिनी विद्या एकै विद्या होली
मायौं एकै विद्या होली
काशी पढन गई मायौं सबै विद्या ल्याउँलो
मायौ सबै विद्या ल्याउलो
आफ्ना त बुबाज्यूको लडेलो हुलो
मायौं लेडलो हुँलो ।[२२]

---

[२२] विरमा देवी भट्टराईबाट प्राप्त ।

माथिको लोकमन्त्रमा पिताको कठोर कर्तव्य र आमाको मधुर स्नेहको उल्लेख छ । अध्ययनार्थ बालकलाई पिताले काशी पढन पठाइ दिन्छन् । दयालु आमाले घर फर्काइ ल्याउँछिन् । सो फर्काउँदा स्थानीय प्रचलननुसार 'नजाउ' तेरो विहेगरी बुहारी ल्याइदिउला भनेर बालकलाई फर्काइन्छ । समाजमा व्याप्ति बालविवाहको प्रचलनको पुष्टि र प्रमाण हो । ब्रहमाचार्यश्रमको आदर्श एवं उद्देश्यको उपेक्षा हो । तर घरमै बालकका बाबु, दाजु र काकाहरू पण्डित भै घरको वातावरण नै शिक्षामय छ भन्ने आमाहरूको अभिप्राय घरमा एकै प्रकारको र काशीमा सबै विद्या हुन्छन् भन्ने बालकको जवाफले समाजको शिक्षा ज्ञानको मूल्याङ्कन गर्ने दृष्टिकोण दर्शाएको छ ।

### ४.२.६ जनै पहिराउँदाको मागल (जोगी हुँदाको मागल)

जनै पहिराउदा बझाङ थलाराको समाजमा गुरु पुरोहितले मन्त्रोच्चारण गरी सुनको या पीपलको पातको पिपरीले कानमा सुनाउने काम गर्दछ । मगल्यारीहरूले मागल गाउँदछन् जुन शुभगीतहरू कर्मविधि अनुसार गाउने गरिन्छ । व्रत गरेको वा जनै पहिरेको दिनदेखि उक्त व्यक्तिले खाना चोखोगरेर चूलो अगेना नजिक बसेर शुद्ध भएर खाने चलन गरेको छ । जनै पहिराउदाको छ पल्लाको नपाउँदासम्मको जोगी हुन्छु भनी व्रत गर्ने व्यक्तिले म जोगीका समुहमा जान्छु भनी मागलगीतबाट मग्ल्यारीले व्यक्त गरेको छ । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ५ बस्ने मन्धरीदेवी पाण्डेय र गंगादेवी पाण्डेयबाट सङ्कलन गरिएको हो ।

पाल्या ताल्या बालो मेरो जोगी हुन लाग्यो
ल्याउन ल्याउन गुरुब्रह्मा झोला न मेखला
मुइरे झानो इजुमाइ जोगीका जमात
जेठानी माग्या देउरानी माग्या लोइ बाला पाल्या
दाँया हात समाइ हेल्यो कनरी न चिम्टा
पाल्या हाल्या बालो मेरो जोगी हुन लाग्यो
दशै महिना बोक्या धर्ती मुखलाई फुक्या

मेरो दिभ्फा बाला मेरो दुधडीको मोल
बाह्रै धानी घिउ लाया बाह्रै धान्ती फलौटा फाटाया
पाल्या ताल्या बालो मेरो जोगी हुन लाग्यो
किनणीका जरा कोऱ्या तोइ बाला पाल्या
विनणीका जरा कोऱ्या तोइ बाला पाल्या
पाल्या ताल्या बालो मेरो जोगी हुन लाग्यो
आँखाको कानु जिब्राको लाटो
मुइरे भ्फानो इजु मायौं काशी पढ्न
तुइरे भ्फान लागि बाला जोगीका जमात
गया न पुऱ्याउला काशी त पुऱ्याउला
तब दिउँला इजु मायौ दुघडीको मोल ।[२३]

प्रस्तुत मागलमा जनै पहिराउँदा एक पल्ला र दुई पल्ला भन्ने हुन्छन् । गुरु पुरोहितले एक पल्लाको जनै पहिराउँदाको व्रत गर्ने व्यक्ति वा दुलहा जोगी भएको हुन्छ । मग्ल्यारीहरूले आफ्नो मागलबाट जोगी हुदाँको अवस्थालाई उजागर गरेका हुन्छन् । आमाले आफ्नो छोरालाई जन्माउँदाको दुःख, त्यसलाई हुकाउँदाको दुःख, देउरानी जेठानीसँग मागेको र जेठानी, देउरानीले वचन लगाएको, वनस्पति बोट, बिरुवाका जरा कोरी त्यस बच्चालाई हुर्काएको, ठूलो भएपछि जोगी हुँदा कसको मन रुन्न र ? त्यसैमा आमाको ढुक्ढुकी वर्षाद्को भ्फरी सरी आँसु आँखामा आउँछ । छोराले म आँखाको कानु जिब्राको लाटो छु म पढ्न जान्छु पछि काशी पुऱ्याउला, गया पुऱ्याउला त्यसपछि आमाको दूधको भोल तिरुला भनी यस मागलगीतमा भनिएको छ ।

[२३] मन्धरीदेवी पाण्डेय र गंगादेवी पाण्डेयबाट प्राप्त ।

### ४.२.७ दीक्षा सुनाउँदाको मागल

हिन्दू धर्म परम्परानुसार लोकजीवनमा गर्नुपर्ने षोडश संस्कार भित्र पर्ने व्रतबन्ध चुडाकर्म पनि हो । बझाङ जिल्ला थलारा क्षेत्रको समाजमा ब्राह्मणले दीक्षा सुनाउने गर्दछन् । जुन दीक्षा सुनाउँदा पञ्चपल्लव, सुन चाँदीका पिपरीले कानमा अरूले नसुन्ने गरी पुरोहितले व्रत गर्ने व्यक्तिलाई सुनाउनु पर्दछ । यस्तो गुरुले दिएको मन्त्र हृदयमा राखी राख्नु पर्दछ । दीक्षा सुनाउने गुरुलाई सधैंभरि मान्यजनको मागलगीतबाट गाउँछन् । यो मागल गीत बझाङ जिल्ला कोइरालाकोट गा.वि.स. देवस्थलीको महेश्वरा देवी उपाध्यायबाट सङ्कलन गरिएको हो ।

क्याउ क्याउले बाला तेरा दीक्षा सुनायो ।
कै कैले वाला तेरा दीक्षा सुनायो, वाला दीक्षा सुनायो
रामचन्द्र लछिमनैले दीक्षा सुनायो
सुनैकी पिपरीले दीक्षा सुनयो-मायौ दीक्षा सुनायो ।
रूपाइकी पिपरीले दीक्षा सुनायो
पँच पल्लवैले दीक्षा सुनायो मायौं दीक्षा सुनायो
इनमेरा बुबाज्यूले दीक्षा सुनायो ।
इनु मेरा गुरुवाउले दीक्षा सुनायो
पन्चै व्राह्मणवसी दीक्षा सुनायो ।
पीपलैकी पिपरीले दीक्षा सुनायो मायौं दीक्षा सुनायो
गुरुवाउकी दिनी दीक्षा चित्त राख्यौ हिया जप्यौं
तिन तेरा गुरुवाउ निउडी ढोक दियैं
बाला निउडी ढोक दियै ।[२४]

गायत्री मन्त्र सुनाउने बेला यो मागल गाइन्छ । यसमा बालकसँग कुन चिजले कसले दीक्षा सुनायो भनी प्रश्न गरी उत्तरमा भनिएको छ की रामचन्द्र, लक्ष्मण ,पिता

[२४] महेश्वरा देवी उपाध्यायबाट प्राप्त ।

गुरु र पञ्च ब्राह्मणहरूले पञ्चपल्लव र सुनचाँदीको ढुँगोले दीक्षा सुनाएको हो । यसपछि बालकलाई उपदेश गरिएको छ । ती गुरुवाले दिएको शिक्षालाई चित्तमा राख्नु र त्यो मन्त्रको हृदयले नै जपगर्नु त्यस्तो मन्त्र दिने गुरुलाई निहुरेर ढोग दिनु भनी उपदेशमूलक शिक्षा दिएको छ । यहाँ गुरु र गुरुद्वारा दिएको शिक्षालाई नै विशेष महत्त्व दिएको छ । जो हिन्दूको प्राचीन परम्परा हो ।

### ४.२.८ भिक्षा दिँदाको मागल

बझाङ जिल्ला थलाराको समाजमा व्रतबन्ध गर्दा दुलहाको केश छेदन गरी जनै पहिराई सकेपछि आफ्ना अभिभावकहरूबाट भिक्षा मागेर मागेको भिक्षालाई सर्वप्रथम गुरुलाई दिने चलन छ जुन प्रथानुसार मग्ल्यारीहरूले वाद्यवादन विना नै मागलगीत कर्मविधिसँगै गाउने गर्दछन् । यसरी गाइने मागल निम्नानुसार रहेको छ ।

छोड छोड बाला मेरा भिक्षा छोड
वाला भिक्षा छोड
अंजुलीकी दिनी भिक्षा मनैलिदो
माय! भिक्षा मनैलिदो
मुरेलिनो मेरी माया डलिया भरी
मेरासँग मेरीमाया बढी छ जमाद
पैलोकी दिनी भिक्षा गुरुवाहु दियै, वाला गुरुवाहु दियै
तिनमेरा गुरुवाउ निउडी ढोक दियै, वाला निउडी ढोक दियै
गुरुवाउकी दिनीभिक्षा लोल लियै, वाला हिया जप्यै
दोसरी त दिनी भिक्षा जोगेडा दियै, वाला जोगेडा दियै
तेसरी त दिनो भिक्षा बावाज्यू दियै, वाला बावाज्यू दियैं
तिनतेरा वावाज्यू निउडी ठोक दियै, बाल निउडी ढोक दियैं
बावाज्यूकी दिनी भिक्षा लोल लियै, वाला हिया जप्यैं ।[२५]

---

[२५] यो मागल गीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. बस्ने जयलक्ष्मी पाण्डेबाट सङ्कलन गरिएको हो ।

प्रस्तुत मागलगीतमा लोकमन्त्रमा ब्रह्माचारीले अञ्जुलीले दिएको भिक्षा स्वीकार नगरिकन आफूसँग ठूलो समूह छ भनेर डालीभरी भिक्षा मागेको छ । यो 'जमाद' ले प्राचीनकालका गुरुकुलका उसका सहपाठीतिर नै संकेत गरे जस्तो लाग्छ । यसपछि आमाले निर्दिष्ट गरेको छन् । पहिले भिक्षा गुरुको बाहुलीमा चढाइ विनम्र भई गुरुलाई ढोग्नु र गुरु प्रसन्न भै शिक्षा दिने छन सो शिक्षालाई काखी च्यापी हृदङ्गम गर्नु यसपछिका भिक्षा क्रमशः जोगी, पिता, ज्योतिष र व्राह्मणलाई दिनु भनी भनिएको छ ।

### ४.२.९ गोपीचन्नको मागल

गोपीचन्न एक व्यक्ति राजघरानका राजकुमार हुन् । जसको भाग्य परिस्थितिले जोगी भै भिक्षाटन गरी राज्य छोड्नु परेको छ । गोपीचन्न व्यक्तिलाई बझाङ थलाराको समाजमा जीवनसंस्कार जन्मदेखि मृत्युसम्मको संस्कारमा व्रतबन्ध पनि पर्दछ । गोपीचन्द्र एक राजकुमार र राजघरानका कुशल व्यक्तित्वका रुपमा चिनिएका हुनाले लाराको समाजमा व्रत गर्ने व्यक्ति वा दुलहालाई गोपी चन्द्र मानेर चिनाइन्छ । जसले जोगीको रूप धारण गरी हातमा पुस्तक टाटुमा रुद्राक्ष माला र अर्को हातमा पँलास (एक किसिमको बोट) को लौरी लिएर मृगको छाला समातेर काँधमा मेखला भिरी पहेलो वस्त्र धारण गरी मान्यजनबाट भिक्षा मागेर पहिलो भिक्षा गुरुलाई र पछि क्रमशः जोगी, पिता, ज्योतिष, व्राह्मणलाई दिनु भनेर कर्मकाण्डीय विधिनुसार तीनजना नारी समूहले व्रत गर्ने तिर्थमा लामो भाकामा गाउने गर्दछन् । यसरी गाइने गोपीचन्नको मागल निम्नप्रकारको रहेको छ । यो मागलगीत बझाङ जिल्ला कोइरालाकोट गा.वि.स. अदुगालीका रामप्रसाद भट्टबाट सङ्कलन गरिएको हो ।

इलखी चन्नका तिलखी चन्न
तिलखी चन्नका जन्म्या गोपीचन्न
झाउन झाउन जोल्या चेला जोशीज्यूका घर
एकै पश्चन हेराइपन आउन

सालीका चामल डिल्ली रुपिया
सोवन्न रुमाल समाइप हेल्यो
ठमठम जोल्या चेलो लाग्या वटुली
एकन पाटन हिँडी दोस्रो पाटन पौच्यो
तापरी भेटाइहेल्यो दौराला चेला
होइन हो दौरालाचेला तमे सुदीवोलु
जोशीज्यूका घरभ्कान्या बाटो जताइ देउन?
दाउराइप भाचन जान्या पुलीप वानन जान्या
नैरे जान्या नैरे जान्या जोशीज्यूकी बात
दोस्रो पाटन हिडीपन तेस्रो पाटन पौच्यो
तारे परी भेट्टाइ हेल्यो घँस्यारी चेली
होइन हो घँस्यारी चेली मेरो वलु लेउन ?
जोशीज्यूका घरभ्कान्या बाटो जताइ देउन
घाँसैप काटन जान्या पूली प वानन जान्या
नैरे जान्या नैरे जान्या जोशीज्यूकी वात
चौथो पाटन हटीडुली पचाउन पाटन पौच्यो
तारे परी भेटाइहेल्यो पतान्या चेला
होइन हो पतान्या चेला मेरो वलु लेउन
जोशीज्यूका घरभ्कान्या बाटो वताइ देउन
पातै प टिपन जान्या विटाइप भाचन जान्या
नै रे जान्या नैरे जान्या जोशीज्यूको बात
पाँचै पाटन हिडीपन छ यै पाटन पौच्यो
तापरी भेटाइहेल्यो पतारयाली चेली
छन्यारी पन्यारी तिमी सोधी बोलु
जोशीज्यूका घरभ्कान्या बाटो जताइ देउन

एकु वाटो झाला जोल्या पूर्व दिशा

एकु बाटो झाला जोल्या पश्चिम दिशा

एकु बाटो झान्या जोला उत्तर दिशा

एकु बाटो झान्या जोला दक्षिण दिशा

झाउन झाउन जोल्या चेला पूरव दिशा

पीपल चौरडी चिनेको होला

तुलसी मठ लाएको होला

जोला पातर नाचु लगाउन्नी

जोलन (मार्का) कुकुर पाल्याका हुन्ना

सुनका सङ्गार रूपैका द्वारा

उइरे होला जोल्या चेला जोशीज्यूको घर

ठम ठम जोल्या चेला पौची प गयो

होइन होइन वामन वाज्या घर छौ की वन

भन भन ज्योल्या चेला क्याउरे आज्ञा हुन्छ

कोरन्या घुलौंटो समाइ प हेल

वेल्यान पातुरो समाइ प हेल

आउन नारायण वाहुन वाज्या पाटाखानी आउन

एकु पश्चन बाहुन वाज्या हेराइ प देउन

पइली होरो हाल्यो तेइरे होरो मेटयो

दोस्रो होरो हाल्यो तेइरे होरो मेटयो

तेस्रो होरो हाल्यो तेइरे होरो मेटयो

चौथो होरो हाल्यो तेइरे होरो मेटयो

होरो जनमेट जोशीज्यू मेरा

होरो जति मेटयो भन्या कर्म मेट्टी जान्छ

जान्या र सुन्या निकै प जन्म्यो

भन्या र वोलन्या निकै प जन्म्यो

बाह्र वर्ष गोपीचन्द्र जोगी होइप भ्काला

रुदै रुदै जोल्या चेलो घर फर्की आयो

भ्कान्या बेला जोल्या चेलो हसिलो तुसिलो

आउन्या वेला जोल्या चेलो मनका मनुरो

भन भन जोल्या चेला क्याउरे होरो पड्यो

जान्या र सुन्या निकै प भन्यो

ज्यानको सुरो वुद्धिको पुरो

वाह्रवर्ष गोपीचन्न जोगी होरो पऱ्यो

तिलखी चन्नका मनसोच पऱ्यो

दश वर्षको गोपीचन्न ब्याँइ प हेल्यो

हेलु र केलु दुवै रानी आन्यो

अव भया गोपीचन्न वाह्र वर्ष पूरा

वासाउठी गोपीचन्न नाराङ्गीका माडू

भोली उठी गोपीचन्न नाराङ्गीका माडू

नारङ्गीका माडू बाला तेरा क्यारे कामु

नारङ्गका माडू बाला दाखकी भाडी

नारङ्गीका माडूजिया पातरुकी नाच

दाखकी भाडीवाला तेरा घेरै छ

पातरुकी नाचवाला धरै लगाउला

नभ्का वाला नभ्कावाला नारङ्गीका माडू

नारङ्गीका माडू जिया जोगी जमात

मुरे भ्कानो जिया मेरी जोगीयका साथ

सुन टल्कनी हिउँ टल्कनी हेलुकेटु रानी

हेलु कुलु रानी बाला कैरे सुम्पि भ्काल्लै

जिया रे बुबा कै सुम्पि झाल्लै

सिउटी भिउटी सेरा कै सुम्पि झाल्लै

अरकन्या भैसी कै सुम्पि झालै

खरकन्या ताउली कै सुम्पि झाल्लै

लेकको थलो कै सुम्पि झाल्लै

गाडको घट्ट कै सुम्पि झाल्लै

आफू बाला गोपीचन्न जोगी हुन लाग्या

हेलुकेलु रानी जिया माइत वसी रन्नी

मेरो पऱ्यो जियाउ मेरा जोगीयाको होरो

आमा रे बुबा घरै वसी खाया

मेरो पऱ्यो जियाउ मेरी जोगीयाको होरो

सिउटी भिउटी सेरो जिया वाजै परला

मेरो पऱ्यो जियाउ मेरी जोगियाको होरो

अरकन्या भैसी वनचरी खाला

मेरो पऱ्यो जियाउ मेरी जोगीयाको होयो

खरकन्या ताउली साख भाइ खान्ना

मेरो पऱ्यो जियाउ मेरी जोगीयाको होरो

लेकको खलो बाजै प रला

मेरो पऱ्यो ..........

गाडको घट्ट बाजै प रला

मेरो पऱ्यो .........

सर्क मुखलाई वोक्या वाला घर्तीमुखलाई फुक्या

इनरीका जराकोरी तुइवाला पाल्या

विनरीका जरा कोरी तुइवाला पाल्या

गोपीचन्द्र पालनाका भक्तै दुःख पाया

झोली न मेखाला पैरी प हेल्यो
चाँदीका मुकुट पैरी प हेल्यो
चितल्या छाला समाती हेल्यो
बेतैकी लौरी समाती हेल्यो
नौरकी मा वैनी चेलो जन पाल्या
मेरो पाल्यो गोपीचन्द्र जोगी प भैगयो
झाउन भाउन वाला चेला देश डुल्न झाउन
वल्लो देलो माग्या वाला पल्लो देली माग्या
माझ देला वाला तमी भीक्षा जन माग्या
माझका देला वाला तमरी वैनी छ ।[२६]

बझाङ जिल्लाको थलारा क्षेत्रमा प्रचलित मागलहरू मध्ये गोपीचन्नको मागल अत्यन्त कारुणिक भावविह्वल रूपले गाउने गरिन्छ । यस्तो राज्यको सुखसयललाई छाडेर बुढा आमाबाबु श्रीमती सम्पुर्ण चिज छोडनु पर्दा र लयमा मागल गाउँदा जो कोहीका आँखामा पनि आँशु छचल्किन्छ । यो एक वियोगान्त लोककाव्य हो । यसको चरित्र चित्रण भतृहरि जस्तै छ । युद्ध त्याग गरी जोगी भई हिड्न थालेका अर्जुनलाई घरगृहस्ती र राज्यको समुचित संचालन गर्ने कर्मयोग नै शान्ति र मोक्षको बाटो हो भनी सम्झाउने गीता दर्शनलाई यसमा हेय दृष्टिले देखिएको छ । जसको पछाडि समाजमा व्याप्त हुन थालेको अज्ञान र मोहमय समयको अविर्भाव देखापर्दछ । इलखी चन्नको राज्य वृत्तान्त र छोरा गोपीको जन्म ज्योतिषलाई जन्मकुण्डली हेराउन लाग्दा बाटामा परेका बाधा व्यवधानहरू र ज्योतिषले भविष्यप्रति भनेको गोपीको भाग्य बाह्र वर्षमा जोगी हुने कर्मयोग छ भनेर भन्दा दस वर्षमा नै विवाह संस्कार गरी हेलुकेलु रानी ल्याउनु र बाह्रवर्षमा पुत्र भएर राज्य त्याग, श्रीमती, सम्पूर्ण राज्यको हालिमुहाली छोड्नु परेको वर्णन मागलगीतमा रहेको छ । यसरी जोगी भई जाने गोपीलाई मातृस्नेह, ममतामयी आमालाई आफ्नै अघि भिक्षाटन गरी सुदूर गुरु आश्रममा जान थालेको देखी भविष्यको चिरवियोगको काल्पनिक भयले ग्रस्त गर्दछ । यद्यपि शिक्षा

[२६] रामप्रसाद भट्टबाट प्राप्त ।

समापन पछि उ फर्कने छ तर आमालाई यो विश्वास गर्न नै कठिन छ कि पुत्र आफ्नै जिद्दीले झोली, मेखला भिरी जोगी भेषमा हिडिरहेको छ । यो मातृहृदयले कसरी सहन सक्थ्यो र ?

बूढा बुबा-आमा, छोराछोरी र रानीहरूको असहाय अवस्था, सारा राजपाट, देश, डाँडो र पानी पधेराको टुहुरोपन र संरक्षणहीनताले सारा समाज दुःखी छ । गोपी आफ्नो निर्णयमा अटल छ । यो सब आफ्ना-आफ्ना सम्बन्धितद्वारा संरक्षित हुनेछन् । आमा बुबालाई तीर्थमा राखेर, श्रीमतीहरूलाई माइतमा राखेर, सिउटी खेत बाजै, खोलाको घट्ट वाजै  राख्ने, पानी कुवा छोपेर जाने राज्य भाइ, साकसोराहरूलाई सुम्पने कुरा गर्दा गोपीलाई सामाजिक नारीवर्गको अन्तिम अनुरोध छ । जोगी भएर हिडे पनि बहिनीको घरमा भिक्षा माग्न नजानु । नारीको निम्ति माइती पट्टिको ममता र आशा पनि यसबाट स्पष्ट भएको छ । आमाबाबुपछि बहिनीको माइती पट्टिको आशा र सहायता भाइ नै हो । त्यही नै जोगी बनी भिक्षा माग्न आफ्नो दैलोमा उभिन पुग्यो भने बहिनीको निम्ति यो असहय हुनेछ । प्रत्येकनारी आमा र बहिनी दुवै हो । यहाँ नारीको पुत्र र मातृत्वको चमत्कारिक तुलना भएको देखिन्छ । गोपीकी आमाले मनको वह मेटाउदै नङ्रकी आफ्ना बहिनीहरूलाई छोरा पालेर पनि आफूले सुखानुभूति नपाएकीले छोरा नपाल्नु भनेर अनुरोध पनि गरेकी छन् । यसरी यो मागलगाउँदा कोमल हृदय भएकी नारीको अर्न्तवेदना सहन नसकेर प्रायः नारीहरू आँसु खसाली रहन्छन् ।

## परिच्छेद पाँच

# बझाङ थलारा क्षेत्रमा विवाह र देवीदेवताका मागल गीतको अध्ययन

### ५.१ विवाह सम्बन्धी मागलहरूको सङ्कलन

सुदूरपश्चिमको पहाडी जिल्ला बझाङमा विवाहमा देवी देवताको पूजा गर्दा शुभहोस् भनेर मंगलाचरणको रूपमा मागल गाउने गरिन्छ । नेपालको जुनसुकै जाति भए पनि संस्कृतिबाट अछुत रहन सक्दैन । विभिन्न जातजाति भाषाभाषीकाको कारणले भए पनि मूलतः हिन्दू संस्कार अर्न्तगत रहेर सबैले आफ्नो संस्कृतिको पालना गर्नु पर्ने हुन्छ । यसरी बझाङ जिल्लाको थलारा क्षेत्रमा पनि विवाह संस्कार, देवीदेवताको पूजा गर्ने पर्वमा मागलगीत गाउने गर्दछन् । विवाह गर्दा आरम्भ देखि विवाहको अन्तिम सम्म दाउरा ल्याउँने, पात ल्याउँने, कपडा सिलाउँने, गहना बनाउने, चामल रुझाँउदा, गोडाधुँदा, धुलिअर्घ, कन्यादान, अंगुठोदान, चामल भर्ने जस्ता विभिन्न कार्यहरू गर्दा मग्ल्यारीहरूले त्यो कार्यको प्रतिफल शुभ होस् भनेर मागल गीत गाउने प्रचलन छ । त्यस्तै देवी देवताको मठ मन्दिरमा पूजा गर्दा यज्ञशालाको थालनी गर्दा पञ्चभयालु, पञ्चकन्या, पञ्चमग्ल्यारी सबैले हाम्रो कल्याण होस् भनी देवी देवतालाई सम्झेर तन मन, धन सबै देवतामा लगाएर आफ्नो मुक्तिको लागि आराधना गरेको पाइन्छ । मग्ल्यारीले पनि पाँच रात, दिन लामो भाकामा मागलगीत गाएको पाइन्छ । ती मागलगीत निम्न अनुसार छन् ।

#### ५.१.१ चामल रुझाउँदाको मागल

हिन्दू धर्मको परम्परा अनुसार लोकशास्त्रीय, लोकसंस्कृति भित्र पर्ने मानव जीवनमा जीवन संस्कार भित्र विवाह पनि पर्दछ । बझाङ जिल्लाको थलारा क्षेत्रमा विवाह संस्कार गर्दा विवाहको पहिलो दिन चामल रुझाउने काम सुरु हुन्छ । चामल रुझाँउदा पाँचओटा भाँडा तामाका, तामाका नभए पितलका ताउलीमा चार जना कन्या र एक दुलहाले चामल भिजाउँछन्, जसलाई चामल रुजाई भनिन्छ । चामल

भिजाउँदा घरबाट पानीको धारासम्म कन्या र दुलहासँगै गए अगाडि पछि दमाई बाजा गाजा बजाई पँधेरासम्म गई चामल रुझाउने गर्दछन् । चामल रुझाउँदा दुलहाका घरमा मग्ल्यारीहरूले निम्न मागलगीत गाउने गर्दछन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ६ बस्ने हर्कमती देवी पाण्डेय र कृष्णादेवी पाण्डेयबाट सङ्कलन गरिएको हो ।

काँ रे तमु शालीचामल जरमनु भयो
काँ रे तमु शालीचामल लिया अवतार
गुरुखेत रबजिउली जरमनु भयो
बहमा घर लिया अवतार
कनतमु गुरुखेत बयाउनो बतायो
शिशया बालाले बयाउनी वतायो
कनतमु गुरुखेत सजाउनी सजायो
शिसयाका वुवाज्यूले सजाउनी सजायो
कनतमु गुरुखेत रोपनी रोपियो
शिसयाका इजुज्यूले रोपनी रोपियो
कनतमु शालीधान गोडनी गोडियो
शिसयाकी इजुज्यूले गोडनी गोडियो
नङरकी दिदी बहिनी घान काटन्नी
शालीको धानका कुनिया खत्यायो
शिशयाका वुवाज्यूले कुनिया चुटियो
सालीजो धानका वोजाइ बनायो
शिशुयाकी इजुज्यूले कोठाइ सचियो
सालीजो घान घाम सुकायो
पङ्गीधानकी धानै उकेसो

अब ढिकी ओखल धान कुटियो

सालीजो चामल फलनी फलियो

बालाजो शिशयाका चामलै रुज्या

जरम जरम मुइले कृष्णज्यू धाया

कृष्णज्युका झाउला भनी एकादशीलिया

करमले औणी शिशुपाल

बुबामेरा धर्मकारी कृष्णज्यूरोज्या

दाजुमेरा धनलोभी शिशुपाल रोज्या

शिशुपाल रायणीको पिठो कुटियो

कृष्णज्यूको ज्वाल्यालैन आयो

हाहा ! कृष्ण घाया मुइले तोइ ।[२७]

उक्त मागलले दुलहीले कृष्णजीलाई सम्झेर एकादशी द्वादशी व्रत वस्ने गरेकी रहिछन् । दुलहाका घरमा चामल भिजाउने काम भै सक्दा पनि खबरेहरू नआएकोले चिन्ता व्यक्त गरेकी छन् । सालीचामल कहाँ जन्मेको, कसले बनाएको, रोपेको, गोडेको, काटेको, चुटेको भनेर सोधिएको छ । सालीचामल वैकुण्डको गुरुखेतमा दुलहाका बुवाले उमारेको आमाले जम्मा गरी राखेकी छन् । बुबा धर्मकारी हुँदा कृष्णजीलाई रोजेको र दाजु धनलोभी हुँदा शिशुपाल रोजेको आसय रहेको छ ।

### ५.१.२ दाउरा अनाइ

गाउँघरमा खाना पकाउने प्रमुख साधन दाउरा भएकोले जन्तको खानपान सुसम्पन्न गर्न बढी दाउराको आवश्यकता पर्दछ । त्यस कारण दाउरा सङ्कलन गर्न केही व्यक्तिहरूलाई जंगलमा दाउरा ल्याउन पठाइन्छन् र त्यसैलाई दाउरा अनाई भन्दछन् सो समयमा मागल गाउने गर्दछन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरव

---

[२७] हर्कमती देवी पाण्डेय र कृष्णादेवी पाण्डेयबाट ।

गा.वि.स. वडा नं. ६ बस्ने हर्कमति देवी पाण्डेय र जयलक्ष्मी देवी पाण्डेयबाट सङ्कलन गरिएको हो ।

शिशुवाला रायाका दौराखी नसिग्या
कातमु चन्दन दौरा जरमनु भयो
मेली न फगाली मेरो जरमनु भयो
कातमु चन्दन दौरा लिया अवतार
ब्रह्माघर लिया अवतार
कनतमु चन्द्रन दौरा अनाउनी अनायो
बाला न शिशुले अनाउभो अनायो
नङरका भाइले आनी भलो दियो ।[२८]

दुलहाका घरमा दाउरा ल्याउन जाँदा श्रीखण्डचन्दनका दाउराको कहाँ उत्पति भएको र कहाँ अवतार लिएको भनी गाइने मागलमा ब्रह्माका घरमा अवतार लिएको र गाउँका मेली न फगाली जन्म लिएको दाजुभाइले गएर श्रीखण्डचन्दनका दाउरा ल्यइदिएको भनी मग्ल्यारीले मागलगीतबाट प्रस्तुत गरिएको छ ।

### ५.१.३ पात अनाइको मागल

हिन्दू धर्म संस्कार अनुसार पूजा गर्न र खाना खानाको लागि दुना टपरी बनाउने गरिन्छ । खाना खान सजिलो होस भनेर पूजा गर्नको लागि आवश्यक पर्ने भएकोले पीपल, आँप, खैर, कुश, अमला, मालु जस्ता पवित्र वृक्षका हरिया पातहरूको आवश्यकता पर्ने हुँदा जंगलबाट पात ल्याउने गरिन्छ जसलाई पात अनाई भनिन्छ, पात ल्याउदा निम्न मागल गाइन्छन् । यो मागल बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ६ बस्ने मन्धरी देवी पाण्डेबाट सङ्कलन गरिएको हो ।

[२८] हर्कमति देवी पाण्डेय र जयलक्ष्मी देवी पाण्डेयबाट प्राप्त ।

शिशुपाल रायणिका पात नसिग्या
कृष्णज्यूको ज्वाल्या लैन आयो
कातमु मालुपात जरमनु भयो
का तमु मालुपात लिया अवतार
गंङ्गीनै बगर मैले जरमनु लिया
ब्रह्माघर लिया अवतार
कनतमु मालुपात अनाउनी अनायो
कनतमु मालुपात आनी पुगायो
बाला जो शिशुले अनाउनी अनायो
नङर भाइले आनी पुऱ्यायो
बालाजो पातका दुना पाल्ता लाग्या
देउलीजो निगालाका सिन्की चिरियो
का तमु देउलीजो निगाला जरमनु भयो ?[२९]

प्रस्तुत मागलमा जंगलबाट पात ल्याउने काम भै सकेपछि आफूले कृष्णलाई धाएको सफल भएको, मालु पातको ब्रह्माका घरमा अवतार भएको र गंङ्गीका वगरमा जन्म भएको देखाएको छ र उक्त पातहरू गाउँका सबै दाजुभाइहरु गएर ल्याएका छन् भने निगालाका सिन्का बनाएर सिइएको प्रसङ्ग उल्लेख गरिएको छ ।

### ५.१.४ ताइबस्नुको मागल

खाना पकाउँदा विवाहको समयमा तेल तथा घ्यूमा अनेक प्रकारका पकवान पकाउने गरिन्छ । बझाङी भाषामा तेलमा पकवान पकाउने कामलाई ताइवस्नु भनिन्छ । ताइवस्दा, बत्ती, गणेश, कलशको पूजागरी विभिन्न प्रकारका पकवान पकाइन्छ । मग्ल्यारीले त्यसबेला गाउने मागलगीत निम्न रहेका छन् । यो मागल गीत

[२९] मन्धरी देवी पाण्डेबाट प्राप्त ।

बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ५ बस्ने राजमति देवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

ज्योतिष मध्येका को रे हुन्ना जेठा
ज्योतिष मध्येका गर्गऋषि जेठा
ज्योतिषको पश्चन हाली मागु
को बेला होला ताइको दिन
कसरी बसालु लवाकी ताई
गर्गजो ऋषिले दिनै टिपियो ।
बाह्र जो सूर्य उदय हुन्ना
तब आउला ताइको दिन
तल्ली जो हुन्ना जल रे थल
वाइमथि अष्टमुखि नाग
वाइमथि कुरम देउ
वाइमथि घरती माई
वाइमथि वसन्ना डौसिल ढुन्गा
वाइमथि बसी लवाकी ताई
वाइमथि बस्यो कपुरवास्था घिउ
शिशुवाला रायाका टाइयै वसिग्या
कृष्णज्यूको ज्वाल्या लैन आयो ।[३०]

ज्योतिष मध्ये कुन ऋषि जेठा होलान उनैबाट हेराइ ताइको दिन कुन लग्नमा शुभ छ त्यसैबेला बनाउने काम गरौं, पृथ्वीको भित्री भागमा रहेको जलथल, अष्टमुखी नाग, कुरमदेव र घर्तीमाता माथि डौसिल ढुन्गा राखेर लवाको ताउलीमा पकवान

[३०] राजमति देवी भट्टराईबाट प्राप्त ।

पकाउने काम भएको छ कृष्णज्यू सँग विवाह होला भनी कन्याले सोमबारको व्रत बस्ने गरेको रहिछन् भन्ने सन्दर्भ प्रकट भएको छ ।

### ५.१.५ नाता छेकाइ

बझाङ जिल्लाको थलारा क्षेत्रमा विवाह हुनु पूर्व दुलहा दुलही दुवै पक्षका घरमा वर तथा कन्याका लागि कपडाहरू सिलाउने गरिन्छ । कपडा सिलाउनका लागि पनि शुभदिन हेरेर हर्ष बढाइँका साथ कपडा सिलाउने गरिन्छ । यसलाई बझाङ जिल्लाको थलारी भाषामा नाता छेकाउने भनिन्छ । नाता छेकाई गर्दा गाइने मागलगीत यस प्रकार छन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरव - ५ बस्ने विरमा देवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

शिशुपाल रायणिका नाता छेकिया
आउन आउन दर्जी दादै आगन वसन
पयाइनी हाल्यो शालीचामल
वाइमथि राख्या मालुकी पात
वाइमथि राख्यो श्रीखण्ड चन्दन
वाइमथि राख्यो दुवाकी चाप्पड
वाइमथि राख्यो रेसमी कपडा
दिरे हेल्यो दमाईका हात
कारे तमु रेसम जरमनु लिया
कारे तमु रेसमले लिया अवतार
कनतमु रेसम अनाउनी अनायो
कनतमु रेसम अनाउनो पुऱ्यायो
बालाजो शिशुले अनाउनी अनायो
शिशुका बुबाज्यूले आनी पुगायो ।
शिशुपाल रायणीका लुगा सिलायो ।

कृष्णज्यूको ज्वाल्या लै न आयो
बुझायो दमाइले ब्रह्माज्यूका हात
शिशयाखी जियाज्यूले सालीधान दियो
ठोक ठोक दमाई दादै नगरी ठोक ।[३१]

प्रस्तुत मागलमा दुलहा दुलहीका लुगा, कपडा सिलाइन्छ । दमाई दादैलाई सिलाउने कपडा दिँदा मालुका पाल्तामा शालीचामल, श्रीखण्ड चन्दन, दुवो, कपडा राखेर दिइन्छ । रेसमी कपडालाई कहाँ कसले ल्याएको भनी दुलहीले सोधेको प्रश्नमा शिशयाले मगाएको र उसका बुबाज्यूले ल्याएका हुन भनी बताएको छ । विवाहका शुभ साइतका कपडाहरू सिलाएर दमाईले व्रहमाका हातमा दिएको र शिशयाकी इजुज्यूले सालीधान दिई नगरी (बाजाको चाल) बजाउ भनेकी छन् ।

### ५.१.६ गरगहना बनाउँदाको मागल

दुलहा दुलहीले लगाउने सुन चाँदीका गहनाहरू किलिप काँटा, श्रीबन्दी, नथ मुन्द्रा, बाला, मुन्द्री, फूल, मंगलसुत्र, औंठी, फूली, बाली, मुन्द्री, दुङग्री गुलाबी आदि गहनाहरू विवाहको तीन दिन पूर्व बनाइन्छ । जसलाई बझाङी वा थलारी भाषामा गरगहना बनाई भनिन्छ । यसरी यस बेला गाइने मागल निन्न छन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. २ पिखेतकी ७१ वर्षिया जुनादेवी रोकायाबाट सङ्कलन गरिएको हो ।

सुन जो मधेका को रे हुन्ना जेठा
सुन जो मधेका गंगाउल जेठा
घनु जो मघेका को रे हुन्ना जेठा
चादी जो मधेका को रे हुन्ना जेठा
चाँदी जो मधेका दुघ्या चाँदी जेठा
क्याखी वनाउ हात अगौठी

[३१] विरमा देवी भट्टराईबाट प्राप्त ।

क्याखी बनाउ हातको बालो

बस वस कामी दादै बाहिर आगन

वाइखी जो होली दुवाकी हात

वाइखी जो होली गाईकी लात

वाइखी बनाउन तउरी आरन

बसीगया कामी दादा सुन आरन

शिशुवाला रायणीका गहना ठालियो

बझाङ जिल्ला थलारा क्षेत्रमा विवाह गर्दा सुन र चाँदी, तामाको  गरगहना बनाउने चलन रहेको छ । यसरी विवाहमा मूलतः सुन चाँदीका गहना बनाउँछन् । गहना बनाउनेकाम कामीले गर्ने गरेको छ । मागल लगाउँदा सबभन्दा जेठो सुन, चाँदी कुन हो? घुम्नु कुन हो? अगौठी कुन चाँदीको बनाउने, कुन सुनको नाकमा लगाउने मुन्द्री बनाउने भनी प्रश्न गर्ने गरिएको छ र कामी दादैलाई आँगनमा राखेर आरनमा सुन चाँदीका गहनाहरू बनाएको देखिन्छ ।

### ५.१.७ कोसेली बान्नु

बझाङ जिल्ला थलारा क्षेत्रमा कोसेली भन्नाले विवाह जानु भन्दा एकदिन पूर्व दुलहाको घरबाट दुलहीको घरमा पकवानहरू लिएर विवाहको सुरसार, सु-समाचार सब ठीकै छ शुभलग्नमा भोलि विवाह आउने छ भनी अग्रीम सूचना दिन दुई जना व्यक्तिहरूलाई पठाइन्छ । यसरी सूचना लिने व्यक्तिहरूलाई तातीकोसेली भनिन्छ । दुलहीको साथी, मग्ल्यारी, मित्रहरूलाई मिष्ठान्न खाना, पोका वा गुड, वदाम, नरिवल आदि दिने गर्दछन् । यसैलाई थलारी भाषामा कोसेली भन्ने चलन रहेको छ यसरी कोसेली पठाउदा गाइने मागलहरू यसप्रकार छ । यो मागल गीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. २ पिखेत बस्ने ७१ वर्षिया जुनादेवी रोकायाबाट सङ्कलन गरिएको हो ।

शिशुवाला जो शिशुका कोसेली बानियो
भ्फाउन भ्फाउन ज्वाल्या तमे चतुराका देश
चतुराकी चेलीबेटी ख्यालु अरन्नी
तमे भया भक्तै सयाना
तमेवस्या कुसुमका भाडी
चतुराका ज्वाँल्या मार्का भुकी भुकी आउन्ना
तमे भया भक्तै चतुरा
तमेवस्या फूलका भाडी
शिशुपाल रायणीका कोसेली नसिग्या
कृष्णज्यूको ज्वाँल्या लैन आयो
कृष्णज्यूका भ्फाउला भनी बाह्र तीर्थ नाया
करमले औणी शिशुपाल ।[३२]

माथि उल्लेखित लोकमन्त्र मागलमा शिशुवालाको विवाह हुने तारतम्य हुँदैछ भनी चतुराको देशमा कोसेली (उपहार) लिएर खवरेहरू पठाएका छन् । चतुराको देशमा चेलीवेटीहरू चलाख भएकीले तपाईहरूले चलाख हुनु अर्को कुरा चतुराका दरवारमा एकजोर कुकुर पनि छन् त्यसमा ख्याल गर्नु र तिमीले कुसुमको भ्फाँडी वगैचामा पसेर जानु भन्ने संदेश मूलक अति उपदेश दिएर पठाएका हुन्छन् । उता दुलही पनि कृष्णसँग विवाह गरुला भनेर बाह तीर्थ नुहाएकी छ र भाग्यको कर्मको दुर्भाग्य के छ आफैमा प्रश्न गरेकी छ ।

### ५.१.८ नाता लगाउनुको मागल (कपडा पहिराउँदा)

विवाहको तारतम्य भैसकेपछि विवाह जाने दिनमा दुलहाको घरमा आफन्तहरूलाई खाना खुवाइन्छ । जन्तीहरूले खाना खाइसकेपछि पञ्चेवाजाका साथ दुलहालाई लुगा कपडा लगाउँछन् जसलाई बभ्फाङको सन्दर्भमा नाता लगाउनु

---

[३२] जुनादेवी रोकायाबाट प्राप्त ।

भनिन्छ । नाता लगाउँदा निम्न मागल गाइन्छ । यो मागल बझाङ जिल्ला कोटभैरव - २ पिखेत वस्ने ७१ बर्षिया जुनादेवी रोकायाबाट सङ्कलन गरिएको हो ।

पैर बाला पैर बाला राज सुतन
वाइमाथि पैर बाला आङ अङरी
वाइमथि पैर बाला कण्ड पटुका
माथजो पैरवाला सोवन्नी टोपि
घाटी जो पैरवाला रुद्राक्षमाला
पैरौ व्रह्मा पैरौ ब्र्ह्मा श्रीखण्ड चन्दन
पैरौं दिदी पैरौ दिदी फूलकी माला
मुरे झानो रुखवीना व्याउन
दसधारी दुध ख्याँया, दसमासलै वोक्या
आजवालो रुखवीना व्याउनो
मेरो दिझा दुधको मोल
जीउनी भया इजुज्यूका गाडु ढालुला
मऱ्यापछि इजुज्यूका पिण्ड हालुला
वाइरे होला इजु तउरो दुधको मोल
मेरा हुन्छ लगनकी वार
इजुको लडयोलो मुवालो शिशु
बुबाको लडयोलो मुवालो शिशु
कसरी ओल्लु बाहिर पाटाखानी
विन्न अर्ति पाउलैन सारु
कसोरी झाउ मुई रुखवीना व्याउन
कसोरी रुखवीना व्याँइघर आनु
कान खमिरा लै झाल्लै बाला
नाक बेसरी लैझाल्लै बाला

आङ अङरी लैभ्काल्लै बाला

उर घाँघरी लैभ्काल्लै बाला

गात पछ्यौरा लैभ्काल्लै बाला

हात अगौठी लैभ्काल्लै बाला

पाया जेअरी लैभ्काल्लै बाला

टाटु खाकल लैभ्काल्लै बाला

भ्काल्लै बाला भ्काल्लैबाला रुखवीना व्याउन

दिभ्का मेरो दुधको मोल

गया भ्काउला काशी भ्काउला पिण्ड हालुला

वाइरे होला इजु तउरो दुधको मोल

मेरा हुन्छ लगनकी वार

ओल्लाबाला[२] वाहिर बरियात

घुडा जन टिलेइ बाला माथ जन ठोकेइ

ओल्लबाला[२] बाहिर पाटाखानी

बाहिर राखि श्रीखण्डको डोला

वाइमी राख्यो रेसमको अबाड

वरडाडी परडाडी सुनका कलश

माभ्क डाडी उदाया सुरज

अव बालो मेरो आशु ढालनो

होइनबाला[२] आशुजन ढाल

भ्काउबाला रुखवीना व्याउन

बालादुध ख्याँया मुइले शिशुबाला

मेरो बालो रुखवीना व्याँइघर आउला

भ्काउन जन्ती[२] चतुराका देश

तमेवस्या कुसुमका भाडी

चतुराकी चेलीबेटी ख्यालु अरन्नी
तमेभया भक्तै सयाना
जन्त गै छ मेली न फगाली
बासुधारा पडिगैछ रात
पुगिगैछ वऱ्यात साझैका बेला
गंङ्गीठटा रुखवीना एकविन्ति लेउन
बुबाज्यूका घरझान्या बाटो जताइ देउन
बछौली गवलु हमरा हरानी हराना
घरहमुन बुबाज्यू रिसाना
रिसान्या बुबाज्यू तउरा फूल्याइ पत्याइ दिउलो
कति तमे मैत्यारुखो कति तमे पैल्यारुखी
कति छौं वियाउनीकन्या
सातै तमे मैत्यारुखी सातै हमे पैल्यारुखी
रुखबीना व्याउनी छन् कन्या
होइन हो रुखवीना एकविन्ति लेउने
तम्रा वुवा पैराउनाखो मालासारी देउन
बिसैला बदलु हमरा हरानी हराना
घर हम्रा बुबाज्यू रिसाना
रिसान्या बुबाज्यू तउरा फुल्याई पत्याई दिउली
रुखवीना व्याँइघर लिउली
एकवाटो उत्तरदिशा एकवाटो पाश्चिम
पूर्वदिशा झान्या जोगी वुवाज्यूका घर
शिशुजो बालाकी बन्यातु पुग्याकी
रुखवीना जंगल लुक्याकी
कृष्णज्यूको जोगी औतार

घाउन घिउन जोगी घाकडो आलकी जगाउने ।
लैभ्फाउ लैभ्फउा जोगी घानैको भिक
धानैको भिकमाई डुमडोल्या लिन्ना
मु लिउला मनैको भिक
वस जोगी बसजोगी बाहिर आगन
बाहिर आगन कुकुर विल्ला रन्ना
मुरे भ्फाउला बाहिरजो चाक
लैभ्फाउ जोगी जउको भिक
जउको भिकमाई गोठगाई खान्ना
मुरे लिउला मनैको भिक
वस जोगी[२] मध्यान्नी पाण
लै भ्फाउ जोगी चामलैको भिक
चामलको भिकमाई व्रह्माज्यू लिन्ना
मुरे लिउला मनैको भिक
अव वसि रुखबीना खमेली पाछा
पश्चिम बस्या शिशुजो बाला
मध्यान्नी बस्या कृष्ण औतार
चर्तुमुखी ब्रह्माले कर्म चलायो
अव आयो कन्यादानको वेला ।[३३]

प्रस्तुत मागलको आशय हेर्दा दुलहाले दुलहीको घरमा जानुभन्दा पूर्व नै आफूले लगाउनु पर्ने पहिरन, रुद्राक्षमाला, श्रीखण्डचन्दन, फूलको माला र परम्परागत पहिरनको अवस्था देखाएको छ । कृष्णरूपी दुलहाले रुक्मिणीलाई विवाह गर्न घरबाट डोलीमा चड्दा आमाले आफूले पाएको दुःखहरू पोख्दै आफूले खुवाएको दुधको मोल र गर्भमा छदा पाएको दुःख सबै सम्भ्फेर दुलहा छोरासँग दुधको मोल माग्ने प्रयास गरेको

[३३] जुनादेवी रोकायाबाट प्राप्त ।

छ जसको उत्तरमा दुलहा छोराले आमालाई मरेपछि तीर्थ गर्ने पिण्ड हाल्ने स्वर्गको वैतरणी नदीमा तराउने छु भन्दै आफ्ना शुभलगनको काममा ढिला हुन्छ भनी विदा माग्दछ । यसरी रुक्मिणीसँग विवाह गर्ने, के के गहना पैराउने भन्दा आमाले नाकमा वेसरी, हातमा अगौठी र घाटीमा खाकल लगाउनु भनेकी छन् ।

यसरी श्रीखण्डको डोलीमा रेसमको अवाड, सुनका कलशमा पानी राखी विदा गर्दै दुलहा डोलीमा सूर्य जस्तै दीप्त देखिन्छ र आमाको सम्झाइमा रुदा आमाले मातृहृदयबाट सम्झाउदै चतुराका देशमा तिम्रो विवाह जादैछ समस्याहरू आउलान विचार गर्नु भन्दै विदा गर्दछिन् । साँझको समयमा जन्ती दुलहीको घरमा पुग्दछ उता रुक्मिणी गाई चराउन वनमा गएको प्रसङ्ग छ र जोगी रूपधारी कृष्णजीले भिक्षा माग्दा विभिन्न भिक्षालाई स्वीकार नगरी केवल मनको भिक्षाको सङ्कल्पमा रहेर विवाह गरेर घर फर्केको मागल गायन प्रस्तुत भएको छ ।

### ५.१.९ धुलि अर्घ (गोत्रोच्चारणको मागल)

बझाङ जिल्लाको थलारा क्षेत्रमा दुलहाको घर दुलहीको घरमा जन्ती पुगेपछि दुलहीको पिताले पाँच पाण्डबको नाम पुकारी चिराँक जलाएर घरवाहिर रहेको यज्ञ मण्डपमा स्वागत गर्दछन् । यो स्थानीय लोकमन्त्र पद्धति अनुसार कन्या पक्ष द्वारा वरको र वरको पक्ष द्वारा गोत्र, प्रवर, बेद, शाखा र कुलको परम्परा जान्न सोधिने प्रश्न र उत्तर हो । कन्या पक्षबाट श्रृंगारपूर्ण माङ्गलिक श्लोकपाठ गरी यो प्रश्न सोधिन्छ । वर पक्षबाट उत्तर दिइन्छ अनि वर पक्षबाट सोधिने गरिन्छ । दुबै पक्षका आर्चायहरुबाट गोत्रोच्चारण गराई कन्याका पिताले वर पक्षका आर्चायको र वरको पूजा गरी गोडा धुने चलन छ । दुलाहाका हातमा बालो लगाई तामाको अर्घले पाउदेखि शिरसम्म दुध मह पानी मिसाएको जल चढाई वरण सामग्री दिई मघुपर्क गर्नु पर्दछ । यस समयमा मग्ल्यारीहरूले मागल गाउने गर्दछन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरव पिखेत बस्ने वर्ष ७१ की जुनादेवी रोकायाबाट सङ्कलन गरिएको हो ।

शिशुकी वऱ्यात पुगिगैछ वाहिर पाटाखानी
वसीगैछ ढुवीजो चउर
ताइरे रै छ फूलकी भाडी
आनी हेल्यो निगाली चिराक
आनी हेल्यो सुनकी कलश
आनी हेल्यो तामाकी ताउली
आनी हेल्यो मालुकी पाल्ती
आनी हेल्यो सुनकी लोटा
आनी हेल्यो गङ्गीको जल
आइरेगया चर्तुमुखी व्रह्मा
रुखजोवीनाका वुवाज्यू आया
गाईका गउतको आंसकु छडयो
गंङ्गीका जलले जलधारा दियो
कैलीका दुधले अरगु दियो
वह्माजो कुशको सङ्कल्प दियो
तिलजो जउको सङ्कल्प दियो
तल्लीजो वस्या घरती माई
वाइमाथि व्रह्माजीले वेदी पुऱ्यो
वाइमथि राख्यो मालुको पाल्तो
वाइमथि राख्यो तामाकी ताउली
वाइमथि राख्यो सुनकी लोटा
शिशुजो बालाका पाउ चालियो
श्रीखण्ड चन्दन शिर पैरायो
सोवन्नी टोपि माथ पैरायो
शिशुजो बालाकी घुलीअर्ग भैगै
कृष्णज्यूको ज्याल्या लैन आयो ।
कृष्णज्यूका झाउला भनी एकादशी लिया ।[३४]

---

[३४] जुनादेवी रोकायाबाट प्राप्त ।

प्रस्तुत मागलको आशय हेर्दा दुलहाले दुलहीको घरमा पुगी बाहिर पाटाखानीमा जन्तीहरू लामबद्ध भएर बसेका छन् । जसको स्वागत सत्कारको निम्ति दुवी चउर फूलको वारी र जौको खेत भएको ठाउँमा कृष्णजी सम्झेर वरको वरिपरि चिराक ( आगो वलेको काठ) लिएर सुनको कलश, तामाको ताउली, मालुको पात ल्याएर दुलहीका बुबा घरबाट बाहिर आउँछन् । गाईको गोमूत्रले यज्ञभूमि शुद्ध गरी गंङ्गाको जल, कुश पाती, जौं आदि सम्पूर्ण चिजहरू लिएर ब्राह्मणले वेदी पुर्दछन् । यसरी कर्मविधिसँगै वर दुलहालाई खुट्टा धोएर श्रीखण्ड चन्दन लगाई माथमा टोपी पहिराई हातमा औठी लगाई दिन्छन् । जबकी दुलहीले कृष्णज्यू वरपाउ भनी व्रत बसेकी हुन्छन् ।

### ५.१.१० दुलहा भित्र लिनु

बझाङ जिल्लाको थलारा क्षेत्रको लोक संस्कारमा दुलहीका घरमा पुगी धुलीअर्घ भै सकेपछि दुलहालाई भित्र लिने चलन छ जससँग दुलहाका पण्डित र अभिभावक पनि जाने गर्दछन् । यसरी घरभित्र जादा उनीहरूको स्वागत सत्कारमा मिष्ठान्न भोजनहरू खुवाउने गरिन्छ । जसलाई भित्र लिनु भन्दछन् । यसरी दुलहा भित्र लिदा मागल गाउने गरिन्छ । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. २ बस्ने ७१ वर्षिया जुनादेवीबाट सङ्कलन गरिएको हो ।

ओछ्याउ बुबा ओछयाउ वुवा कुशकी आसन
तउरा आया धर्मका ज्वाई
वसी झान्ना कुश आसन
ताइनाई बस्या चर्तुमुखी ब्रह्मा
वाइनेर हुन्ना गणेश कलश देउ
वाइरे होला गंङ्गीको जल
वाइरे होला कैलीको गउत
वाइरे वल्याहुन दीपजो देउ

ताइरे हुन्ना सप्त जो ऋषि

ताइरे थाप्यो नवग्रह देउ ।[३५]

प्रस्तुत मागलको आशय हेर्दा दुलहालाई भित्र लिई सकेपछि ब्राह्मणले पूजा गरी गणेश, कलश, दीपको पूजा गरिन्छ । दुलहीले आफ्ना बुबालाई दुलहाको लागि कुशको आशन ओछ्याई दिनु होस भनी आग्रह गरेको देखिन्छ । त्यसैमा चुर्तुमुखी व्रह्मालाई बसाली कलश, गणेश, बत्तीको पूजा गर्नु होस भनी आग्रह गरिएको पाइन्छ ।

### ५.१.११ ठेला बस्नुको मागल

घुलिअर्घ, दुलहा भित्र काम भएपछि दुलहालाई दुलहीका पिताले घरभित्र रहेको आफ्ना यज्ञमण्डपमा बोलाई दुलहा दुलहीलाई कुर्सीमा या काठको आसन बनाएर बसाल्दछन् । जसलाई बझाङी जन्तको संस्कारमा ठेलावस्नु भनिन्छ । यसपछि यज्ञमण्डपमा बसी नवग्रह गणेश, कलश, वत्ती, षोडश, मातृका र इष्ट देवताको पूजा कर्मविधिसँगै मागलहरू गाउँछन् । ठेलावस्ता गाइने मागलगीत निम्नानुसार छन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ५ वस्ने विरमादेवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

बालाजो कन्या शिशुजो बाला वसिगया ठेला

क्याखी होली बालाकी ठेली

वसवस रुखवीना हमरी मण्डप

इजुकी लडेली मुईवाली कन्या

बुबाकी लडेली मुईवाली कन्या

कसोरी वसु मुई तउरी मण्डप

वुढाको लडेलो मुइबालो कृष्ण

इजुकी लडेली मुईवाली कन्या

[३५] जुनादेवी रोकायाबाट प्राप्त ।

तल्लीरे हुन्ना जल रे थल
वाँइमाथि हुन्ना बासुकी नाग
बाँइमाथि वस्या कुरम देउ
वाँइमथि हुन्ना घरती माई
वाँइमथि होला कैलाको गोठ
वाँइमथि होला गाव मजेली
वाँइमथि होला मध्यान्नी पाण
वाँइमाथि मध्यान्नीपाण बसिगया तेत्तीसकोटी देउ
ताइरे बस्या बालीजो कन्या
ताइरे बस्या बालाजो कृष्ण ।[३६]

दुलहीले दुलहालाई यज्ञ मण्डपमा बसेर लगनै भित्रै विवाह गरौं नत्र भने लगन छुट्ने छ र अशुभ समय आउने छ भनी अनुरोध गर्दा दुलहीले आफ्नो आमाबुबालाई छोडेर तपाईसँग कसरी जानु भनी भनेकी छन् भने दुलहाबाट पनि यस्तै प्रतिक्रिया आएको छ ।

## ५.१.१२ गोडा धुदाको मागल

बझाङ थलाराको लोकसंस्कारमा दुलही पक्षकाले वर एवं कन्यालाई टीका लगाई दुवैका खुट्टाको पानी चाखेर (खाएर) खुट्टा शिरमा राख्ने चलन छ, जसलाई गोडा धुनु भन्दछन् । यसरी गोडा धुँदा अभिभावकहरूले वर वधु दुवैलाई दक्षिणा, वस्त्र भाँडाकुडा दिने गर्दछन्, भने कसै कसैले टीका मात्र पनि लगाउँछन् । यसरी गोडाधुँदा मग्ल्यारीले मागलगीत गाउने गर्दछन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. ५ बस्ने लक्ष्मी देवी भट्टराईबाट संङ्कलन गरिएको हो ।

[३६] विरमादेवी भट्टराईबाट प्राप्त ।

घडोदान अन्या वुवा करै दान अन्या
दान ठूलो कन्यादान होला
अव वुवा पाउ छालन्ना
खाट सुत्या बुबा मेरा जागोहोइप भ्काउ
तमरी छोरी कन्यादान पाउछाली शिरलेउ
बुबाज्यू भन्दा बाह्र तीर्थ नाउला
बुबाज्यूका बाह्र तीर्थ देली मथि भया
खाट सुत्या इजुमेरी जागो होइप भ्काउ
तमरी छोरी कन्यादान पाउछाली शिरलेउ
इजु मेरी भन्नी तमे बाह्र तीर्थ नाउला
इजुका बाह्र तीर्थ देली मथिभया
काका ...
काकी ...
भाउज्यू ... ।[३७]

माथिको लोकमन्त्रमा वरवधुका खुट्टा धुने बेला कन्याले आफ्ना बाबुलाई तपाईले गर्नुभएको कन्यादान सफलहोस् । तपाईको आयु लाखौं वर्षसम्म वढोस् र वैकुण्ठमा बास होस् भनेर आर्शीवाद बोल्छिन् । तपाईले बाह्रतीर्थ गरुला भन्नु हुन्थ्यो । जुनतीर्थ गर्नाको लागि घरवाहिर जानु परेन भनेकी छिन् । आमाले पनि कन्यादान गरेको हुँदा कन्यादानको फलले हिन्दूहरूका पवित्र तीर्थ, गया, काशीमा गई तपस्या गरेको फल जस्तै फल प्राप्त भइसकेको छ । त्यस्ता तीर्थहरू तपाईकै घरमा छन् भनी बोलेकी छन् । अन्य गोडा धुने अभिभावकहरूलाई पनि यसरी आर्शीवचन दिने गर्छिन् ।

[३७] लक्ष्मी देवी भट्टराईबाट प्राप्त ।

### ५.१.१३ अगुँठो दानको मागल

बझाङ थलाराको समाजमा लोकसंस्कारमा वरवधुलाई यज्ञमण्डपमा बसाली सकेपछि वधुका बुबा आमाले दाँया बूढी औला वरको हातमा सुम्पदै विभिन्न देवदेवता साक्षी राख्ने चलन छ । जसलाई बझाङ थलारको भाषामा अँगुठो दान भन्ने चलन छ । यसरी अँगुठोदान दिने बेला मग्ल्यारीले गाउने मागल गीत यस प्रकार रहेको छ । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ५ बस्ने कमलादेवी भट्टराई र लक्ष्मीदेवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

छोड छोड दुलगेडा तै बाउली छोड
मेरी घिया दुःखजन दिया
सालीग्राम देवता तेरा साछी
गणेश देवता तेरा साछी
वाल्याकी बत्ती तेरा साछी
चन्द्र सूर्य तेरा साछी
छोडछोड दुलगेडा तै वाउली छोड
मेरा घिया दुःखजन दियैं
दुवोन हलेदो तेरा साछी
जनै सुपारी तेरा साछी
तामा तुलसी तेरा साछी
सुन रूपा तेरा साछी
तमेसुन दुलगेडो मेरी घिया दुःखजन दियै
छोड छोड दुलगेडा तै वाउली छोड
मेरी घिया दुःखजन दियै
तेत्तीसकोटी देवता तेरा साछी
पंञ्चव्राह्मण तेरा साछी

पंञ्च मग्ल्यारी तेरा साछी

अग्निको आगो तेरा साछी

ढोलीयाको चेलो तेरा साछी

तमेसुन दुलगेडा तै सुन

मेरी घिया दु:ख जन दियै ।[३८]

माथिको लोकमन्त्रमा दुलहाको हातमा कन्या सुम्पने बेला विशेष सावधानी राखेको छ । कन्याका पिताले कन्याको अंगुठो बरको हातमा राख्दै भन्दछन् की मेरो कुलमा उत्पन्न यो कन्या आठ वर्ष सम्म प्रेम पूर्व पालिएकी हो र आज तिमीलाई सुम्पिरहेछु । यसले तिम्रो पुत्रैपुत्रको वृद्धि हुनेछ र तिमीले धर्माथ काममा यसलाई नाघेर काम नगर्नु । यहाँ वरलाई गणेश, सालीग्राम, दीप, चन्द्रसूर्य, दूवो हलेदो, तामा, तुलसी, सुन, चाँदी पञ्चब्राह्मण, पञ्चमग्ल्यारी, हर्ष बढाइ गर्ने, दमाईलाई साक्षी राखेको कुरा सम्झाई कन्यालाई दु:ख दिएपछि भारी पाप लाग्ने छ भन्ने अभिप्राय व्यक्त गरिएको छ । यो मागल ग्रामीण समाजको निष्कपट, विश्वास र प्रचलन समेतको राम्रो उदाहरण
हो ।

### ५.१.१४ मधुपर्क (दघीमणी) को मागल

कन्याका पिताले दही, मह, चिनी मिसाएको मिष्ठान्न भोजन वरलाई खुवाउने गर्दछन् । जसलाई बझाङी भाषामा दघीमणी भनिन्छ । दघीमणी खुवाउदा गाइने मागलगीत निम्नप्रकार छन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ५ बस्ने राजमति देवी भट्टराई र विरमादेवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

[३८] कमलादेवी भट्टराई र लक्ष्मीदेवी भट्टराईबाट प्राप्त ।

आन इजु आन इजु मौरीको मह
आन इजु आन इजु गावकी मफेली
आन इजु आन इजु कैलाको दुध
बनाउ वुवा बनाउ वुवा दुघ रे मधु
आन इजु आन इजु वाँसकी बटुया
वनाउ बुबा बनाउ वुवा दुघ रे मघु ।[३९]

प्रस्तुत मागलको आसय हेर्दा वधूले आफ्नो आमालाई मह, मफेली र दुध ल्याएर काँसको थालमा बुबालाई दधीमणी बनाउन अनुरोध गरेकी छ । यसरी बनाएको मिष्ठान्न भोजन वरलाई खुवाइन्छ तबमात्र मधुपर्क ज्वाइ हुन्छ भन्ने आसय छ ।

### ५.१.१५ सङ्कल्प/कन्यादान मागल

कन्यादान भन्नाले बझाङी भाषामा दुलहीका बुबाले कन्यालाई दुलहा सँग सुम्पने कार्य बुझिन्छ । यसरी सुम्पदा बधूले विभिन्न आर्तनाद, अनुनय र विनय भावमा व्यथा गर्दछिन् जुन मग्ल्यारीहरूले गाउने गर्दछन् । यसरी गाउँदा गाइने मागल यस्तो रहेको छ । यो मागल गीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. बस्ने राजमती देवी भट्टराई र विरमा देवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

आन इजु आन इजु गंङ्गीको जल
आन इजु आन इजु कैलीको दुध
तमरी हुन्छ दुधैको दान
दसधारी दुध ख्याँया दसमासलै बोक्या
आजलाग्दी बालीकन्या परायाका अंश
नाली आसु च्याँया मुइले नाली मासु बनाया
आज लागि वालीकन्या परायाका अंश

---

[३९] राजमति देवी भट्टराई र विरमादेवी भट्टराईबाट प्राप्त ।

इजुकी लडेली मुइवाली कन्या
बुबाकी लडेली मुइवाली कन्या
कसोरी लागु मु परायाका अंश
कसोरी छोडु मु, इजुको कोखेलो
सर्कहेरी वोक्या मुइले घर्ती हेरी फुक्या
आज लागि बाली कन्या परायाका अंश
इजुले मेरी दसधारी दुध ख्याँयो
दसमासलै वोक्यो
बुबाज्यूले वत्तीस दातै वोल्या
बुबाज्यूले अइलमखि अटालैन दिया
कन्यादान अऱ्यावुवा धनदान अऱ्या
दानठूलो कन्यादान हुन्छ
कन्यादान अऱ्या बुबा कुलै तरला
धनदान अऱ्याबुबा आफूइखी हुन्छ ।
कन्याको दानअऱ्या सातकुल तराउँछ ।[४०]

प्रस्तुत मागलमा बधूले आफूले माइतीघर छोडनु पर्दा आमा बाबुले आफू प्रति गरेको बाल्यसुलभ प्रेमको प्रताडपना पोखेकी छन् भने छोरीलाई माइती घरबाट विदाइ गर्दा आमाले भोगेका दुःखहरूपनि उत्तिकै सलवलाएका छन् । अन्त्यमा छोरीले विदाइ हुनु परे पनि बुबा आमाको कर्मप्रति सन्तुष्ट भै कन्याको दान गर्दा सातकुल तराउने प्रसङ्ग उल्लेख गरेकी छन् ।

### ५.१.१६ साइ पैरनु/नाता लाउनु

कन्यादान र गोडाधुने काम सकिएपछि वरले लगेका गहना, लुगाकपडाहरू दुलहीलाई बुझाइन्छ । यसरी बुझाउँदा सामग्री कम भयो भनेर वरलाई नै फिर्ता गरी

[४०] राजमती देवी भट्टराई र विरमा देवी भट्टराईबाट प्राप्त ।

दिन्छ । यसरी फिर्ता गर्दा पाँच पटक सम्म फिर्ता गर्ने र सामग्री थप्ने चलन बझाडी विवाहमा रहेको छ । पाँचौ पटक दिएका सामानहरू स्वीकार गरी गरगहना, लुगाकपडा पहिराउँछिन् । कन्याका बुबाले आमाबाट दुधका धारा वगाई कन्याको बूढी औलामा औठी लगाई दिन्छ । जसलाई बझाडी संस्कारमा साइपैरनुको नामले चिनिन्छ । यो मागलगीत बझाङ कोटभैरव गा.वि.स. वडा नं. ५ बस्ने राजमति देवी भट्टराई र कमलादेवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

बस बस रुखवनिा हमरी मण्डव
हमरा भैगै लगनकी वार
हमे पैरना सुनकी औठी
इजुकी लडेली मु वाली कन्या
कसरी वसुमु तमरी मण्डप
कसरी पैरुमु सुन अगौठी
वसवस रुखवीना हमरी मण्डव
हमरा भै छ लगनको वार
पैरउ पैरउ रुखवीना मखमल चोली
बुबाकी लडेली मुवाली कन्या
कसोरी पैरुमु मखमली चोली
कसोरी लागुमु परायाका अंश ।[४१]

दुलहाले दुलहीको घरमा पुगिसकेपछि दुलहीलाई सम्बोधन गर्दछ की हाम्रो लगनको लागि ढिला भै रहेछ । तिमीले छिटो मण्डवमा बस्नु पऱ्यो र मैले ल्याएका सम्पूर्ण उपहार गरगहना, लुगाकपडा पहिरनु पऱ्यो भन्दा म बुबाआमा की प्यारी छोरी हुँ कसोरी परायाको अंशमा लागु भनेर कन्याले उद्गार गरेको छ ।

### ५.१.१७ देली ओल्लनुको मागल

[४१] राजमति देवी भट्टराई र कमलादेवी भट्टराईबाट प्राप्त ।

कन्यालाई विवाह गर्न अग्निकुण्डमा लग्दा घरभित्रबाट बाहिर जानुलाई बझाडी भाषामा देली ओल्लनु भनिन्छ । कन्यालाई वरसँग सुम्पिसकेपछि वरपक्षका जन्तीले कन्यालाई वाहिरी अग्निकुण्डमा ल्याई अग्निकुण्ड वरिपरी पाँच पटकसम्म वरकन्याका कम्मरमा ब्यापागुडो बाघेर परिक्रमा गराइन्छ । परिक्रमा गरिसकेपछि वर एवं कन्या दुवै पक्षका मानिसहरूले वरवधुका बुबाहरूको नाम भनेर दुवै वर वधुको विवाह भयो भनी धानका लावा आकासमा फाल्ने गर्छन् । यसरी लोकसंस्कारमा कर्मबिधि गर्ने क्रममा मग्ल्यारीले मागलगीत गाउँने गर्दछन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ५ बस्ने विरमा देवी भट्टराई र राजमती देवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

बान वान व्रह्माज्यू सुपारीकोफल
बान वान व्रह्माज्यू  सुनकी जनै
बान वान व्रह्माज्यू  पहेलो हदेलो
बान वान व्रह्माज्यू  औलाकी फल
बान वान व्रह्माज्यू  कण्ड पकडी
ओल्लउ ओल्लउ रुखवीना वाहिर पाटाखानी
लागतमे कृष्णका साथ
इजुकी लडेली मुइवाली कन्या
कसोरी ओल्लु बाहिर पाटाखानी
कसोरी लागुमु कृष्णका साथ
बुबाकी लडेली मुईवाली कन्या
कसोरी लागु मु कृष्णकासाथ ।[४२]

प्रस्तुत मागलमा वरवधु घरवाहिर निकाल्दा यज्ञमण्डपबाटै सुपारी, जनै, हलेदो र औलाको फल दुवैका कम्मरमा बाधेर पाटाखानी तर्फ वा कुनै विवाह गर्नका लागि

[४२] विरमा देवी भट्टराई र राजमती देवी भट्टराईबाट प्राप्त ।

निश्चित ठाउँमा ल्याइन्छ । दुलहीलाई कृष्णका साथमा लगाउने गरिन्छ । यसरी अन्धकार रातमा पंक्षीहरू पनि नउठेको मठमन्दिर बाटो घाटा नखुलेका र सूर्यका किरण समेत नपरेको बेलामा आफूले बाहिर आउनु परेको दु:ख विलौना उक्त मागलको प्रमुख आसय रहेको छ ।

### ५.१.१८ कुच्चिमुठा हान्नु

बझाङमा गरिने विवाहमा जन्त दुलहाको घरमा फर्किसकेपछि दुलहीलाई घरभित्र प्रवेश गराइन्छ । घरभित्र प्रवेश गर्दा दुलहाको बहिनीहरूले चामलले हानेर भित्र जान रोक्छिन् जसलाई बझाङी भाषामा कुच्चिमूठा हान्नु भनेर चिनिन्छ । दुलहीले नन्दहरूलाई केही दक्षिणा दिएपछि बाटो छोडछिन र दुलहीको हातमा दहीको ठेकी र टाउकोमा चामल राखी खुट्टाले ढोकामा बालेका पाँच वत्तीहरू निभाएर भित्र जाने गरिन्छ । यसरी गाउँदा गाइने शुभगीत निम्न रहेको छ । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. २ पिखेत बस्ने ७१ बर्षिया जुनादेवी रोकायाबाट सङ्कलन गरिएको हो ।

छाड छाड नन्देमेरी देलीको वथान
देली तमरु वरुदान हमरो
दान न दिया देली न छाड
हेर न हेर इजुमाया
तउरी व्वाँरीले कति आन्यो दाइजो
घडा न ताउलो आन्यो
हमरी व्वाँरीले दाइजो सुन न चाँदी आन्यो
हमरी व्वाँरीले दाइजो घोडा न वयडा आन्यो
हेर हेर सासु मेरी झ्याल न जखेली
तमरो व्वाँरीले कति दाइजो आन्यो
कति आया जेठाको कति आया कान्छा

दुयई आया पिठीका भाइ ।[४३]

माथिको मागलगीतले दुलहीले नन्दलाई बाटो नछेक वरु म तिमीलाई दक्षिणा दिन्छु भन्दछिन् । नन्दहरूले घर तपाईको भएपनि हामीलाई दान दक्षिणा दिनु पर्‍यो भनी बाटो छेकेकी हुन्छन् । साथीहरूले तिम्रो भाउजुले कति दाइजो ल्यायो भनी सोधेपछि घोडा ताउला, सुन, चाँदी, ताउली, घडा ल्यायो भनी जवाफ दिन्छिन् । दुलहीलाई तपाई छोडन को को आएका छन् भनी मग्ल्यारीले सोद्धा दुलहीले दुईवटा पिठीका भाइ आएका छन् भनी उत्तर दिएको आसय छ ।

## ५.१.१९ चामल भर्नु

बझाङ थलारा क्षेत्रको विवाह संस्कारमा दुलहीलाई दुलहाको घरमा भित्र्याइसकेपछि दुलहीले दुलहाको खुट्टा हुन्छन् । सासु ससुराहरूले छोरा बुहारीका टीका लगाई आफ्नो भएको सम्पत्ति मध्ये केही दाइजो पेवा सरह दिन्छन् । सासु र दुलहाकी भाउज्यूसँग दुलहीले आलोपालो गरी मानामा चामल भरेर ढलाउने गर्दछन् जसलाई बझाडी भाषामा चामल भर्नु भनिन्छ । चामल भर्दा गाइने मागलगीत यसप्रकार छन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरब गा.वि.स. वडा नं. ५ बस्ने विरमादेवी भट्टराई र राजमति देवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

झाउ झाउ रुखवीना बरका पाउछाल
तमरो होला बैकुण्डवास
केहाकी नाली केहाकी डालो
सुनकी नाली रूपकी डालो
बुहारी भरन्नी सासु ढालन्नी
सासु भरन्नी बुहारी ढाल्नन्नी
सासु बुहारी पौवारा खेलन्नी
बहिनी भरन्नी दिदी ढालन्नी

[४३] जुनादेवी रोकायाबाट प्राप्त ।

दिदी धनिल्लीकी भाजी धनील्ली

दिदी बहिनी पौवारा खेलन्नी

जेठी सासु पौवारा खेलन्नी

कान्छी सासु पौवारा खेलन्नी

बूढी सासु पौवारा खेलन्नी ।[४४]

माथिको मागलगीतले नयाँ ल्याएकी दुलहीको गुणादोष अवलोकन गर्ने आसय दिएको छ । नयाँ ल्याएकी बुहारीले दुलहाको घरमा प्रवेश गर्दा दुलहाको पाउ धुनु देखि सासु, दिदी बहिनीहरूसँग पौवारा (लुकाउने, पाउने खेल) खेलेर मनोरञ्जन गर्दछिन् । पौवारा खेल्दा चामल ताउली या परातमा राखी त्यसैमा चाँदीका सिक्का लुकाउने गरिन्छ ।

## ५.२ देवताका मागल

### ५.२.१ सम्पूर्ण देवताको स्नानको मागल

बझाङ जिल्ला थलारा क्षेत्रमा प्रचलित देवताका मागलहरू रहेका छन् जसमध्ये स्नानको मागल पनि अग्र पंक्तिमा छ । देवताको स्नान कुन ठाउँ, कहाँ, कसरी कति बेलाको समयमा होला भनेर प्रश्नोत्तर गरिएको छ । मठ मन्दिरमा पूजा गर्दा सम्पूर्ण तिर्थालुहरू बर्तालुहरुले देवताको स्नानको बेला एकाविहनै हो । यति बेला देवताले आफ्नो प्रदर्शन स्वरुप देखाउनु हुन्छ । समयले सुस्तता गरी सक्यो त्यसैले आफ्नो प्रदर्शन गर भनेर मागलबाट देवस्तुति गरिन्छ । जुन मागल यसप्रकार छ । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. ५ बस्ने विरमादेवी भट्टराई र राजमति देवी भट्टराईबाट सङ्कलन गरिएको हो ।

स्वर्ग मण्डलीबाट ओरली झाउन

कुइरी मण्डपबाट ओरली झाउन

मठ मन्दिरबाट ओरली झाउन

[४४] विरमादेवी भट्टराई र राजमति देवी भट्टराईबाट प्राप्त ।

सुन पेटारीबाट ओरलो झाउन

चाँदीपेटारीबाट ओरली झाउन

जोगो होइझाउँ[२] स्नान्यावेला

गँगाउलो सुन तमुइ पैराउला

कैलीगाईको दुध तमुई चढाउला

कैलीगाईको गउत तमुइ चढाउला

चौरीगाईको पुछ तमुइ चढाउला

गयाकाशी वनारसी भयो स्नान

नैरे भयो मनको पूरा

सगरमाथा, हरिद्वार भयो स्नान नै रे भयो मनको पूरा

गंङ्गोत्री जङ्गोत्री भयो स्नान नै रे भयो मनको पूरा

हरिद्वारा पऱ्याकराज भयो स्नान नै रे भयो मनको पूरा

कनखल ऋषिकेश भयो स्नान नै रे भयो मनको पूरा

कर्णपऱ्याक, गुप्तकाशी गौरीकुण्ड

केदारनाथ रेतकुण्ड हंशकुण्ड भयो स्नान नै रे भयो मनको पूरा

बर्दीनाथ वासुधारा भयो स्नान नै रे भयो मनको पूरा

पार्वतीकुण्ड, मानराय कुण्ड भयो स्नान अव भयो मनको पूरा

चलु होइझाउ[२] तउरा रजुथान

पञ्चै भयालु अस्कलु लाउना

बाली कन्या अरजु अन्नी

बेदुवा वामन अरजु अद्दा

पञ्च मग्ल्यारी अरजु अद्दी

लिप्या लाप्या मण्डव अखरी गया

घोया घाया देउभाँडा अखरी गया

टिप्या टाप्या फूलपाति ओइलाइ भ्रान लाग्या
उगाड गोसाइ सुनका केवार, उगाड गोसाइ रूपाकाद्वार
दिया गोसाइ मागेको वर
कोइनारी आइछन् पुतका वर
कोइनारी आइछन् गाईका वर
कोइनारी आइछन् घनका वर
दिया गोसाई मागेको वर
दोपट्टी किडीले फूल विटाल्यो
समुन्द्र माछिले जल विटाल्यो
गउत्या किडीले गउत विटाल्यो
पन्यारी चेलीले पानी विटाल्यो
जागो होइभ्राउ[२] स्नान्यावेला ।[४५]

लोकशास्त्रीय मान्यतानुसार माथिका मागलहरूको आसय हेर्दा देवता रूपविहीन रङ्गविहीन प्रत्येक प्राणी, ढुङ्गामाटो र कणकणमा बास गर्ने अलौकिक शक्ति हुन् । जसको शक्तिको महिमा गर्नैपर्नेहुन्छ । स्वर्ग, मठमन्दिर, सुनचाँदी, कुइरीलोकमा पनि देवताले वासलिएका हुन्छन् । कैलीको दुध, चामर आदि सम्पूर्ण कुरा हामी तपाईलाई चढाउने छौं । विहान स्नानको समय आइसक्यो आफ्नो रूप शक्ति प्रदर्शन गर, हामी पञ्चभयालु, बालीकन्या साथै पञ्चमग्ल्यारी परमेश्वरकै सेवामा तल्लीन छु । विभिन्न धर्मस्थल गया, काशी, हरिद्वार, कनखल, पच्यागराजबाट स्नान हुँदै मानराया कुण्ड पुगेपछि मात्रै आफू सन्तुष्टि रहेको कुरा देखाएको छ ।

प्रत्येक नारीहरू आ-आफ्नो समस्याको वरमाग्न आएकी छन् । समय ढिला हुँदै गएको छ । समुद्रका माछाले, मन्दिरमा टिपेका फूलपाती, पन्यारी चेली आदिले शुभ मुर्हूतमा रहेको अवस्था अशुभ गर्दै जानेवेला भइरहेको हुँदा छिट्टै आफ्ना अलौकिक

[४५] विरमादेवी भट्टराई र राजमति देवी भट्टराईबाट प्राप्त ।

शक्ति प्रदर्शन गरेर हामीहरूको समस्यालाई मुक्त गरी देउ भन्ने वस्तुस्थिति रहेको देखिन्छ ।

### ४.२.२ जग्यशाला थालनी गर्ने

बझाङ जिल्लाको थलारा क्षेत्रमा रहेका देवताका मागलहरू मध्ये यज्ञशाला थालनी गर्नु पर्ने मागल प्रायः सबै खाले देवमन्दिरहरूमा गाइन्छ । मर्त्स्य लोकमा भएका कुकर्म, धर्मविरोधी कामहरू र प्रकृतिको भाग्नावशेष वा प्रचण्डरूपले मानवलोकमा अत्याचार भएको हुँदा । देवतालाई स्वर्गबाट वोलाएर सृष्टि चलाउने प्रक्रिया, कामधेनु गाईको उत्पत्ति, मागल आदि सम्पूर्ण परिबन्ध गर्न अनुरोध गरिन्छ । मठमन्दिरहरूमा देवस्तुतिनुसार कार्य विधि प्रारम्भ गर्दे मागलहरू गाउँछन् । जुन निम्नानुसार छन् । यो मागलगीत बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ६ बस्ने वर्ष ७४का हिरण्ड जैशी (फुलारा) बाट सङ्कलन गरिएको हो ।

जेठी वैनी चन्द्रा कान्छि वैनी विन्द्रा
बारे कान्छा भया भयालु नारायण
जेठी बैनी चन्द्रा रोजी पैल गइछन् (इन्द्रका वारा)
कान्छि बैनी विन्द्रा भयालु पाली रैछन्
एकै दिनका नारायण दुवै दिनका जसा
दुवै दिनका नारायण चारै दिनका जसा
चारै दिनका नारायण दसै दिनका जसा
दसै दिनका नारायण एक महिनाका जसा
महिना दिनका नारायण वर्षै दिनका जसा
अव भयो नारायण बाह्र वर्ष पूरा
मुरे लाग्यो दिदी वैनी जगिना (जग्यशाला) को धोको
जगिनाको धोको बहिनी तमे जनअर
जगिनाको धोको अऱ्या भक्तै भक्तै चाहियो

जे जे चाहियो दिदी मेरी आनी पुऱ्याउला
मन मन दिदी मेरी पइल्ली क्यारे चाहियो
पइल्ली चाहिया वैन्याला बाला ऋषि व्रहमा
बाला ऋषि व्रह्मा दिदी कै ठौर हुन्ना
बाला ऋषि व्रह्मा दिदी इन्द्रका बारा
मुरे झानो दिदी मेरी व्रहमाज्यूका खोज
ठमठम नारायण लाग्या वटुली (बाटो)
एकापाटन हिडीपन दोस्रो पाटन पौच्या
दोस्रो पाटन हिडीपन तेस्रो पाटन पौच्या
तेस्रो पाटन हिडीपन चौथा पाटन पौच्या
चौथा पाटन हिडीपन पाचौ पाटन पौच्या
पाचौ पाटन हिडीपन छौटौ पाटन पौच्या
अवलाग्यो नारायण स्वर्गको बाटो
सुनका सागुली झुण्डिन गया
रूपाउला खुटकुरी उल्की गया
ठमठम नारायण इन्द्रलोकपुग्या
तारे परी भेटाइहेल्यो अप्सरा छोरी
कारे होला वैनी मेरी व्रह्माजीको घर
पिपल चौरडी चिनेको होला
जोलन अप्सरा नाच लगाउन्नी
सुनैका सडार रूपैका द्वारा
उईरे होला उईरे होला व्रह्माजीको घर
पिपल चौरडी पुगन गया
होइन[२] बालाव्रह्मा घर छौकी वन
घरै छु वसेको मु रे के रे आज्ञा हुन्छ

चलाई होइझाउ बालाव्रह्मा मेरी मन्त्रालोक
तमुवीच बालाव्रह्मा अन्धकारै पडयो
वियाउना जति वियाउनाइ रया
व्रत्याउन्या जती व्रत्याउनाइ रया
तेरा पापी मन्त्रालोकझानाइन झानो
तेरा पापी मन्त्रालोकपापैको भार
तिलाउडी गडा तिलजति छैन
जमाडी गडा जउ जति छैन
कुसाडी ढाना कुशजति छैन
तुलछीमठ लायाको छैन
सालीग्राम ढुन्गो पुजेको छैन
मामा भान्जा मानिस एकाई खाट सुत्दा
मामा भान्जा वदेल एकाइ रथ जोत्दा
मामा भान्जा गाई एकाई पारा दुदा
सासु पाना हाल्ली व्वाँरी राम चुवाउदी
बाबुहलोवादो छोरो राम च्याउँदो
तेरापापी मन्त्रालोकझादाइन झादो
मामा भान्जा अलग खाट सुताउला
मामा भान्जा वदेल अलग रथ जोताउला
चेलो हलो बाला बाबु राम च्याँउला
व्वाँरी पाना हालली सासु राम च्याँउली
तिलाडी गडा तिल लगाउला
जमाडी गडा जमै लगाउला
कुशाडी ठाना कुशै लगाउला
तुलसीमठ चिनाइप दिउला

सालीग्राम ढुन्गो पुजाइप दिउला
चलाइहोउझाउ बालाव्रहमा हमरी मन्त्रालोक
बाह्र भारी वेद को वोकी लेला
बाह्र भारी विस्तरा को वोकी लेला
वेतकी लौरी को वोकी लेला
बाह्र भारी वेदै मै वोकी लिउला
तारेबाट व्रह्माजी ओरली गया
मन्त्रालोकनारायण घर पौची प गया
भन-भन दिदी मेरा अब क्यारे चाहियो
अव चाहिया वैना मेरी बाला वैष्यान्द
बाला जति वैष्यान्द कै ठौर हुन्ना
बाला जो वैष्यान्द वैना इन्द्रका बारा
ठम ठम नारायण लाग्या वटुली
इन्द्रका बारा पौची प गया
सुनका पेटारा फेरी बाटी हेल्यो
चाँदीका पेटारा फेरी वाटी हेल्यो
इन्द्रावन विन्द्रावन घुमीप गया
नै रे पाया नै रे पाया बाला वैषन्द
ठम ठम नारायण मन्त्रालोकपौच्या
नै रे पायाउ दिदी मेरी बाला वैषन्द
सुन पेटारा फोरीवारी हेल्याउ
चाँदी पेटारा फोरीवारी हेल्याउ
नै रे पायाउ दिदी मेरा बाला वैषन्द
झाउन झाउन नारायण दोवारा झाउन
चमुगंङ्गावारी चमुगंङ्गा पारी

अद्धबीच हुन्ना वैना मेरा बाला वैषन्द
कैसी होली दिदी मेरी वैषन्दको रूप
चारवटा हुन्ना वैना मेरा वैषन्दको सिंह
तीनवटा हुन्ना वैना मेरा वैषन्दको पाउ
सातवटा हुन्नावैना मेरा वैषन्दको हात
सातवटा हुन्ना वैना मेरा वैषन्दको जिउडा
झुल्यानी माता डौसिल ढुन्गो बाबु
स्वाँहा र सोधा दुईटा छन् रानी
उइरे हुन्ना वैना मेरा बाला वैषन्द
ठमठम नारायण   स्वर्गलोकपौच्या
धव धव वैष्यान्द भिटाइप हेल्यो
तमु वीच वैष्यान्द अशुद्ध भयो
हुम्याउडा जति हुमै प छैन
अन्न जो पकाउन्या अग्नि जो छैन
चलाई होइझाउ वैश्यान्द मेरी मन्त्रालोक
ता वाट वैष्यान्द पिपल डाली
पिपलका डालीबाट फूलका भाडी
फूलका भाडीबाट व्रह्माका कुम
व्रहमाका कुमबाट व्रह्माका वाउली
व्रह्माका वाहुलीबाट सुराका टुप्पा
सुराका टुपाबाट हुम्याउडया वस्या
भन-भन दिदी मेरी अब क्यारे चाहियो
अव चाहिया वैना मेरा कपिला गाईय
कपिला (कामधेनु) गाईय कै ठौर हुन्ना
काम धेनु गाईय वैनामेरा इन्द्रका वारा

ढमढम नारायण इन्द्रलोकपौच्या

कामधेनु गाईय जति भेटाइप हेल्यो

तमुविना गाईमाता अशुद्ध भयो

चलाइ होइझाउ गौमाता मेरी मन्त्रालोक

तेरा पापी मन्त्रालोकझादाइन झादो

गउडी ज्यू ओल्लनु गउडी ज्यू उल्कनु

चरुभन्या रनवन चरन छैन

मन्यो भन्या चरक लाउन्या सारकी छैन

तेरा पापी मन्त्रालोकपापैको भार

चरकु लाईदिन्या सारकी जुटाउला

गउडी ज्यू ओर्लनु गउडी ज्यू उल्कनु

साराकाटी गौमाता समथर वनाउला

चलाइ होइझाउ गाईमाता मेरी मन्त्रालोक

ढमढम नारायण मन्त्रालोकपौच्या

भन-भन दिदी मेरी अव क्यारे चाहियो

अब चाहिया वैन्याला वाह्र भारी मागल

बाह्रभारी मागल दिदी कैका पास हुन्ना

बाह्रभारी मागल वैनी चन्द्राका पास

ढमढम नारायण स्वर्गलोकगया

चन्द्रादीका पाटाखानी पौची प गया

झाउन झाउन नन्द मेरी तमे वाहिर झाउन

हउरा वस्न्या पाटाखानी को रे पाउनु आयो

ठमठम तिम्री नन्द बाहिरी प आइछिन

अनारै हेरुत भाउजुका जसो, मनारै हेरुत भाउजुका जसो

चाँदी जोली हेरुत भाउजुका जसो

दात जोली हेरुत भाउजुका जसो

को रे होला को रे होला बाहिरीको पाउनु

पाटाखानीबाट फर्कि गईछिन

होइन-होइन भाउजु मेरी तमरा भैयाला जसा

होइन होइन नन्द मेरी दुरावचन लाया

मेरा तान नन्द मेरी पिठी भाइयै छैन

गाड त आँखा काट त घिच

तमराई भयालु जसा

फूकी जो पाण ओल्लीप गइछिन

बाँकी जो चाक ओल्ली प गईछिन

बाहिर जोला पाटाखानी पुगीप गइछिन

डिटडाल हेरु त मेरी अनार

दात जोली हेरु त मेरी अनार

कै को होल्लै कै को होल्लै टुहुरो मुल्ल्यो

जेठीवैनी चन्द्रा कान्छी वैनी विन्द्रा

बारे कान्छो मुहु भयालु नारायण

जेठी वैनी चन्द्रा रोजी पैल आइछन्

कान्छी वैनी विन्द्रा हमुपाली रैछन्

मुरे आया दिदीमेरी मागलका खोजी

वयलधारा आशु खसाली हेल्या

टाटुकी अङ्गाल हाली प हेल्यो

होइन होइन नारायण भित्र पाणु लियो

बाह्रभारी मागल सिकाइ प हेल्यो

ठमठम नारायण मन्त्रालोकपौच्या ।[४६]

---

[४६] हिरण्ड जैशी (फुलारा) बाट प्राप्त ।

ब्रह्मा इन्द्रलोकबाट मन्त्रालोक आई अग्नि, कामधेनु गाई मागल जम्मा गरी सकेपछि जग्यशाला थालनी भयो ।

अब आटयो नारायणले जग्यशाला थाप्न
तलीजो हुन्ना कुरम्या माइय
कुरुम्या माइ मथि जागेश्वर देव
जागेश्वर देवमथि पानीका नाउँ
पानीका नाउँ मथि घरती माता
घरती माता मथि दुवीचउर
वाइरे मथि होला कपिला गाईको गोठ
कपिला गाईका शिरमाथि गाव मुजेली
गाव भुजेली मथि उपैया पाड
उपैया पाड मथि जग्गेशाला थाप्यो
ताइरे चाहियो वैना मेरा मुसी काटयो माटो
ताइरे चाहियो वैना मेरा गङ्गी वलुवा
ताइरे चाहियो वैना मेरा आटाको धुलो
पूर पूर बाला वहमा सम्पूर्ण वेद
आँखिजन किटकाया वाउली जन लटकाया
वाउली जति लटकायाले टेडो वाङ्गो झाला
आँखिजन लटकायाले टेडो वाङ्गो झाला
पूर पूर बालाव्रह्मा सम्पूर्ण वेद
थापथाप व्रह्मामेरा वत्ति देव थाप
कारे तमु तामादिया जरमनु भयो
तामाखानी तामादिया जरमनु भयो
सुनारघर तामादिया सजाउनी सजायो
ठूलीघर तामादिया लियो छ अवतार

वाह्र ढडा सपुरीको बत्ती वटार

गाईयकी घिय दियामा थाप

पूजपूज बालाव्रह्मा वत्तीदिय पूज

थापथाप बालाव्रह्मा गणेशदेव थाप

कारे तमु गणेश देवको जरमनु भयो

कसुका कोखी जरमनु भयो

शिवजीका शक्ति पार्वतीको भक्ति

होइन होइन गणेशजीको जरमनु भयो

पूजा पूज बालाव्रह्मा शिवजी पूज

रातै जो चढाउ फुलै अक्षता

लड्डुको दिनु खाने आहारा

बेलपत्र पत्ती पढाइप हेल

थापथाप बाला वह्मा कलश देव थापा

कारे तमु कलश देवको औतार भयो

कसका विन्द  कसुका कोखी जरमनु भयो

शिवजीका विनद गङ्गाका कोखी जरमनु भयो

सेता  जो अक्षता चढाइ प हेल

थापथाप बाला व्रह्मा मातृका थाप

१६ वैनी देवीको पूजा पगर

फूल न अक्षेता चढाइप हेल

धुप न वत्ती सल्काइ प हेल

थापा थाप बाला व्रह्मा नवैं ग्रहथाप

कोइरे देव वसन्ना माझ मण्डव

कोइरे देव वसन्ना दक्षिण दिशा

कोइरे देव वसन्ना उत्तर दिशा

कोइरे देव वसन्ना पूर्व दिशा
कोइरे देव वसन्ना पश्चिम दिशा
कसुइखी चाहियो मासको दुनो
कसुइखी चाहियो तिलको दुनो
कसुइखी चाहियो लुवाको दुनो
कसुइखी चाहियो चामलको दुनो ।[४७]

माथिको लोकमन्त्रले देवताको उत्पत्ति, विकासको वर्णन गरिएको छ । दुई बहिनीमध्ये जेठी बहिनी चन्द्राले रोजेर पति खोजेकी छन् भने कान्छी बहिनी विन्द्रा भने भाइहरूलाई पालेर वस्छन् । यसरी नारायण दिन प्रतिदिन पूर्णिमाको चन्द्र वढेझै वढ्दै जान्छन् । जसको घर मन्त्रालोकमा रहेको छ । मन्त्रालोकबाट भएका समस्याको पूर्ति गर्नका लागि नारायणले स्वर्गलोकमा ब्रह्माका  घरमाजाँदा आफूले बाटो जताई दिनु भनी आग्रह गर्छन । स्वर्गका अप्सराले बताए झै जाँदा स्वर्गलोकमा ब्रह्माजीको घर भेटिन्छ र ब्रह्मासँग भेट हुन्छ । नारायणले मनुष्य लोकमा भएका सम्पूर्ण यर्थाथ स्थितिको वर्णन सुनाउदा, बाला ब्रह्माले त्यस्तो असभ्य, जहाँ नीतिविहीन काम गरिन्छ त्यहाँ म जादैन । नारायणले सभ्य समाज र सु-सम्पन्न समाजको निमार्ण गर्छु हजुरले जानु पर्दछ भनी जिद्धी गरे पछि ब्रह्माज्यू स्वर्गलोकबाट मन्त्रालोकमा नारायणको अनुरोधलाई मानि मन्त्रालोक आउनु भएको छ ।

यसरी मनुष्य समाजमा कुश, पाती, तिल, जौं को उत्पत्ति र विकास हुन ब्रह्मा नै आएका छन् । त्यस्तै कामधेनु गाईले पनि पापी मन्त्रालोक आफूलाई जीवित रहँदा र मर्दा पनि सुख नपाइने अवस्थाको चर्चा गरिएको छ । कामधेनु गाईलाई उकाला उक्लन र ओराला ओर्लन चर्दा रनवनमा कुनै प्रकारको घाँस नभएको र मरे पछि त्यसलाई चरक लगाउने सार्की समेत नभएको भए पछि नारायणले कामधेनु गाईलाई पर्ने मन्त्रालोकमा पर्ने बाधा व्यवधान सबैको सहज व्यवस्था मिलाइ दिन्छु । तपाई

[४७] बझाङ जिल्ला कोटभैरव गा.वि.स. वडा नं. ६ का हिरण्ड जैसी (फुलारा) बाट सङ्कलन गरिएको ।

विना गौमाता मन्त्रालोक अशुद्ध भयो । तपाईलाई चरक लाग्ने सार्की बनाई दिन्छु, चरनको रनवन वनाउछ भनी आग्रह पूवर्क गौमातालाई मन्त्रालोकमा ल्याएको छ ।

यसरी नारायणले स्वर्गलोक र इन्द्रका बारा बाट दिदी विन्द्राको भने बमोजिमको सबै सामाग्री जम्मा गरे पछि मन्त्रालोकमा मागलको आवश्यकता पर्दछ । दिदीको माया ममता स्नेह पाएका भाई नारायणले विन्द्राको भनेका कुराको खोजी गरी ल्याउनु उसको कर्तव्य थियो ।

नारायणले मागल कहाँ पाइन्छन् भनी दिदी विन्द्रालाई सोध्दा मागल इन्द्रलोक चन्द्राका पास मागल छन् । ती मागल चन्द्रालाई मागेर ल्याउन भन्दछिन् । चन्द्रा भनेकी नारायणकी जेठी दिदी थिइन तर उनले नारायणलाई सानैमा छोडेर आफै पोइल गएकिछिन् । नारायण मागलको खोजीमा जाँदा इन्द्रका वारा बाहिर पाटाखानी पुग्छन् । त्यही बसेको अवस्थामा दिदी चन्द्राले आफ्नी नन्दलाई बाहिर पाटाखानी बसेको पाहुना को हो ? त्यसलाई चिन्न पठाउँदा नन्दले नारायणलाई हेदाँ आफ्नी भाउजुका जसो अनुहार देखेपछि भाउजुलाई भन्दछिन् । भाउजु बाहिरको पाहुना हजुरका जस्तो अनुहार भएका हजुरको भाइ हुन कि जसो लाग्यो । त्यसले चन्द्राको मुटु छिया छिया भयो र उनलाई साह्रै ठूलो दुःख को अनुभूति भयो । किनभने मेरो पिठी भाइ थिएन आज मेरी नन्दले मलाई दुरा वचन लायो । तर नन्दले साँच्चै दुरावचन नलगाई, तपाई आफै पाटाखानी तिर हेर्नुहोस् भन्दा भाउजू आएर हेर्दा त डालडिट हेर्दा आफ्नै जस्तो लाग्छ । चन्द्राले त्यसबेला आफ्ना भाई चिनेको हुँदैन । उनले सोध्छीन मेरा जसो अनुहार, दाँत, भएको कसको टुहुरो वच्चा होस् भनी सोध्दा नारायणले त्यसको उत्तरमा जेठी दिदी चन्द्रा रोजी पोइल गइछिन, कान्छी वैनी विन्द्रा मलाई पाली बसिछन् । मु दुबै दिदी भन्दा कान्छो भाई नारायण हुँ । मलाई बाह्र भारी मागल चाहियो । त्यहिवेला चन्द्राको मनमा त साह्रै ठूलो व्रजपात भए जस्तो भयो, आफ्ना भाई देवनारायणलाई नचिनेकोले, आँखामा वलिद्र धारा आँशु बगाईछिन ।

चन्द्राले नारायणलाई भित्र (पाण) लियो, वाह्नभरी मागल सिकाई दियो र मन्त्रालोक पुग्यो ।

यसरी नारायणले मन्त्रलोकसबै दिदी अनुसार सामग्री जम्मा गरे पछि अब के चाहिन्छ भन्दा मुसाले काटेको माटो चाहियो, गङ्गीको बालुवा, आटाको धुलो चाहियो ती सामग्री जम्मा भएपछि ब्रह्माले वेदी पुरी, वत्ती, कलश, गणेश, मातृकाको स्थापना शास्त्रीय विधि अनुसार ब्रह्माले पूजा गरेको आशय यस मागल गीतमा देखिन्छ ।

# परिच्छेद छ
# सारांश र निष्कर्ष

## ६.१ सारांश

'बझाङ थलारा क्षेत्रका मागलगीतको अध्ययन' शीर्षकको प्रस्तुत शोधकार्य क्षेत्रकार्य गरी ल्याएका मागलगीहरूको अध्ययनमा केन्द्रीत छ । यो शोधकार्य छ परिच्छेदमा विभाजित छ । यसलाई शोध विधिका निमानुसार सङ्गठित र व्यवस्थित पारिएको छ ।

पहिलो परिच्छेद बझाङ जिल्लाको थलारा क्षेत्रका मागलगीतको सङ्कलन अध्ययन र वर्गीकरण गर्न जिल्लामा गई प्रत्यक्षावलोकन गरी मागलगीत संस्कारगत गीतको बारेमा समस्या, उद्देश्य, सामग्री सङ्कलन कसैले नगरेको हुँदा थलारा क्षेत्रका मागलगीतलाई चिनाउन प्रयत्न गरिएको छ ।

दोस्रो परिच्छेद बझाङ जिल्लाको परिचयमा आधारित छ । यो जिल्ला प्राचीन सिंजा राज्यबाट अलग्गिएको एक स्वतन्त्र राज्यका रूपमा चिनिन आएको छ । यस जिल्लाको भौगोलिक परिचय दिँदा बझाङ जिल्ला विकट जिल्लाका रूपमा चिनिन्छ । यहाँको भौगोलिक बनावट हेर्दा हिमाली, लेकाली र पहाडी गरी तीन खण्डमा विभाजन गरिएको छ । हिमाली क्षेत्रमा चिसोको कारणले मान्छेको बसोवास कमै भएको पाइन्छ । लेकाली भागमा चिसोका बेला औल र गर्मीमा लेक तिर यहाँका मान्छेको बसोवास भएको हुन्छ । पहाडी भाग भने अलि बढी बसोवास भएको पाइन्छ । यस जिल्लामा अनेक किसिमका बोट विरुवा, जडीबुटी, जीवजन्तु खनिज पदार्थ पाइने जिल्लाका रूपमा चिनिन्छ । भौगोलिक विकटता र आधुनिक सभ्यताबाट टाढा रहे पनि यो जिल्ला सांस्कृतिक दृष्टिले सम्पन्न रहेको छ भने कुरा यस अध्ययनबाट स्पष्ट भएको छ ।

तेस्रो परिच्छेदमा बझाङ जिल्लाको थलारा क्षेत्रमा प्रचलित मागलको सामान्य परिचय दिएको छ । मागलगीत भन्नाले कुनै पनि शुभकार्यको थालनी गर्दा मंगलाचरण

गर्दा शुभगीतका रूपमा मागलगीत गाउने गर्दछन् । मागलगीत जन्मसंस्कार देखि विवाह संस्कारसम्म गाउने, यज्ञभूमि पोत्दा, प्रदेशगमन गर्दा र देवी देवताको पूजाआजा गर्दा नारीहरूले लामो भाकामा कारुणिक भावमा गाउने गीत हो । कुनै पनि शुभकार्य गर्दा शुभ, मंगल र सम्पन्न होस भनी यो मागलगीत बझाङ जिल्लाको थलारा क्षेत्रमा गाउने गर्दछन् । एक पुस्ताले अर्को पुस्तालाई मौखिक रूपमा हस्तान्तरण गर्दै जाने परिपाटी रहिआएको छ । यसै प्रस्तुत मगलगीतले कुनै पनि शुभकार्यमा मंगल कामना गर्ने र स्थानीय देवीदेवता प्रति विश्वास र श्रद्धा प्रकट गर्ने प्रचलन रहेको स्पष्ट पाइन्छ ।

चौथो परिच्छेदमा बझाङ जिल्लाको थलारा क्षेत्रमा शुमकार्यको थालनी गर्दा आफूले गरेको कार्य शुभ, मङ्गल, सम्पन्न होस भनी मागल गीत गाउने गरिन्छ । बालक जन्मदा र व्रतबन्ध गर्दा पनि यो मागलगीत गाउने चलन छ । बालक जन्मदा घरपरिवार, समाज सबै खुसीयाली मनाउने गर्दछन् । समाजले खुसीयालीमा नाँचगान गरी साह्रै रमाइलो गर्ने हर्ष हुने र घरपरिवारले संस्कार अर्न्तगत रहेर देवीदेवताको पूजा, बत्ती, गणेश, कलशको पूजा गर्ने र मग्ल्यारीले पूजाविधि सँगसँगै मागलगीत गाउने गर्दछन् । त्यस्तै व्रतवन्ध गर्दा शिक्षा सिकाँउदा, जनै पहिराउँदा, जोगी हुदा, काट्दा जस्ता कुराको व्याख्या भएको छ । बच्चाकी आमाले छोरा जन्माउँदा, हुर्काउँदा आमाले पाएको दुःख, देउरानी जेठानीले वचन लाएको र छोरा ठूलो भएपछि जोगी हुन लागेको अवस्था देख्दा आमाको मनमा ठूलो ब्रजपात भएको अवस्थाको चित्रण यस परिच्छेदमा मागलगीत मार्फत प्रस्तुत गरेको छ ।

पाँचौ परिच्छेदमा बझाङ थलारा क्षेत्रमा विवाह र देवीदेवता सम्बन्धि मागल गीतको सङ्कलन र वर्गीकरण गरिएको छ । कुनै पनि शुभकार्य गर्दा देवी देवतालाई साक्षी राख्ने चलन बढी भएको पाइन्छ । विवाह गर्दा आमाले मेरो बालो कृष्ण रुक्मिणी व्याउन लाग्यो भनी एकातिर हर्ष साथ लामो भाकामा मागलगीत गाउने गर्दछिन् । अर्कोतिर छोराले विवाह गर्ने भइसक्यो त्यसलाई पाल्या ताल्या ठूलो बनाएको र आफ्नो दुधको मोल मागेको, बुढेसकालमा, सुख, सन्तोष मागेको छ । छोराले काशी, गया पुऱ्याउने मरेपछि पिण्डमा दुघ हाल्ने प्रतिवद्धता गरेको पनि पाइन्छ । त्यस्तै देवी

देवताको मागल गाउँदा पञ्चभयालु, पञ्चकन्या, पञ्चमगल्यारीहरूले ईश्वरको अलौकिक रूपको खोजी गर्ने प्रयत्न गर्दछन् । आफ्नो सक्दो सेवा गरी हे इश्वर, भगवान, कुलदेवता हामी तपाइको सेवाका लागि तयार छौं हामी सबैको कल्याण गर्नुहोस भनी मागलगीतबाट पाँचौ परिच्छेदमा व्यक्त गरिएको छ ।

छैटौ परिच्छेद उपसंहारका रूपमा रहेको छ । यसमा शोधको सारांश र निष्कर्ष दिएको छ । बझाङ जिल्लाको ग्रामीण बस्तीहरूमा लोकसाहित्यका लहरा भित्र परम्परादेखि प्रचलित संस्कारगत गीतहरू मध्ये मागलगीत मौखिक जीवित रहँदै हस्तान्तरण आएका छन् । मागलगीत नारीहरूद्वारा गाइने संस्कारगीत हो । यो जन्मावस्था जन्मदेखि विवाहसम्मका विभिन्न जीवन संस्कार र पर्व उत्सव यज्ञ पूजापाठ आदि अनेकौ शुभ अवसरमा गाइने गरिन्छ । परम्परागत बझाङी लोकरचना मध्येको सर्वाधिक वैशिष्ट बोकेको मागल बझाङ थलारा जीवनको अभिन्न अंग हो । यो मनोरञ्जनका लागि मात्र उपयोगी नभएर लोकजीवनलाई सुव्यवस्थित बनाउन पनि उपयोगी छ भन्ने तथ्य प्रकट हुन आएको छ ।

## ६.२ निष्कर्ष

भाषिक विविधता रहेको देश नेपाल अन्तर्गत सुदूरपश्चिमाञ्चलको बझाङ जिल्लाका ग्रामीण वस्तीहरूमा लोकसाहित्यका लहरा भित्र परम्परादेखि नै प्रचलित संस्कारगत गीतहरूमध्ये मागलगीतहरू मौखिक रूपमा जीवित रहँदै आएका छन् । एक पिँढीले दोस्रो पिँढीलाई हस्तान्तरण गर्दै आएको मागलगीत प्रायः नारीहरूद्वारा गाइने र नारीहरूद्वारा नै सिक्ने परम्परागत संस्कार गीत हो । यो जन्मावस्था, जन्मदेखि विवाहसम्मका विभिन्न जीवन संस्कारका षोडशकर्म भित्र र विभिन्न पर्व, उत्सव पूजापाठ आदि अनेकौ शुभ अवसरमा गाइने गरिन्छ । परम्परागत लोकसंस्कार बोकेको रचना मध्येको सर्वाधिक वैशिष्ट बोकेको मागलगीत बझाङ थलाराको जीवनको अभिन्न अंग हो । यो मनोरञ्जनका लागि मात्र नभएर लोकजीवनलाई सुव्यवस्थित बनाउन पनि उपयोगी छ । यसका विभिन्न पक्षहरूको अध्ययन विश्लेषण

गर्दा धार्मिक, सामाजिक, ऐतिहासिक, दार्शनिक, भाषिक, साहित्यिक, मनोवैज्ञानिक आदि दृष्टिकोणले यो अत्यन्त महत्त्वपूर्ण छ ।

मागलको प्रभाव प्रतिवाद विषय भक्ति वा शुभाशुभ गायन हो । यो नेपाली समाजमा कुनै पनि कार्य श्रीगणेश गर्दा मांगलिक कार्य सुरु गर्दा, मंगलाचरणबाट गरे झै बझाङ थलारा समाजमा पनि कुनै शुभकार्यको थालनी गर्दा मागलबाट सुरु गरिन्छ । लोकविश्वास, स्थानीय चलन, काल्पनिक कुरा नीति र उपदेश, व्यक्तिले गर्नु पर्ने कर्तव्य, नारी जीवनको कोमलता आदि जस्ता कुरालाई पनि आफ्नो विषयवस्तु बनाएको देखिन्छ । विभिन्न प्रकारका शुभकार्यको थालनी गर्दा आयोजना गरिने अनुष्ठानहरूमा कार्यारम्भका साथ नारी समुहद्वारा गाइने यस रचनामा सर्वप्रथम स्वयं गायिकाहरूबाट हृदय खोलेर शुभकामना दिएको पाइन्छ र सम्पूर्ण शुभेच्छाहरू पर्खदै देवी देवता, पितृहरूसँग खुसी (दाइना) सन्तुष्ट हुन अनुरोध गरिन्छ । प्राचीन मिथकमा वेदद्वारा अग्निको खोजीको नाराणद्वारा बह्मको खोजी गरी सम्पूर्ण मर्त्यलोकको कुरीति हटाई सभ्य र सु-सम्पन समाजको स्थापना, बालकदेखि वृद्धसम्म छोरीदेखि वुहारीसम्म साथै कुशल गृहणीले अपनाउनु पर्ने भूमिका र कर्मविधि मागलगीतमा समेटिएको हुन्छ ।

शारीरिक शान्तिबाट मुक्त दिलाउन होस् वा माानसिक शान्तिको स्थापना गर्न होस् संगितको साहारा विना लोकमानसमा यसका माध्यमबाट मानसिक शान्तिको खोजीमा लागेको बुझिन्छ । विविध शुभकार्यका वेदका ऋचाहरू सुन्दा सुन्दै बुझेका र नबुझेका कुराहरूका जोरजाममा जे जस्ता कुरा अंगिकार गरिए तिनकै प्रभावमा रचित, तथा परम्परित लोकवेदको अर्को नाम सगुन हो । त्यसैले यसलाई लोकसाहित्यको लोकगीत भन्न सुहाँउछ । लोकमन्त्र, लोककविता भन्दा लोकमन्त्र भन्न सुहाउदछ, लोकमन्त्र भन्दा लोकवेद भन्न सुहाउँछ ।

मागलको भाषाशैली सरल हुन्छ र कहीँ कहीँ प्रश्नोत्तर शैलीको प्रयोग पनि भएको हुन्छ भने अन्त्यानुप्रासयुक्त र अन्त्यानुप्रासहीन गीतहरूको प्रयोग पनि पाइन्छ । बझाङ लोकविश्वास, स्थानीय चालचलन, नीति र उपदेश काल्पनिकता जस्ता

कुराहरूलाई विषयवस्तु बनाएर मागलहरूको रचना गरिएको हुन्छ । यस्ता गीतहरूले आफ्नै प्रकारको महत्व लिएको छ । पुर्खौंदेखि अतिशयोक्ति पालामा राम, कृष्णका बाललीलाहरू, देवीदेवताको उत्पत्ति, स्नान, पुजाविधिको क्रम पद्धति सँगसँगै मग्ल्यारीहरूले मागल गाउने गर्दछन् । पुस्तौं पुस्तादेखि मानवी जीवनका कारुणिकता उमङ्ग र वेदनाहरू सालीचामल, कुश, पाती, जौं आदिको उत्पत्ति विकास कसरी भयो यो कहाँ पाइन्छ, भनेर जस्ता प्रश्नोत्तरका रूपमा गाइने मागलगीतले आज पनि समाजमा निकै ठूलो महत्त्व पाएको छ ।

त्यस्तै सासूबुहारीले ऐचोपैचो गर्ने काम, बाबु छोराको बीचमा लेनदेन, सासुले लिपपोत गर्ने, बुहारीले हेरी बस्ने, गाई आमाछोरी एकै ठेकीमा नदुहुने, मामा भानिज एउटै विस्तरामा सुत्न नहुने, जेठोभाइले काम गर्ने कान्छो भाइले राम नहेर्ने (रमिता नहेर्ने) मामा भान्जाले एउटै रथमा नजोत्ने आदि सामाजिक परम्परा बझाङ जिल्लाको थलारा क्षेत्रमा झिनो रूपमा यथावत रहेको छ । पितृहरूलाई देवी-देवता सरह मान्यता दिने, कुनै पनि शुभकार्यमा देवी देवतालाई सम्झने, विवाह व्रतबन्ध संस्कारमा वर वधुले कर्मकाण्ड र लोक मान्यतानुसार कर्तव्य पालना गर्नु पर्ने, परम्परागत संस्कार देखिनुको साथै बझाङ जिल्लाको थलारा क्षेत्रमा स्थानीय चालचलनलाई पनि मागलले आफ्नो विषयवस्तु बनाएको छ । स्वर्गको आभास र पृथ्वीका परिकल्पना, पृथ्वीबाट स्वर्ग जान निम्ति सुनको भऱ्याङ र स्वर्गबाट पृथ्वी आउन चाँदीको भऱ्याङ बनाइएको जस्ता काल्पनिक कुराको चित्रण मागलमा पाइन्छ । यसरी अनेकौ नैतिक औपदेशिक विचारहरू व्यक्त गरेर व्यक्ति समाज र परिवारलाई आध्यात्मिक दृष्टिले निश्चित मार्गनिर्देशन गर्ने काम मागलका माध्यामबाट प्रस्तुत गरिएको छ ।

व्यक्तिगत परिकल्पना र अनुभूतिमा नबगेर परम्पराले बुझाउँदै आएको नासो स्वरूप आज समाजले मान्दै आएका चाडपर्व, रीतिरिवाज, संस्कार र शुभकर्महरूमा महिलाहरूले कर्णप्रिय भाषामा माहुरीको भुनभुनाबट धुन जस्तै गरेर लामो लयहालेर, गुन्जाउदै आफ्नो मागलगीत गाउँछन् ।

समाजमा हस्तान्तरण भएर आएका मागलगीतमा कारुणिकता, सुखदु:ख, हाँसो आँसु, प्रेम, प्रणय मिलन, विछोडका भावहरू वृद्धमहिलाहरूले रातीको जागामा दु:ख परेको बेला इश्वर प्रतिको आस्था, संस्कारहरू रहेका र गएको पाइन्छ । डेउडा गीत झैं समय र परिस्थितसँग रचना गर्न नसकिने मागलगीतले परम्परादेखि नै चलिआएको हुन्छ । ग्रामीण भेगका उपभाषिका र भौगोलिक दुरताको कारणले पृथक भए पनि पूजन प्रक्रियामा एउटै रहेको हुन्छ ।

नेपाली ग्रामीण समाजमा प्रकृतिप्रतिको मोड सँगसँगै कर्मकाण्ड पद्धति अनुसार घरमा गुरु पुरोहित वोलाई कर्मनुसार मागलगीतहरू गाइने गरिन्छ । विशेष देवीदेवताका मठमन्दिरमा, विवाह, व्रतबन्धमा यज्ञभूमि पोत्दा, प्रदेशगमन गर्दा, चुडाकर्म, पास्नी घरको जग शिलान्यास गर्दा आदि यस्तै शुभकर्महरूमा ग्रामीण भेहका अशिक्षित नारीहरूले कन्ठास्त सुनाउने गर्दछन् । त्यस्तै गाउँमा मात्र नभएर जहाँ जहाँ बझाङवासी पुगेका छन् त्यहाँका पूजन क्रममा मागलहरू गाउने गर्दछन् । हिन्दूधर्मनुसार कुनै पनि शुभकार्यको प्रारम्भ मङ्गलाचरणबाट गरिएझैं बझाङ जिल्लामा कुनै पनि शुभकार्यको प्रारम्भ मागलगीतका साथ गरिन्छ । तीनजना नारीको समूहले गाउने मागलगीतहरू सबैले मौखिक रूपमा कन्ठास्थ गर्न नसक्ने हुनाले गाउँमा सीमित नारीहरू मात्र मागल गाउने मागलगीत मग्ल्यारीहरूले लामो भाका करुण भावमा मागलगीत गाउँदा रहस्य नबुझेका व्यक्तिहरू पनि लयबाट चाँडै आर्कषक हुन्छ ।

यसरी मागलगीतले समाजले परम्परागत रूपमा चलाउँदै आएका रीतिरिवाज चालचलन, भेषभूषा जस्ता संस्कार र संस्कृतिलाई सुरक्षित राख्नुका साथै पृथ्वीको इतिवृत्तिको इतिहास थाहा हुन्छ । गोपीचन्न जस्ता राजकुमारको भाग्य हेर्दा उक्त घटनाले ईश्वरप्रतिको आस्था र धर्मप्रतिको विश्वास, भाग्यको नियति आदि सबै कुरा रहे पनि अन्तिममा जीवन भनेको अस्तित्वबोध हो यहाँ जे पनि हुन सक्ने सम्भावनालाई अङ्गीकार गरको छ जीवन जीउनुका कारुणिकता पण्डितले गर्नु पर्ने पण्डित्याइँ, एक कुशल गृहणीले गर्नु पर्ने कर्तव्य पालना, छोराले बाबुआमा, राज्य र श्रीमती छोराहरूप्रति गर्नु पर्ने कर्तव्य परायणता आदि कुराहरूलाई सामाजिक प्रेरणा दिदै आएकाले बझाङ जिल्ला थलारा क्षेत्रका मागलहरूको आफ्नै महत्त्व रहेको छ ।

## परिशिष्ट

यस शोधपत्रका विभिन्न अध्यायहरूमा बझाङ जिल्लाका थलारा क्षेत्रका मागलगीतको बारेमा चर्चा परिचर्चा गरिसकेको छ । त्यस क्रममा बझाङ थलारा क्षेत्रका मागलगीत सङ्कलन वर्गीकरण र अध्ययनमा प्रयुक्त बझाङी भाषिकाका शब्दहरूको अर्थ नदिइएको हुँदा यहाँ ती गीतमा प्रयोग भएका स्थानीय बोलचालका शब्दहरूलाई वर्णानुक्रमअनुसार राखी तिनको मानक नेपाली अर्थ दिने प्रयास गरिएको छ ।

| **बझाङी शब्द** | **मानक नेपाली अर्थ** |
| --- | --- |
| अ | |
| अङरी | आङ |
| अनाइ | ल्याउने काम |
| अनार | अनुहार |
| अव्याउ | कन्याकेटी, विवाह नभएको कन्या |
| अगुठा | औंला |
| अंगुली | औंला |
| अंजुली | दुईहात जोडने काम |
| आ | |
| आउन | आउन |
| आगनी | आगन |
| आङ | शरीर |
| आनी | ल्याउनु |
| आसन | वस्नेठाउँ |
| इ | |
| इचली | इल्चा (डीड) |
| इजा | आमा |

| | |
|---|---|
| इजु | आमा |
| इनरी | एक किसिमको फल (खाँदा नमीठो हुने) |

<u>ओ</u>

| | |
|---|---|
| ओछ्याउनु | विछ्याउनु |
| ओल्ली | ओरल्नु |

<u>औं</u>

| | |
|---|---|
| औठी | अगौंठी (हातका औलामा राख्ने) |
| औणी | भाग्य विग्रेने काम |

<u>क</u>

| | |
|---|---|
| कतिया | कति |
| कनतनु | कसले |
| कन्या | कुमारी |
| कपिला | कामधेनुगाई |
| कराही | तेलराखेर पकवान पकाउने भाडो |
| कोठाई | कोठा |
| कोसेली | विवाह जानु भन्दा पूर्व दिनमा सुचना गर्ने व्यक्ति |
| कैली | खहिरो रङ्ग (गाई) |
| क्याउ | के हो ? |

<u>ख</u>

| | |
|---|---|
| खुलासा | खुलाभएको |

<u>ग</u>

| | |
|---|---|
| गवलु | गाई (बाच्छो पाएको) |
| गडा | खेत |
| गाड | खोला |

<u>घ</u>

| | |
|---|---|
| धागरी | पहाडी भेगमा आइमाइले पहिरने एक किमसिको वस्त्र |

<u>च</u>

| | |
|---|---|
| चउडेला | चउर |

| | |
|---|---|
| चरक | गाई मरेपछि काटने परम्परा |
| चखायो | खुवायो |
| चलाइहोइझाउ | आउने काम |
| चौरडी | चारैतिर खुलाभएको चौर |

<u>ज</u>

| | |
|---|---|
| जताई | काम लगाउनु |
| जमात | समुह |
| जसा | उस्तै |
| जीवजीब | जलथल चिन्न नसकिने |
| जियाउ | वज्यै |
| जोइसी | ज्योतिष |
| जोलन | एकजोर |
| जोगेडा | जोगी |
| ज्वाल्या | सँगसँगै |

<u>झ</u>

| | |
|---|---|
| झानो | जानेकाम |

<u>ठ</u>

| | |
|---|---|
| ठेला | काठको वस्ने बनाएको पिर्का |

<u>त</u>

| | |
|---|---|
| ताई | तेल राखेको भाडो |
| ताउली | ठूलो आकारको भाडो |

<u>द</u>

| | |
|---|---|
| दादै | दादा/दाजु |
| दिन्ना | दिने काम |
| दुना | पातबाट बनाएको कचौरा |
| दुलगेडो | दुलहा |
| देउ | दिनु |
| देलो | ढोका |

| | |
|---|---|
| दौराला | दाउराको काम गर्ने |

---

घ

| | |
|---|---|
| धाँगडो | जोगीको सेवक |
| धाया | काम गरेको |

न

| | |
|---|---|
| नङगरका | लोकका सम्पूर्ण मानिस |
| निउरी | झुक्नेकाम |
| निगाला | पहाडी भेगमा पाइने एक किसिमको झाङ्ग |

प

| | |
|---|---|
| पइल्ली | पहिलो (सर्वप्रथम) |
| पत्यारा | पातल्याउने व्यक्ति |
| पश्चन | ज्योतिषले हेराउने काम |
| पाटाखानी | सार्वजनिक स्थल |
| पाण | घरको माथिल्लो तला |
| पाल्ता | पातलाई वुनेर बनाएको कचौरा जस्तो थाल |
| पुली | दाउरा बानेको समूह |
| पैला | पहिले |
| पैवारा | पालो-पालो |
| पौची | पुग्नु |

ब

| | |
|---|---|
| बटक्या | कचौरा |
| बटुली | बाटोलाग्नु |
| बालो | बालक |
| बैन्याला | आमाकी बहिनीका छोराहरू |
| व्याउली | दुलही |
| व्याउला | दुलहा |

भ

| | |
|---|---|
| भरन्नी | भर्ने काम |
| भयालु | भाइ |
| भाजी | बहिनी |
| भाडी | बगैचा |
| भीक | भीक्षा |
| भैया | भाइ |

म

| | |
|---|---|
| मजेली | घरको गोप्य कोठा |
| मग्ल्यारी | मागल गीत गाउने आईमाईको समूह |
| मन्त्रालोक | मानिस रहेको लोक |
| माथ | शिर |
| मास | महिना |
| मार्का | कुकुर |
| मुसल | काठको धान कुटन बनाएको आरा |

ल

| | |
|---|---|
| लगन | शुभमुहुर्त (हेर्नेकाम) |
| लडेली | प्यारी |
| लल्लरी | विभिन्न बुट्टा भएको कपडा |
| लोटा | जगजस्तै पानी खाने अँखोरा |

स

| | |
|---|---|
| सजर | ढोकालाई झोप्न बनाएको काठ |
| समाइय | समात्नु |
| सयाना | सहनु |
| साक | साछी |
| साच्नु | बचाइराख्नु |
| सिन्की | दुना टपरी लगाउन बनाइने काठको सीया जस्तै भाग |

| | |
|---|---|
| सुनिवोल | शुद्ध बोल्नु |
| सुरेज | सूर्य |
| सेज | सँगै सुत्नेकाम (विस्तरा) |
| स्वाँडा | घरको आगन |

ह

| | |
|---|---|
| हमरा | हाम्रा |
| हरानी | हराउने काम |
| हरिना | हरीण |
| हीया | हृदय |
| होरो | भाग्य |

## सन्दर्भग्रन्थ सूची

उपाध्याय, विष्णुभक्त (२०५८), **बझाङ थलाराका प्रमुख फागहरुको सङ्कलन र विश्लेषण,** अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

उपाध्याय, रामप्रसाद (२०५५), **बझाङी डेउडागीतको अध्ययन,** अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

जि.शि.का. (२०५९), **शैक्षिक अवस्थाको विवरण,** बझाङः जिल्ला शिक्षा कार्यालय ।

जोशी, गोकुलराज (२०५९), **वझाङी जिल्लाको लोकसाहित्य अर्न्तगत गाँउखाने कथा** अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

जोशी, हितराज (२०६१), **बझाङी संस्कृतिमा भु ओगीतको अध्ययन,** अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

जैशी, प्रेमराज (२०५८), **बझाङी धमारीको अध्ययन,** अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

दौल्याल, विष्णुबहादुर (२०६५), **बझाङ थली नौविसमा प्रचलित मागलको अध्ययन,** अप्रकाशित शोधपत्र, स्नातकोत्तर नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं ।

पन्त, देवकान्त (२०३२), **डोटेली लोकसाहित्य (एक परिचय),** नेपाल र एशियाली अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पन्त, जयराज (२०५४), **अँजुली भरी सगुन र पोल्टा भरी फाग,** काठमाडौंः ने.रा.प्र.प्र. ।

नेपाल, पूर्णप्रकाश (यात्री) (२०३५), **सेती अञ्चलको दिग्दर्शन र सेतीको नालीवेली,** विराटनगरः हिमालय सौगात प्रकाशन ।

बन्धु, चुडामणी (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौंः एकता बुक्स ।

श्रेष्ठ, तेजप्रकाश (२०४४), **अछामी लोक साहित्य,** काठमाडौंः रत्नपुस्तक भण्डार ।